# संक्षिप्त तथ्यांक विवरण

## १. राजनैतिक तथा प्रशासनिक सिमाना

| | |
|---|---|
| पूर्व तर्फः | बयरवन र केरौन गाविस. |
| पश्चिम तर्फः | कसेनी र डागीहाट गाविस |
| उत्तर तर्फ : | डागीहाट गाविस |
| दक्षिण तर्फः | बवियाविर्ता र होक्लावारी गाविस |

## २. राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| निर्वाचन क्षेत्र नं.: | ३ |
| इलाका नं.: | ६ |
| वडाहरु : | ९ |

## ३. भौगोलिक अवस्था/ क्षेत्रफल

| | |
|---|---|
| भौगोलिक अवस्थाः | तराई (समतल) |
| क्षेत्रफलः | ४३.८ वर्ग कि.मी. |
| सिंचित जग्गा : | १५०० हे |
| असिंचित जग्गाः | १००० हे. |

## ४. जनसंख्या

| | |
|---|---|
| कुल जनसंख्याः | १४५४४ |
| महिलाः | ७०७३ |
| पुरुषः | ७४७१ |
| घरपरिवार संख्या : | २८१० |
| आदीवासी जनजाती संख्या | ७८१५ |
| दलित संख्या | ११३० |
| मधेशी पिछडावर्ग संख्या | ५८३ |
| अन्य जाती संख्या | ५०३६ |
| सरदर परिवार संख्याः | ५.१८ |
| जनसंख्या बृदिदर | २.१२ प्रतिशत |
| लैङ्गिक अनुपात | १०५.६ जना |
| जनघनत्व प्रति वर्ग कि.मी. | ३३२ जना |
| उमेर पुगेर पनि नागरिकता नलिने | २१५७ जना |
| जन्मदर्ता नभएको (सोह्र वर्ष मुनि) | ९११ बालबालिका |
| अपाङ्गताको संख्या | ११७ |

## ५. धर्मको आधारमा जनसंख्या

| | |
|---|---|
| हिन्दु | ९५.३७ प्रतिशत |
| किरात | १.९० प्रतिशत |
| इस्लाम | ०.३० प्रतिशत |

| | |
|---|---|
| अन्य | ०.६ प्रतिशत |

**६. प्रमुख भाषा :** नेपाली, थारु, मैथिली, खवास, नेवार, राजवंशी आदि

**७. शैक्षिक स्थिति**

| | |
|---|---|
| कुल साक्षरता: | ६६.३२ % |
| पुरुष | ७४.९८ % |
| महिला | ५७.२२ % |
| आदीवासी जनजाती | ६२.८९ % |
| दलित जाती | ४१.४३ % |
| मधेशी पिछडावर्ग | ६८.०२ % |
| अन्य जाती | ७६.९२% |
| बालविकास केन्द्र | ८ वटा |

**८. कृषि पशुपालन**

| | |
|---|---|
| कृषि तथा पशुपालनमा संलग्न | ४३४४ जना |
| रोजगारीको लागि विदेश गएका | ७९३ जना |
| आफ्नो स्वामित्वमा जमिन हुने | २१५२ घरपरिवार |
| अरुको जग्गा कमाइ गर्ने | १५६ घरपरिवार |
| पशुपंक्षी पालन गर्ने | २३१५ घरपरिवार |
| ३ महिनासम्म खाद्यान्न पुग्ने | १९९ घरपरिवार |

**९. यातायात तथा संचार**

| | |
|---|---|
| ग्रावेल सडक: | ६० कि.मी. |
| कच्ची | ३० कि.मी. |
| टेलिफोन वा मोवाइल सुविधा भएको | १३८४ घरपरिवार |

**१०. आवास**

| | |
|---|---|
| कच्ची घरपरिवार | १६२३ |
| अर्धपक्की/काठको घरपरिवार | १००३ |
| पक्की घरपरिवार | १५१ |
| अन्य घरपरिवार | ३३ |
| जोखिममा रहेको घरपरिवार | ६३७ |

**११. स्वास्थ्य र खानेपानी**

| | |
|---|---|
| नजिकको स्वास्थ्य सेवा पुग्न आधाघण्टा - | |
| भन्दाबढी समय लाग्ने घरपरिवार | २२९६ |
| एचआइभी एड्सबारे जानकारी नभएको परिवार | ४२.५ प्रतिशत |
| खानेपानी (उपभोग):ट्यूवेल | २७०९ घर परिवार) |
| शौचालय नभएको घरपरिवारको प्रतिशत: | ६३ प्रतिशत |

## १२. उर्जा

| | |
|---|---|
| विद्युत सेवा पुगेको घरपरिवारः | ६९% |
| दाउराबाट खाना पकाउने घरपरिवार | ७४.६% |
| ग्याँसबाट खाना पकाउने घरपरिवार | ५.४% |
| गोबर ग्यासबाट खाना पकाउने घरपरिवार | ७.९% |
| मट्टितेलबाट खाना पकाउने घरपरिवार | १.४% |

## १३. सामाजिक सुरक्षा

| | |
|---|---|
| जेष्ठ नागरिक | ३८९जना |
| जेष्ठ नागरिक दलित | ८ जना |
| एकल महिला | १३३ जना |
| दलित बालका | ४० जना |
| दलित बालिका | ४५ जना |
| अपाङ्ग | २० जना |

## परिच्छेद एक

### १.१ पृष्टभुमी (Background)

नेपालको सन्दर्भमा गाउँ विकास समिति ग्रामीण भैगको स्थानीय सरकार हो । यसले स्थानीयस्तरमा जनतालाई तोकिएको सेवाहरु प्रवाह गर्दछ । नेपालमा रहेका गा.वि.स.हरु स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा यस अन्तर्गत जारी भएका नियामावलीहरुद्धारा निर्देशित भएका छन् । यस ऐन तथा नियमावलीमा गाउँ विकास समितिहरुले वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । वस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु पर्दछ । संकलन गरिएका सूचनालाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले गा.वि.स. लगायत अन्य सरोकारवालाहरुलाई विकास क्रियाकलाप संचालन गर्न ठुलो सहयोग पु-याउँदछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजविज वारेको तथ्य वा विस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । संकलनका आधारमा यी दुई प्रकारका हुन्छन् - प्राथमिक र द्धितीय सूचना । प्राथमिक सूचना आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरिन्छ भने अरुले संकलन गरेको सूचनालाई द्धितीय सूचना भनिन्छ । यी सूचनाहरुलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरु सूचना व्यवस्थापन अर्न्तगत पर्दछन । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस भन्ने उद्द्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनु पर्दछ । सूचना व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रामा दिँदा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन गरिनु पर्दछ ।

गाउँको विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय निकायको भूमिका बढिरहेको सन्दर्भमा गाउँमा विकास सम्बन्धी सूचना व्यवस्थापन गा.वि.स.ले गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । तर हालसम्म गा.वि.स.को वस्तुगत विवरण तयारीका लागि स्पष्ट खाका नभएको हुनाले तयार गर्न चाहने तथा प्रयास गर्ने गा.वि.स.हरुका वस्तुगत विवरणहरु अपूर्ण र एकरुपताको अभावका कारण विभिन्न कार्यमा कठिनाई उत्पन्न भएको देखिन्छ ।

गा.वि.स.का विविध पक्षहरुको वास्तविक स्थितिको तथ्यांक र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत यसले सहयोग पुग्दछ ।

## १.२ अध्ययनका मुख्य उद्देश्यहरुः (Main Objectives of the Study)

वस्तुगत विवरण अध्ययनको उद्देश्यहरु निम्नानुसार छन् :

- गा.वि.स.को वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्दत पुग्ने,
- गा.वि.स.बाट संकलित तथ्यांकहरु जिल्ला तथा केन्द्रमा व्यवस्थापन गर्न एकरुपता आउने,
- स्रोत, साधन र सीपको पहिचान गरी त्यसको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरुबाट वच्ने उपायहरुको खोजी गर्न सकिने,
- भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक र मानवीय जीवनका हरेक पक्षहरुका वारेमा जानकारी प्राप्त हुने हुनाले संचालित कार्यक्रमको समीक्षा गरी सुधार, समायोजन वा परिवर्तन गर्न र नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण *(Feedback)* प्राप्त हुने,
- नवीन सोंच र चिन्तनको सम्भावनाका लागि मार्ग प्रशस्त हुने,
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण हुने,

## १.३ अध्ययनको महत्व (Importance of the Study)

विकासका प्रतिफलहरु जनसमक्ष पुऱ्याउन एवं सबै वर्गले उपयोग गर्न सक्ने वातावरणकोश्रृजना गर्नका लागी स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आवश्यक हुन्छ । आजको विश्वव्यापीकरण (Globalization) को यूगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरु अगाडी बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थति पहिचान गरी भावी विकास योजना र रणनीतिहरु तर्जुमा गर्न तथा विभिन्न विकासका कियाकलापहरु संचालन गर्न विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनूसन्धानकर्ता, योजनाकार, विकास चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व व्यापक रहेको छ ।

## १.४ अध्ययनको औचित्य (Significance of the Study)

नेपाल सरकारले स्थानीय निकाय अर्न्तग गाविसहरुलाई दिइदै आएको विकास अनुदानमा पांच लाखबाट बढोत्तरी गरी आर्थिक वर्ष ०६५/०६६ देखि न्यूनतम १५ लाख देखि अधिकतम ३० लाख सम्म पु-यानुका साथै गाविस अनुदान प्रणाली गाविसको कामको आधारमा धेरथोर हुने गरी सरकारले सोही आर्थिक वर्ष गाविसहरुको न्यूनतम शर्त मापनका सूचकहरु लागु  गरेको छ । ती सूचकहरु मध्ये हरेक गाविसले आफ्नो क्षेत्रको वस्तुगत विवरण, श्रोत नक्शा तयार गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ । जसको कारण आर्थिक वर्ष ०६७/०६८ मा यसको मुल्याकंन गरिने हुदा वस्तुगत विवरण अध्ययनको आवश्यकता भएको हो । गाविसले वस्तुगत विवरणको आधारमा श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवं् अनुगमन मुल्याकंनका साथै नीति नियम तर्जुमाको सहयोगी हुने हुदां पनि यसको अध्ययन अपरिहार्य हुन गएको हो ।

## १.५ अध्यन विधि (Methods of the Study)

गा.वि.स.को वस्तुगत विवरणको ढाँचा तयारीका लागि हाल तयार भएका विभिन्न वस्तुगत विवरणहरुको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका लक्ष्य तथा सूचकहरुको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन, आवधिक गाउँ विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि सामग्रीहरुको अध्ययन, विभिन्न जिल्लाका गा.वि.स.हरुको स्थलगत अध्ययन, यस क्षेत्रमा कार्य गरेका विज्ञहरुसँग गरेको परामर्श आदि प्रमुख हुन् ।

उल्लेखित ढाचा अनुसार पार्श्वचित्र तयारीको लागि विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ । यस क्रममा घरधुरी सर्वेक्षण, समुहगत छलफल तथा अर्न्तक्रिया लगायत सामाजिक अध्ययन विश्लेषणका विवरणात्मक र विश्लेषणात्मक शैलीहरुको उपयोग गरिएको छ । यसैगरी जल्लामा तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्धितीय सूचनाका श्रोतहरु, विभिन्न संघसंस्थाका प्रतिवेदनहरुको समेत अध्ययन विश्लेषण गरी समग्र गाविसको अवस्था झल्कने गरी सिंगो पार्श्वचित्र तयार गर्ने प्रयास गरिएको छ ।

## १.६ तथ्याक विश्लेषण प्रस्तुति (Analysis & Presentation)

यो प्रोफाइल तयारीको क्रममा सूचना तथ्याघरधुरी सर्भेक्षणबाट प्राप्त भएका तथ्यांकलाई **CSPro 3.3** सफ्टवेयरमा डाटा इन्ट्री गरी तथ्यांकको विश्लेषण सामाजिक विज्ञानको तथ्यांकीय कार्यक्रमको विधि (SPSS 11.2) बाट विश्लेषण गर्ने काम गरिएको छ । प्राथमिक तथ्यांकको विश्लेषणको लागि घरधुरीलाई मुख्य गरेर वार्ड र जातीयताको आधारमा वर्गीकरण गरिएको छ भने सहभागीतामुलक विधिद्धारा प्राप्त सुचना/तथ्यांकलाई विश्लेषण गरी प्राप्त सुचनालाई नक्शामा, तालीकामा, चित्रमा, वृत्त चित्रमा प्रस्तुत गरिएको छ । घरधुरी सर्भेक्षणबाट प्राप्त सुचनालाई वर्णनात्मक तथ्यांकीय विधिबाट विश्लेषण गरियो । गा.वि.स.को समग्र स्थितिको विश्लेषण गरी प्रतिवेदन तयार पार्ने क्रममा वार्ड नम्बर र जातीय बनावटलाई मुख्य सुचकको रुपमा प्रयोग गरिएको छ ।

## १.७ अध्ययन क्षेत्र र सिमा (Scope & Limitations)

यस प्रोफाईलको अध्ययन क्षेत्र विस्तृत भएको हुदा अध्ययनको उदेश्यलाई नै मुख्य क्षेत्रको रुपमा लिईएको छ । साधन, श्रोत, समय, लागत, सूचना लगायत अन्य कुराहरुको सिमितताको कारणले गर्दा जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाधिएको हुन्छ । यस अध्ययनमा स्थानीय विकास मंत्रालयले उपलब्ध गराएको मार्ग दर्शन र ढांचा अनुसार तयार गरिएको आधारभुत सर्वेक्षणवाट प्राप्त तथ्याङलाई नै यस अध्ययनको मुख्य सिमाक्षेत्र मानिएको छ (अनुसूची १) । आधारभूत परिवार सर्भेक्षणका अलावा द्धितीय श्रोतबाट समेत सूचना संकलन गरिएको छ । यसका लागि तालिकीकरणमा सहज हुने गरी प्रश्नावली तयार गरिएको छ (अनुसूची २) ।

# २ परिच्छेद दुई: गाविसको परिचय

## २.१ भौगोलिक अवस्थिति

मोरङ जिल्लाको ६५ गाविसहरु मध्ये बिच क्षेत्रमा उत्तर दक्षिण फैलिएर रहेको अंग्रेजीको जे आकारको रुपमा रहेको छ । यस गाविसको पुर्वमा केरौन र बयरवन पश्चिममा कसेनी र डागीहाट उत्तरमा डागीहाट र दक्षिणमा बवियाविर्ता र होक्लावारी गाविसहरु पर्दछन् । समुन्द्र सतहबाट ३४२ फिटको उचाई अवस्थित यो गाविसको अक्षांश २६$^{\circ}$ ३५' २३" उत्तर र देशान्तर ८७$^{\circ}$ २७' ०९" पूर्वमा फैलिएर रहेको छ । यस गाविसको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग कृषि क्षेत्रले ओगटेको छ । यसको कुल क्षेत्रफल ४३.८ वर्ग कि.मी.मा फैलिएको छ (श्रोत: जिल्ला पार्श्वचित्र, २०६४) ।

## २.२ गाविसको ऐतिहासिक पृष्ठभूमि :

ऐतिहासिक कथनका आधारमा मानव वस्ती बस्नु अघि तराईको सम्पुर्ण क्षेत्र घना जंगलले ढाकिएको थियो । झोडाको फडानी पछि यस स्थानमा मानववस्तीको शुरुवात भएको हो । वि.सं. १९६८ तिर वडा नं ७ को सिरानतिर एकजना विधवी बाहुनी महिलाले चिया पसल गरी बस्ने र सो ठाउँ विस्तारै बजार क्षेत्रको विकास र विस्तार भएको मानिन्छ । यसरी विस्तार भएको बजारलाई बाहुनी भन्न थालीए पछि यसैको नामबाट गाविसको नाम पनि "बाहुनी" रहेको हो भन्ने भनाई यहांका इतिहासका बुद्धिजिवी तथा समाजसेवीहरुको रहेको छ ।

## २.३ गाविसमा रहेको सम्भावना र अवसर

मोरङ जिल्लाको सदरमुकाम विराटनगर देखि उत्तर पूर्व क्षेत्रमा पर्ने यो गाविस समग्र जिल्लाको बिच भागमा अवस्थित छ । यस गाविसको मुख्य संभावना वा अवसर भनेको कृषि उत्पादन नै हो । यहांका अधिकांश मानिसहरु कृषक भएको हुदां खाद्यन्न वाली उत्पादनमा उर्वर भुमि भएको यो गाविसमा मुलत फलफुल लगायत मौसमी र बेमौसमी तरकारी खेतीको प्रवल संभावना र अवसरहरु रहेको छ । हाल भैरहेको निर्वाहमुखी तरकारी खेतीलाई व्यवसायमुलक बनाउन सकेको खण्डमा यहांको मानिसहरुको जिवनस्तर उकास्न धेरै समय पर्खनु पर्दैन । हाल बढ्दो विषादीयुक्त बजारको तरकारीले मानिसहरुको स्वास्थ्यमा प्रतिकुल असर पु-याईरहेको छ । मानिसहरु बढि मुल्य तिरेर प्राङ्गरिक र परम्परागत मलद्धरा उत्पादित वस्तुहरुको खोजीमा छन् ।

यसैगरी यस गाविसमा घरेलु तथा साना उद्योगहरुको प्रसस्त संभावना रहेको छ । विराटनगर लगायत बेलवारी, विराटचौक, इटहरी, धरान, उर्लावारी, दमक आदी ठुला बजार क्षेत्रहरुको सहज आवागमनको सुविधा भएकोले कृषिजन्य उत्पादनका साथै घरेलु सामाग्री बिक्रीको सहज वातावरण रहेको छ । स्थानीय सिप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सर्न्दभमा गुणस्तरयुक्त वस्तुहरुले राम्रै गरी स्थान पाउछन् ।

## २.४ गाविसको समस्या र चुनौति

यस गाविसको आन्तरिक श्रोतमा कमी लगायत पूर्वाधार विकास, सामाजिक विकास थुप्रै समस्याहरु रहेका छन् । गाविसको आवधिक योजना नहुदां विकासका आधारस्तभ खडा गर्न सकिएको छैन भने अर्कोतिर प्रयाप्त सूचना व्यवस्थापनको अभावमा क्षेत्रगत विकासका कार्यक्रम (महिला, बालबालिका, दलित, आदिवासी जनजाती, पिछडावर्ग) हरुको संचालनमा एकरुपता कायम गर्न

असजिलो भएको छ । नदि कटान लगायत कृषि विकासको लागि प्याकेज कार्यक्रम नहुदां व्यवसायिक खेती प्रणालीको विकास र विस्तार न्यून रहेको छ ।

आन्तरिक श्रोत अभिबृद्धि, सरसफाइ तथा खानेपानी, मालपोत अभिलेख, गरिबी नक्शाकंन, भूउपयोग प्रणाली, सूचना प्रवाह, सहभागितामुलक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन व्यवस्था आदी गाविसका मुख्य चुनौतीको रुपमा उभिएका छन् । जसको व्यवस्थापन बिना सन्तुलित विकासको परिकल्पना असम्भव छ ।

## २.५ गाविसको अन्तर सम्बन्ध

यस गाविसको अर्न्तसम्बन्ध विशेषगरी छिमेकी गाविसहरु कसेनी, केरौन, डागीहाट, बयरवन भन्दा पनि बेलवारी, उर्लावारी, इन्द्रपुर आदी गाविसहरु संग बढी मात्रमा अर्न्तनिर्भर रहेको छ । गाविसलाई आवश्यक सामाग्री लगायत उपभोग्य वस्तुहरुको आपूर्ति धेरै मात्रमा यिनै स्थानहरुबाट हुने गर्दछ । यसपछि सदरमुकाम विराटनगर लगायत अन्य क्षेत्रमा समेत अर्न्तनिर्भर रहेको छ । केराखेतीमा निकै राम्रो रहेको यो गाविसबाट उत्पादित वस्तुहरु काठमाण्डौसम्म निर्यात हुने गर्दछ ।

# ३ परिच्छेद तीनः आधाभूत तथ्यांक विश्लेषण

## जिल्ला : मोरङ्ग गा. बि. स. बाहुनी

**जिल्ला कोड :** ०५ **गा. बि. स. कोड :** १७

तालीका नं.१ गा.वि.स.को आधारभूत तथ्याङ्क विवरण

| वडा नं. | वस्तीको कोड नं. | टोल वस्तीको नाम | घर परिवार संख्या | लिङ्ग | | जम्मा | औषत परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | | |
| १ | १ | तिन खुटिया | २१९ | ५५९ | ५३३ | १०९२ | ४.९९ |
| | २ | ऐलानी टोल | ३१ | ६१ | ७५ | १३६ | ४.३९ |
| | ३ | भक्का चोक | ३९ | ८१ | ८६ | १६७ | ४.२८ |
| | ४ | दुधाटोल | ४४ | ९६ | ८५ | १८१ | ४.११ |
| २ | ५ | बनोल | ८७ | २०५ | १८४ | ३८९ | ४.४७ |
| | ६ | जरुवा टोल | ८५ | २३२ | २३७ | ४६९ | ५.५२ |
| ३ | ७ | धैती टोल | १८ | ४७ | ४० | ८७ | ४.८३ |
| | ८ | बंगालादेश | १९९ | ४७१ | ४६१ | ९३२ | ९.०६ |
| | ९ | सोमबारे | ४७ | १३८ | १२९ | २६७ | ५.६८ |
| | १० | जीतपुर | ७७ | १६२ | १७२ | ३३४ | ४.३४ |
| ४ | ११ | गिरी टोल | १२ | ३० | २९ | ५९ | ४.९२ |
| | १२ | हल्दीवारी(सुवेदार) | ७४ | २०६ | २०४ | ४१० | ५.५४ |
| | १३ | भाटि बाहुनी | ५० | १५६ | १४४ | ३०० | ६ |
| | १४ | ऐलानी टोल | ३९ | ९७ | ८७ | १८४ | ४.७२ |
| | १५ | थान टोल | ४० | १०० | ९१ | १९१ | ४.७८ |
| ५ | १७ | माझ बाहुनी | १२ | २९ | ३४ | ६३ | ५.२५ |
| | १८ | डांगी टोल | ७३ | २१५ | १९८ | ४१३ | ५.६६ |
| | १९ | सतार टोल | १६ | ४४ | ३६ | ८० | ५ |
| | २० | काफले टोल | ३७ | १०६ | ९२ | १९८ | ५.३५ |
| ६ | २१ | बुधनगर | ५ | २२ | १६ | ३८ | ७.६ |

| वडा नं. | वस्तीको कोड नं. | टोल वस्तीको नाम | घर परिवार संख्या | लिङ्ग | | जम्मा | औषत परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | २२ | खडका टोल | १५ | ४२ | ३४ | ७६ | ५.०७ |
| | २३ | पश्चिम माझ बाहुनी | १८ | ४८ | ३४ | ८२ | ४.५६ |
| | २४ | बेलगाछी | २७ | ७० | ५७ | १२७ | ४.७ |
| | २५ | कोइरी टोल | ६ | १३ | १८ | ३१ | ५.१७ |
| | २६ | माझ बाहुनी उतर टोल | १८ | ५४ | ४७ | १०१ | ५.६१ |
| | २७ | माझ बाहूनी बजार | ६८ | १६३ | १७२ | ३३५ | ४.९३ |
| | २८ | माझ बाहुनी पूर्व टोल | २९ | ६८ | ६९ | १३७ | ४.७२ |
| | २९ | माझ बाहुनी पश्चिम | ९१ | २५० | २३२ | ४८२ | ५.३ |
| | ३० | नेवार टोल | १८ | ५६ | ४८ | १०४ | ५.७८ |
| | ३१ | मुसहरी टोल | ७ | ३४ | २२ | ५६ | ८ |
| | ३२ | केरा टोल | ६५ | १५४ | १४८ | ३०२ | ४.६५ |
| ७ | ३३ | शान्ति टोल | ८ | ३३ | २६ | ५९ | ७.३८ |
| | ३४ | सुवेदार टोल | ३३ | ८० | ८७ | १६७ | ५.०६ |
| | ३५ | हाट टोल | १२३ | ३२७ | ३१२ | ६३९ | ५.२ |
| ८ | ३६ | दौलतपुर | १६२ | ४२७ | ४०२ | ८२९ | ५.१२ |
| | ३७ | कदम चोक | ६९ | १८४ | १८० | ३६४ | ५.२८ |
| | ३८ | केरा टोल | ४३ | १०४ | ११२ | २१६ | ५.०२ |
| | ३९ | बजगाई टोल | २७ | ६३ | ५८ | १२१ | ४.४८ |
| | ४० | सागंली नार टोल | ७६ | २१६ | २०२ | ४१८ | ५.५ |
| ९ | ४१ | बरियाती झार | १०२ | २९० | २७६ | ५६६ | ५.५५ |
| | ४२ | राधानगर | २१४ | ६०३ | ५७३ | ११७६ | ५.५ |
| | ४३ | त्रिबेनी चोक | ५७ | १६० | १५१ | ३११ | ५.४६ |
| | ४४ | शन्तिनगर | २९ | ९३ | ६८ | १६१ | ५.५५ |
| | ४५ | दोगडे | ८९ | २३६ | २२७ | ४६३ | ५.२० |

| वडा नं. | वस्तीको कोड नं. | टोल वस्तीको नाम | घर परिवार संख्या | लिङ्ग | | जम्मा | औषत परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | ४६ | सुकुना टापु | ५० | १५१ | १३३ | २८४ | ५.६८ |
| | ४७ | गौथली चोक | १२३ | ३९५ | ३५९ | ७५४ | ६.१३ |
| | ४८ | पेट्रोल खानी | ३९ | १०० | ९३ | १९३ | ४.९५ |
| **जम्मा** | | | २८१० | ७४७१ | ७०७३ | १४५४४ | ५.१८ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

समग्रमा यस गाविसको आधारभुत तथ्यांक माथिको तालीकामा उल्लेख गरिएको छ। यसमा जम्मा ४८ वटा टोल वा वस्तीहरु रहेका छन्। यिनीहरुमध्ये सवैभन्दा ज्यादा वस्ती भएको वडा भने वडा नं. ६ हो, जुन वडामा जम्मा १२ वटा टोलहरु रहेका छन् भने यस गाविसको वडा नं. २ मा जम्मा २ वटा मात्र वस्तीहरु रहेको देखिन्छ। वस्तीहरु धेरै वडा नं. ६ मा भएतापनि जनसंख्याको हिसाबले वडा ९ मा धेरै जनसंख्या रहेको छ।

# १ जनसंख्या विश्लेषण

## १.१ जनसंख्याको अवयव

### १.१.१ जनसंखीय अवस्था

यस गाविसको हालको कुल जनसंख्या १४ हजार ५ सय ४४ जना रहेको छ जसमा महिला ७ हजार ७३ जना र पुरुष ७ हजार ४ सय ७१ जना रहेको छ। वि.सं. २०५८ सालको जनगणना अनुसार यहांको जनसंख्या १२ हजार २ सय ७७ थियो जसमा महिला ६ हजार ३ सय १९ जना र पुरुष ५ हजार ९ सय ५८ जना रहेको थियो । संख्यागत रुपमा विगत आठ वर्षको अन्तरालमा यस गाविसको जनसंख्या २ हजार २ सय ६७ जनसंख्या बढोत्तरी भएको छ। तलको तालीकामा यस गाविसको वि.सं २०५८ जनगणना र २०६६ सालका आधारभुत सर्वेक्षण अनुसारको जनसंख्या र घरपरिवार संख्या दिइएको छ।

**तालीका नं. २ जनसंख्याको तलुनात्मक विवरण**

| वडा नं. | लिङ्ग (२०६६) पुरुष | लिङ्ग (२०६६) महिला | जम्मा | घरपरिवार संख्या | औषत परिवार संख्या | लैङ्गिक अनुपात | लिङ्ग (२०५८) पुरुष | लिङ्ग (२०५८) महिला | जम्मा | घर परिवार संख्या (२०५८) | वार्षिक जनसंख्या बृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७९७ | ७७९ | १५७६ | ३३३ | ४.७३ | १०२.३१ | ७४७ | ८०३ | १५५० | ३२५ | ०.२१ |
| २ | ४३७ | ४२१ | ८५८ | १७२ | ४.९९ | १०३.८० | ३८४ | ३९० | ७७४ | १४९ | १.२९ |
| ३ | ८१८ | ८०२ | १६२० | ३४१ | ४.७५ | १०२.०० | ६४१ | ७२५ | १३६६ | २९९ | २.१३ |
| ४ | ५८९ | ५५५ | ११४४ | २१५ | ५.३२ | १०६.१३ | ४८२ | ५०८ | ९९० | १८६ | १.८१ |
| ५ | ३९४ | ३६० | ७५४ | १३८ | ५.४६ | १०९.४४ | ३३७ | ३५६ | ६९३ | १२४ | १.०५ |
| ६ | ९७४ | ८९७ | १८७१ | ३६७ | ५.१० | १०८.५८ | ६०८ | ६०२ | १२१० | २४१ | ५.४५ |
| ७ | ४४० | ४२५ | ८६५ | १६४ | ५.२७ | १०३.५३ | ३५७ | ४०६ | ७६३ | १६३ | १.५७ |
| ८ | ९९४ | ९५४ | १९४८ | ३७७ | ५.१७ | १०४.१९ | ७७० | ७८९ | १५५९ | ३२१ | २.७८ |
| ९ | २०२८ | १८८० | ३९०८ | ७०३ | ५.५६ | १०७.८७ | १६३२ | १७४० | ३३७२ | ६५३ | १.८४ |
| **जम्मा** | **७४७१** | **७०७३** | **१४५४४** | **२८१०** | **५.१८** | **१०५.६३** | **५९५८** | **६३१९** | **१२२७७** | **२४६१** | **२.१२** |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीका अनुसार लिङ्गको आधारमा पुरुषको संख्या १ हजार ५ सय १३ जना बृद्धि भएर जम्मा ७ हजार ४ सय ७१ पुगेको देखिन्छ भने महिलाहरुको संख्या भने ७ सय ५४ जनामात्र बढेको देखिन्छ। समानुपातिक रुपमा यस गाविसमा महिलाहरुको तुलनामा पुरुषहरुको संख्या ज्यादा रहेको छ।

यस गाविसको वार्षिक जनसंख्या बृद्धिदर २ दशमलव १२ प्रतिशत रहेको छ । २०५८ को तुलनामा यहांको जनसंख्या बृद्धिदर बढेको देखिन्छ किनकी त्यसवेलाको बृद्धिदर शुन्य दशमलव ९ मात्र रहेको थियो । हालको यस गाविसको बृद्धिदर जिल्लाको बृद्धिदर (२.२३) भन्दा कही कम रहेको छ[1] । वडागत आधारमा हेर्दा जनसंख्या बृद्धिदर बढी भएको वडाहरु क्रमशः ६, ८ र ३ रहेका छन् भने सबैभन्दा कम वडा नं १ मा शुन्य दशमलव २१ प्रतिशत मात्र रहेको छ। वि.सं. २०५८ को तुलनामा यहांको घरपरिवार संख्या ३ सय ४९ बढेको छ। वडागत आधारमा सबैभन्दा बढी घरपरिवार भएको वडा नं. ९ मा ७ सय ३ र सबैभन्दा कम घरपरिवार भएको वडा नं. ५ मा १ सय ३८ मात्र रहेको छ।

यस गाविसको औसत परिवार (प्रति परिवारमा रहेको जनसंख्या) संख्या जिल्लाको तुलनामा केही मात्रमा बढी रहेको छ। यसमा जिल्लाको औसत परिवार संख्या ५.०२ रहेकोमा यहाको औसत परिवार संख्या ५.१५ रहेको छ । यस्तैगरी लैङ्गिक अनुपात पनि जिल्लाको लगभग महिला र पुरुषको अनुपात

[1] जिविस मोरङ्ग, जिल्ला पार्श्व चित्र, २०६४

बराबरी जस्तो (१००:६१)[२] छ भने यस गाविसमा भने एक सय महिला बराबर एकसय पांच जना भन्दा बढी पुरुषको संख्या रहेको जुन जिल्लाको तुलनामा केही बढी हुन आउछ ।

रेखाचित्र: १




### १.१.२ जातिगत जनसंख्याको अवस्था

यस गाविसमा विभिन्न जात तथा जनजातिका मानिसहरुको बसोवास रहेको पाइन्छ । गाविसमा विभिन्न ४१ जातजातिका मानिसहरुको बसोवास रहेको देखिन्छ । यिनीहरुमध्ये यस गाविसमा बसोवास गर्ने सवैभन्दा ज्यादा जनसंख्या रहेको जाति क्षेत्री हो जसको संख्या ३ हजार २ सय १९ जना रहेको छ । यस आधारमा उनीहरुको प्रतिशत २२.१३ हुन आउँछ । यसैगरी यहाँ सवैभन्दा कम संख्यामा बसोवास गर्ने जाति मल्लाह हो । उनीहरुको संख्या ७ जना मात्र रहेको छ । यो संख्या यस गाविसको कुल जनसंख्याको ०.०५ प्रतिशत हुन आउँछ । यस भन्दा केही बढी जनसंख्या भएको अर्को जाति सुडी हो, जसको संख्या पनि यस गाविसमा जम्मा ८ जना मात्र रहेको छ । यस गाविसको ज्यादा जनसंख्या रहेको समुहमा क्षेत्री पछि थारु र पहाडे ब्राह्मण पर्दछन् । खवास, नेवार, मुशहर र राई त्यस पछि क्रमिक रुपमा बाहुल्य भएका जातजातिहरु पर्दछन् ।

**तालीका नं. ३ जातजाती तथा लिङ्ग अनुसार जनसंख्या**

| सि.नं. | जातजाती | घर परिवार संख्या | लिंग | | जम्मा | जातजाती प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | |
| १ | क्षेत्री | ५९२ | १६४७ | १५७२ | ३२१९ | २२.१३ |
| २ | थारु | ६१४ | १५७३ | १५३२ | ३१०५ | २१.३५ |
| ३ | ब्राह्मण (पहाड) | ३१९ | ८८४ | ८१६ | १७०० | ११.६९ |
| ४ | खवास | ३२४ | ७२८ | ७०७ | १४३५ | ९.८७ |
| ५ | नेवार | १२३ | ३४१ | ३०७ | ६४८ | ४.४६ |
| ६ | मुसहर | ९५ | २६० | २२५ | ४८५ | ३.३३ |
| ७ | राई | ८६ | २३७ | २२७ | ४६४ | ३.१९ |

[२] जिविस मोरङ्ग, जिल्ला पार्श्व चित्र, २०६४

| सि.नं. | जातजाती | घर परिवार संख्या | लिंग | | जम्मा | जातजाती प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | |
| ८ | राजवंशी | ८४ | २०० | २०६ | ४०६ | २.७९ |
| ९ | तामाङ्ग | ५६ | १५९ | १५३ | ३१२ | २.१५ |
| १० | लिम्बु | ५५ | १६० | १३८ | २९८ | २.०५ |
| ११ | मगर | ३५ | १२३ | १०३ | २२६ | १.५५ |
| १२ | कामी | ३९ | ९८ | १०५ | २०३ | १.४० |
| १३ | धिमाल | ४१ | १०९ | ८६ | १९५ | १.३४ |
| १४ | दमाई | ३९ | ९५ | ९८ | १९३ | १.३३ |
| १५ | झागर/डागर | ३३ | ७५ | ९५ | १७० | १.१७ |
| १६ | गुरुङ्ग | ३० | ८२ | ७८ | १६० | १.१० |
| १७ | बातर | २९ | ७२ | ७४ | १४६ | १.०० |
| १८ | सन्थाल/सतार | २४ | ६४ | ६० | १२४ | ०.८५ |
| १९ | तेली | १८ | ६६ | ५६ | १२२ | ०.८४ |
| २० | घर्ती/भुजेल | २५ | ६७ | ५१ | ११८ | ०.८१ |
| २१ | कौरी | १८ | ४८ | ४६ | ९४ | ०.६५ |
| २२ | सन्यसी | १४ | ४३ | ४४ | ८७ | ०.६० |
| २३ | मुस्लिम | १२ | ३९ | ३४ | ७३ | ०.५० |
| २४ | माझी | १३ | ३१ | २६ | ५७ | ०.३९ |
| २५ | सार्की | ९ | ३२ | २३ | ५५ | ०.३८ |
| २६ | कल्वार | ८ | ३० | २१ | ५१ | ०.३५ |
| २७ | अमात | ६ | २३ | २६ | ४९ | ०.३४ |
| २८ | दनुवार | ९ | २५ | १८ | ४३ | ०.३० |
| २९ | ठाकुर / हजाम | ७ | १८ | २१ | ३९ | ०.२७ |
| ३० | कुमाल | ९ | २० | १८ | ३८ | ०.२६ |
| ३१ | यादव | ७ | २२ | १६ | ३८ | ०.२६ |
| ३२ | हलुवाई | ६ | १८ | १७ | ३५ | ०.२४ |
| ३३ | चमार | ५ | १८ | १४ | ३२ | ०.२२ |
| ३४ | ठकुरी | ४ | ११ | ९ | २० | ०.१४ |
| ३५ | बनिया | ३ | ७ | ११ | १८ | ०.१२ |
| ३६ | डोम | ३ | १० | ६ | १६ | ०.११ |

| सि.नं. | जातजाती | घर परिवार संख्या | लिंग | | जम्मा | जातजाती प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | |
| ३७ | सुनुवार | २ | ७ | ७ | १४ | ०.१० |
| ३८ | कमार | २ | ७ | ७ | १४ | ०.१० |
| ३९ | सुडि | २ | ४ | ४ | ८ | ०.०६ |
| ४० | मल्लाह | २ | ३ | ४ | ७ | ०.०५ |
| ४१ | अन्य जातजाती | ८ | १५ | १२ | २७ | ०.१९ |
| जम्मा | | २८१० | ७४७१ | ७०७३ | १४५४४ | १००.०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

जातीगत आधारमा यस गाविसमा विभिन्न समुहका आदिवासीहरुको पनि बसोवास रहेको छ । यस गाविसमा बसोवास गर्ने आदिवासी जनजातिको विवरण तलको तालीकामा देखाइएको छ । आदिवासी जनजातिको संख्या ७८१५ रहेको छ, जसको घरपरिवार संख्या भने १५६५ छ । यिनीहरुको संख्या यस गाविसको कुल जनसंख्याको ५३.७३ प्रतिशत हुन आउँछ । यसबाट यस गाविसमा आदिवासी जनजातिको बाहुल्य रहेको बुझ्न सकिन्छ । यस गाविसमा अल्पसंख्यक जातीको रुपमा खासगरी सुडि र मल्लाह जातीहरु रहेका छन् जसको संख्या क्रमशः ८ र ७ जना मात्र रहेका छन् । यसैगरी ठकुरी, बनिया, डोम, सुनुवार र कमार जातीहरु पनि न्युन रुपमा नै रहेका छन् । जसको घरपरिवार ४ वटा भन्दा बढी छैन भने जनसख्या २० जना भन्दा कम रहेको देखिन्छ । जातीगत अवस्था तलको तालीकामा उल्लेख गरिएको छ ।

**तालीका नं. ४ जातीगत समुह तथा लिङ्ग अनुसार जनसंख्या**

| सि.नं. | जातजाती | घर परिवार संख्या | लिङ्ग | | जम्मा | जातजाती प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | |
| १ | आदिवासी जनजाती | १५६५ | ४००२ | ३८१३ | ७८१५ | ५३.७३ |
| २ | दलित | २१९ | ५८५ | ५४५ | ११३० | ७.७७ |
| ३ | मधेशी पिछडा वर्ग | ९५ | २९४ | २६९ | ५६३ | ३.८७ |
| ४ | अन्य जातजाती | ९३१ | २५९० | २४४६ | ५०३६ | ३४.६३ |
| जम्मा | | २८१० | ७४७१ | ७०७३ | १४५४४ | १००.०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यहाँ आदिवासी पछि दोश्रोमा अन्य जातजातिको संख्या ३४.६३ प्रतिशत रहेको छ जसको संख्या ५०३६ रहेको देखिन्छ । दलित र पिछडावर्गको जनसंख्या क्रमशः तेश्रो र चौथो स्थानमा रहेको छ जसको क्रमशः २१९ घरपरिवारमा ११३० जनसंख्या र ९५ घरपरिवारमा ५६३ जनसंख्या मात्र रहेको छ । समग्रमा जातजाती अवस्थालाई प्रतिशतको आधारमा तलको रेखाचित्रमा स्पष्ट पारिएको छ ।

रेखाचित्र २




### १.१.३ मातृभाषाको आधारमा जनसंख्या

यस गाविसमा बसोवास गर्ने जातजाती अनुसार उनीहरुले बोलीचालीमा प्रयोगमा ल्याएको भाषाहरु अन्य गाविसहरुको तुलनामा निकै बढी रहेको छ। मातृभाषा भन्नाले सामान्यतया परिवार भित्र बिहान बेलुका बोलीने भाषाहरुलाई लिइएको छ। तथ्यांक अनुसार स्पष्ट रुपमा देखिएका ३१ भाषाहरु मातृभाषाको रुपमा बोलीने गरेको देखिन्छ। यस गाविसको मातृभाषाका आधारमा जनसंख्याको वितरण तलको तालीकामा दिइएको छ।

**तालीका नं. ५ लिंङ्ग तथा मातृभाषा अनुसार जनसंख्या**

| सि.नं. | मातृभाषाको नाम | लिंग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | नेपाली | ३११३ | २९२४ | ६०३७ | ४१.५१ |
| २ | थारु | १५६८ | १५३२ | ३१०० | २१.३१ |
| ३ | खवास | ७२८ | ७०५ | १४३३ | ९.८५ |
| ४ | मैथिली | ५४२ | ४८५ | १०२७ | ७.०६ |
| ५ | नेवार | २२२ | २२० | ४४२ | ३.०४ |
| ६ | राजवंशी | २०० | २०६ | ४०६ | २.७९ |
| ७ | तामाङ्ग | १४८ | १४२ | २९० | १.९९ |
| ८ | लिम्वू | १४५ | ११८ | २६३ | १.८१ |
| ९ | वान्तवा | १२२ | १२५ | २४७ | १.७० |
| १० | मगर | १११ | ९३ | २०४ | १.४० |
| ११ | धिमाल | १०४ | ८४ | १८८ | १.२९ |
| १२ | झागर/धांगर | ६८ | ८३ | १५१ | १.०४ |
| १३ | भोजपुरी | ८१ | ६७ | १४८ | १.०२ |
| १४ | सान्थली | ६१ | ५९ | १२० | ०.८३ |
| १५ | गुरुङ्ग | ३४ | ३९ | ७३ | ०.५० |
| १६ | कुलुङ्ग | ३० | २७ | ५७ | ०.३९ |
| १७ | माझी | ३० | २५ | ५५ | ०.३८ |
| १८ | उर्दु | २५ | २४ | ४९ | ०.३४ |
| १९ | दनुवार | २५ | १८ | ४३ | ०.३० |
| २० | चाम्लिङ्ग | २० | १८ | ३८ | ०.२६ |
| २१ | संगपाङ्ग | १९ | १६ | ३५ | ०.२४ |
| २२ | भुजेल/खवास | १७ | ११ | २८ | ०.१९ |
| २३ | बाहिङ्ग | १३ | ८ | २१ | ०.१४ |

| सि.नं. | मातृभाषाको नाम | लिंग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| २४ | मेवाहाङ्ग | ९ | ७ | १६ | ०.११ |
| २५ | अवधि | ८ | ६ | १४ | ०.१० |
| २६ | कुमाल | ५ | ६ | ११ | ०.०८ |
| २७ | लोहोरुङ्ग | ६ | ५ | ११ | ०.०८ |
| २८ | खालिङ्ग | ४ | ४ | ८ | ०.०६ |
| २९ | थामी | २ | १ | ३ | ०.०२ |
| ३० | वाम्वुले/उवुले | १ | १ | २ | ०.०१ |
| ३१ | शेर्पा | ० | १ | १ | ०.०१ |
| ३२ | अन्य | १० | १३ | २३ | ०.१६ |
| ***जम्मा*** | | ७४७१ | ७०७३ | १४५४४ | १००.०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीका अनुसार यस गाविसमा नेपाली भाषा बोल्ने मानिसहरुको संख्या अत्यधिक मात्रामा रहेको देखिन्छ । यस गाविसका जम्मा ६ हजार ३७ जना अर्थात ४१.५१ प्रतिशत मानिसहरुको मातृभाषा नेपाली रहेको देखिन्छ । यस पछि थारु, खवास, मैथिली र नेवारी भाषा बोल्ने मानिसहरुको संख्या ज्यादा रहेको देखिन्छ । यता उबुले र शेर्पा भाषा बोल्ने मानिसहरुको संख्या भने सवैभन्दा कम अर्थात २ र १ जनामात्र रहेको पाइन्छ ।

### १.१.४ धर्मको आधारमा जनसंख्या

धर्म अनुसारको वडागत जनसंख्या हेर्दा यस गाविसमा विभिन्न धर्मका अनुयायीहरु विभिन्न वडाहरुमा बसोवास गरेको देखिन्छ । विशेषगरी हिन्दु धर्मालम्बीहरुको बाहुल्यता रहेको यो गाविसमा उनीहरुको संख्या १३ हजार ८ सय ७१ जना रहेको छ । तत्पश्चात बौद्ध, किराँत, इस्लाम धर्मालम्बीहरुके बसोवास रहेको छ । वडागत आधारमा प्राय:सबै स्थानमा सबै धर्मका अनुयायीहरुको वसोवास रहेको छ । तलको तालीकामा विभिन्न वडाहरुमा बसोवास गर्ने विभिन्न धर्मका अनुयायीहरुको विवरण दिइएको छ ।

**तालीका नं. ६ वडागत धर्म अनुसार जनसंख्या**

| वडा नं. | धर्म | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | हिन्दु | बौद्ध | किराँत | इस्लाम | अन्य | |
| १ | १५४२ | १९ | ५ | १० | ० | १५७६ |
| २ | ८५० | ८ | ० | ० | ० | ८५८ |
| ३ | १६२० | ० | ० | ० | ० | १६२० |
| ४ | ११३३ | ३ | ० | ८ | ० | ११४४ |
| ५ | ७५४ | ० | ० | ० | ० | ७५४ |
| ६ | १८५५ | ० | ७ | ९ | ० | १८७१ |
| ७ | ८४७ | ५ | १३ | ० | ० | ८६५ |
| ८ | १८८२ | ५० | १६ | ० | ० | १९४८ |
| ९ | ३३८८ | २५९ | २३६ | १७ | ८ | ३९०८ |
| **जम्मा** | १३८७१ | ३४४ | २७७ | ४४ | ८ | १४५४४ |
| **जम्मा प्रतिशत** | **९५.३७** | **२.३७** | **१.९०** | **०.३०** | **०.०६** | **१००.००** |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार विशेष गरी हिन्दूहरु यस गाविसको प्राय सबै वडाहरुमा बसोवास गरेका छन् भने बौद्धमार्गीको वसोवास वडा नं. १,२,४,७,८ र ९ मा रहेको छ । यसैगरी किराँतहरु वडा नं. १,६,७,८ र ९ मा बसोवास गरेका छन् भने इश्लामहरु वडा नं. १, ४, ६ र ९ मा बसेका देखिन्छन् । यता अन्य धर्मका अनुयायीहरु भने वडा नं. ८ र ९ मा मात्र छन् । औसत रुपमा हिन्दूहरुको संख्या ९५.३७ प्रतिशत, बौद्धको २.३७ प्रतिशत र किराँतको १.९० प्रतिशत रहेको छ । यता मुश्लिमहरुको संख्या भने ०.३० मात्र रहेको देखिन्छ । अन्य धर्मका अनुयायीहरुको संख्या पनि ०.०६ मात्र रहेको छ ।

रेखाचित्र ३




नागरिकताको समस्या यस गाविसमा निकै बढी रहेको देखिन्छ । नागरिकता लिने उमेरका कुल जनसंख्याको २१ प्रतिशतले हालसम्म पनि नागरिकता प्राप्त गरेका छैनन । सामान्यतया महिलाहरु तथा बृद्धबृद्धाहरुले नागरिकताको प्रमाणपत्र लिन नरुचाउने गरेको देखिन्छ । यस गाविसको नागरिकता लिने नलिनेको विवरण तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. ७ नागरिकता प्राप्तिको विवरण**

| वडा नं. | नागरिकता | | | जम्मा |
|---|---|---|---|---|
| | नागरिकता नलिएका | मोरङ्ग वाट लिएको | अन्य जिल्लावाट लिएको | |
| १ | ४३५ | ६३१ | ४९ | १११५ |
| २ | ११७ | ४२६ | ७१ | ६१४ |
| ३ | २६३ | ७५३ | ६० | १०७६ |
| ४ | १७७ | ५३७ | ६२ | ७७६ |
| ५ | ११० | ३४० | ६७ | ५१७ |
| ६ | ३१४ | ८११ | १२८ | १२५३ |
| ७ | ९१ | ४४० | ९९ | ६३० |
| ८ | २२९ | ९२२ | १९३ | १३४४ |
| ९ | ४२० | १९०२ | ४९७ | २८१९ |
| जम्मा | २१५६ | ६७६२ | १२२६ | १०१४४ |
| प्रतिशत | २१ | ६७ | १२ | १०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीका अनुसार यस गाविसका करिब २ हजार १ सय ६५ जना उमेर पुगेका मानिसहरुले नागरिकताको प्रमाणपत्र नलिएको देखिन्छ । यसमा कुल जनसंख्या १० हजार १ सय ४४ मध्ये जम्मा २ हजार १ सय ५६ जना व्यक्तिले नागरिकता नलिएको अवस्था हेर्दा यसको समस्या विद्यमान रहेको देखिन्छ । यसमा विशेषगरी तराईका जनजातिमा नागरिकता नलिनेको संख्या ज्यादा रहेको छ । जनचेतनाको कमीका कारणले पनि नागरिकता लिनेको संख्या स्थानीय आदिवासी जनजातिमा कम रहेको हो ।

रेखाचित्र ४




जातजाति अनुसार नागरिकताको प्रमाणपत्र लिने र नलिनेको संख्या विचार गर्दा यहाँका आदिवासी जनजातिका मानिसहरुले ज्यादा मात्रामा नागरिकताको प्रमाणपत्र नलिने गरेको देखिन्छ तापनि अन्य जातीहरुमा पनि धेरथोर नागरिकता सम्बन्धि समस्या रहेको देखिन्छ । तलको तालीकामा नागरिकता लिने र नलिनेको जातिगत विवरण दिइएको छ ।

**तालीका नं. ८ जातजाती अनुसार उमेर पुगेका नागरिकता नलिएको जनसंख्या**

| सि.नं. | जातजाती | नागरिकता नलिएको संख्या | नागरिकता लिएको संख्या | जम्मा जनसंख्या | नागरिकता नलिएको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | ४३६ | १८९१ | २३२७ | १८.७४ |
| २ | थारु | ५५१ | १६०४ | २१५५ | २५.५७ |
| ३ | ब्राह्मण (पहाड) | १५८ | ११११ | १२६९ | १२.४५ |
| ४ | खवास | २०७ | ७९५ | १००२ | २०.६६ |
| ५ | नेवार | ५६ | ४०३ | ४५९ | १२.२० |
| ६ | राई | ८३ | २४३ | ३२६ | २५.४६ |
| ७ | राजवंशी | ७० | २०६ | २७६ | २५.३६ |
| ८ | मुसहर | १३८ | १२७ | २६५ | ५२.०८ |
| ९ | लिम्बु | ३२ | १८९ | २२१ | १४.४८ |

| सि.नं. | जातजाती | नागरिकता नलिएको संख्या | नागरिकता लिएको संख्या | जम्मा जनसंख्या | नागरिकता नलिएको प्रतिशत |
|---|---|---|---|---|---|
| १० | तामाङ्ग | ३३ | १८३ | २१६ | १५.२८ |
| ११ | मगर | ३० | १२९ | १५९ | १८.८७ |
| १२ | धिमाल | १७ | १२३ | १४० | १२.१४ |
| १३ | कामी | ३० | १०५ | १३५ | २२.२२ |
| १४ | दमाई | २३ | १०७ | १३० | १७.६९ |
| १५ | गुरुङ्ग | १२ | १०४ | ११६ | १०.३४ |
| १६ | झागर/डागर | ३४ | ५७ | ९१ | ३७.३६ |
| १७ | बातर | ३२ | ५९ | ९१ | ३५.१६ |
| १८ | घर्ती/भुजेल | १८ | ६७ | ८५ | २१.१८ |
| १९ | तेली | १९ | ६१ | ८० | २३.७५ |
| २० | सन्थाल/सतार | ३२ | ४५ | ७७ | ४१.५६ |
| २१ | सन्यसी | १३ | ५२ | ६५ | २०.०० |
| २२ | कौरी | १२ | ३९ | ५१ | २३.५३ |
| २३ | मुस्लिम | २३ | २३ | ४६ | ५०.०० |
| २४ | सार्की | ६ | ३३ | ३९ | १५.३८ |
| २५ | माझी | ५ | ३३ | ३८ | १३.१६ |
| २६ | दनुवार | ७ | २६ | ३३ | २१.२१ |
| २७ | कल्वार | ११ | २१ | ३२ | ३४.३८ |
| २८ | अमात | ५ | २५ | ३० | १६.६७ |
| २९ | हलुवाई | १० | १६ | २६ | ३८.४६ |
| ३० | यादव | ५ | २० | २५ | २०.०० |
| ३१ | कुमाल | ७ | १७ | २४ | २९.१७ |
| ३२ | ठाकुर /हजाम | २ | २० | २२ | ९.०९ |
| ३३ | चमार | ९ | ८ | १७ | ५२.९४ |
| ३४ | ठकुरी | ४ | ८ | १२ | ३३.३३ |
| ३५ | बनिया | ४ | ७ | ११ | ३६.३६ |
| ३६ | कमार | ४ | ५ | ९ | ४४.४४ |
| ३७ | सुनुवार | ३ | ६ | ९ | ३३.३३ |
| ३८ | बरैई | ७ | ० | ७ | १००.०० |

| सि.नं. | जातजाती | नागरिकता नलिएको संख्या | नागरिकता लिएको संख्या | जम्मा जनसंख्या | नागरिकता नलिएको प्रतिशत |
|---|---|---|---|---|---|
| ३९ | डोम | ३ | ४ | ७ | ४२.८६ |
| ४० | सुडि | १ | ५ | ६ | १६.६७ |
| ४१ | मललाह | ० | ४ | ४ | ०.०० |
| ४२ | कुर्मी | २ | १ | ३ | ६६.६७ |
| ४३ | ब्राह्मण (पहाड) | ० | २ | २ | ०.०० |
| ४४ | सोनार | १ | १ | २ | ५०.०० |
| ४५ | कायष्थ | १ | १ | २ | ५०.०० |
| ४६ | धानुक | ० | १ | १ | ०.०० |
| ४७ | शेर्पा | ० | १ | १ | ०.०० |
| जम्मा | | २१५६ | ७९८८ | १०१४४ | २१.२५ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाईए अनुसार यस गाविसमा नागरिकता नलिनेको सवैभन्दा ठूलो संख्या थारुहरुको रहेको देखिन्छ । तर यिनीहरुको जनसंख्या पनि यस गाविसमा ज्यादा रहेको हुनाले प्रतिशतका हिसावले यो संख्या धेरै नै हुन आउछ । प्रतिशतका हिसावले कम मात्रामा नागरिकता नलिनेहरुको संख्या मुशहरहरुको पनि रहेको देखिन्छ । उनीहरुको नागरिकताको प्रमाणपत्र नलिनेको संख्या जम्मा ५२.०८ प्रतिशत रहेको छ । यता बरई जातीका सतप्रतिशतले नागरिकता लिएको देखिंन्दैन । तर यिनीहरुको संख्या यस गाविसमा जम्मा ७ जनामात्र रहेकाले यसलाई तुलनात्मक रुपमा महत्व नदिइएको हो । यसैगरी मुस्लिम, सोनार, चमार र कायस्थले पनि नागरिकता ज्यादै कम मात्रामा लिने गरेको देखिन्छ । यिनीहरुको संख्या पनि निकै कम मात्रमा नै रहेको छ ।

विशेष गरी अल्पसंख्यक, गरिव र सुकुम्बासीहरुले नागरिकता लिनमा ज्यादा ध्यान नदिएको पाइन्छ । रोजगारी नभएको र आफ्नो जग्गा जमिन नभएकाले पनि उनीहरुले नागरिकताको आवश्यकता महशुस नगरेका हुन् । यता थारुहरुमा भने जग्गा जमिन भए पनि विशेषगरी पुरुषहरुका नाममा जग्गा जमिन राख्ने प्रचलन ज्यादा मात्रामा रहेको हुनाले स्त्रीहरुले कम मात्रामा नागरिकताको प्रमाणपत्र लिने गरेको देखिन्छ ।

### १.१.५ उमेरगत जनसंख्या

जनसंख्याको विश्लेषणमा उमेर समुहको महत्वपुर्ण उपयोगिता रहेको हुन्छ । यसले गाविसको जनसंख्याको गत जनसंख्याको ढांचालाई वर्गीकरण गरेर कुन उमेरका मानिसहरुको संख्या के कति छ भन्ने कुरालाई स्पष्ट गर्दछ । यसमा सवैभन्दा ज्यादा संख्या ६ देखि २५ वर्षको बिचको उमेर समुहका मानिसहरु लगभग बराबरको अवस्थामा रहेका देखिन्छन् । यिनीहरुको संख्या गाविसको कूल जनसंख्याको १० प्रतिशत भन्दा माथि रहेको छ । यसैगरी सवैभन्दा कम उमेर समुहका मानिसहरु भने ६६ देखि ७० बर्षको बीचको उमेरका छन् । यहाँ यिनीहरुको संख्या जम्मा १.८२ प्रतिशतमात्र रहेको देखिन्छ । तीन वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या ५.७१ प्रतिशत रहेको छ भने पुर्व प्राथमिक विद्यालयमा जाने उमेरका ४ देखि ५ वर्ष उमेरका बालबालिका ३.८४ प्रतिशत अर्थात ५५८ जना रहेका छन् । समग्रमा स्कुल भर्ना हुने उमेरका बालबालिका लगभग १४ प्रतिशत रहेको देखिन्छ । तलको तालीकामा यस गाविसका उमेरअनुसारको जनसंख्याको विवरण दिइएको छ ।

**तालीका नं. ९ उमेर समुह तथा लिङ्ग अनुसार जनसंख्या**

| सि.नं. | उमेर समुह | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | ३ वर्ष भन्दा कम | ४४५ | ३८६ | ८३१ | ५.७१ |
| २ | ४ देखी ५ | ३२२ | २३६ | ५५८ | ३.८४ |
| ३ | ६ देखी १० | ७५५ | ७०७ | १४६२ | १०.०५ |
| ४ | ११ देखी १५ | ७६५ | ७८४ | १५४९ | १०.६५ |
| ५ | १६ देखी २० | ७५० | ७७४ | १५२४ | १०.४८ |
| ६ | २१ देखी २५ | ७६१ | ८०३ | १५६४ | १०.७५ |
| ७ | २६ देखी ३० | ७५० | ६७२ | १४२२ | ९.७८ |
| ८ | ३१ देखी ३५ | ६०३ | ५०६ | ११०९ | ७.६३ |
| ९ | ३६ देखी ४० | ५३२ | ४६९ | १००१ | ६.८८ |
| १० | ४१ देखी ४५ | ३९३ | ३८४ | ७७७ | ५.३४ |
| ११ | ४६ देखी ५० | ३१९ | ३३४ | ६५३ | ४.४९ |
| १२ | ५१ देखी ५५ | २८६ | २९२ | ५७८ | ३.९७ |
| १३ | ५६ देखी ६० | २९८ | २६७ | ५६५ | ३.८८ |
| १४ | ६१ देखी ६५ | १७२ | १६० | ३३२ | २.२८ |
| १५ | ६६ देखी ७० | १६४ | १०० | २६४ | १.८२ |
| १६ | ७१ वर्ष भन्दा माथी | १५६ | १९९ | ३५५ | २.४४ |
| जम्मा | | ७४७१ | ७०७३ | १४५४४ | १००.०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा आश्रित तथा जेष्ठ नागरिक पनि झण्डै ४ प्रतिशत भन्दा बढी नै रहेको छ । समग्रमा यस गाविसमा पुरुषको तुलनामा महिलाहरुको संख्या ज्यादा रहेका विभिन्न उमेर समुहले देखाएको छ जसबाट पुरुषहरुको तुलनामा महिलाहरुको औसत आयू बढी रहेको देखिन्छ ।

रेखाचित्र ५ जनसंख्या पिरामिड



एकल उमेर अनुसारको यस गाविसको जनसंख्याको विवरणलाई हेर्दा यस गाविसमा विभिन्न उमेरका मानिसहरु रहेका देखिन्छन् । यस गाविसमा ३ वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या ८३१ रहेको छ । यसैगरी तिनीहरुमा पनि पुरुष ४५५ र महिलाको संख्या ३८६ छ । यस आधारमा यस गाविसमा बालिकाको तुलनामा बालकहरुको संख्या ज्यादा रहेको छ । तलको तालीकामा एकल उमेर अनुसारको जनसंख्याको विवरण दिइएको छ ।

**तालीका नं. १०: एकल उमेर अनुसार जनसंख्या विवरण**

| उमेर | लिंग | | जम्मा | उमेर | लिंग | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | पुरुष | महिला | |
| ३ वर्ष भन्दा कम | ४४५ | ३८६ | ८३१ | ४० वर्षसम्मको जम्मा | ५६८३ | ५३३७ | ११०२० |
| ४ | १५२ | १०३ | २५५ | ४१ | ७२ | ९० | १६२ |
| ५ | १७० | १३३ | ३०३ | ४२ | ९७ | ७४ | १७१ |
| ६ | १५ग४ | १३० | २८४ | ४३ | ७० | ७० | १४० |
| ७ | १४९ | १३३ | २८२ | ४४ | ५५ | ५५ | ११० |
| ८ | १४३ | १३६ | २७९ | ४५ | ९९ | ९५ | १९४ |
| ९ | १४४ | १३३ | २७७ | ४६ | ७१ | ८० | १५१ |
| १० | १६५ | १७५ | ३४० | ४७ | ३९ | ३९ | ७८ |
| ११ | १३९ | १३१ | २७० | ४८ | ६४ | ५४ | ११८ |
| १२ | १७१ | १६९ | ३४० | ४९ | ३५ | ५० | ८५ |
| १३ | १७२ | १५३ | ३२५ | ५० | ११० | १११ | २२१ |
| १४ | १४६ | १६७ | ३१३ | ५१ | ५० | ५४ | १०४ |
| १५ | १३७ | १६४ | ३०१ | ५२ | ६४ | ६२ | १२६ |
| १६ | १७५ | १७१ | ३४६ | ५३ | ४५ | ४३ | ८८ |
| १७ | १३७ | १४५ | २८२ | ५४ | ४९ | ३४ | ८३ |
| १८ | १५७ | १५३ | ३१० | ५५ | ७८ | ९९ | १७७ |
| १९ | १२९ | ११३ | २४२ | ५६ | ५५ | ४९ | १०४ |
| २० | १५२ | १९२ | ३४४ | ५७ | ४२ | ३६ | ७८ |
| २१ | १६४ | १३८ | ३०२ | ५८ | ६६ | ४१ | १०७ |
| २२ | १६४ | १५७ | ३२१ | ५९ | ४६ | ५० | ९६ |
| २३ | १३२ | १२७ | २५९ | ६० | ८९ | ९१ | १८० |
| २४ | ११५ | १६५ | २८० | ६१ | ३४ | ३० | ६४ |
| २५ | १८६ | २१६ | ४०२ | ६२ | २८ | ३० | ५८ |
| २६ | १७४ | १५२ | ३२६ | ६३ | ४१ | २९ | ७० |
| २७ | १२७ | १२४ | २५१ | ६४ | २७ | २८ | ५५ |
| २८ | १६५ | १३३ | २९८ | ६५ | ४२ | ४३ | ८५ |

| उमेर | लिंग | | जम्मा | उमेर | लिंग | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | पुरुष | महिला | |
| २९ | १०५ | ७९ | १८४ | ६६ | ५० | २६ | ७६ |
| ३० | १७९ | १८४ | ३६३ | ६७ | २२ | १५ | ३७ |
| ३१ | ११८ | ७१ | १८९ | ६८ | २४ | १६ | ४० |
| ३२ | १३१ | १०६ | २३७ | ६९ | १९ | १५ | ३४ |
| ३३ | ८४ | ८५ | १६९ | ७० | ४९ | २८ | ७७ |
| ३४ | १०६ | ७१ | १७७ | ७१ | ७ | १७ | २४ |
| ३५ | १६४ | १७३ | ३३७ | ७२ | १७ | २० | ३७ |
| ३६ | १४८ | १०१ | २४९ | ७३ | १२ | १६ | २८ |
| ३७ | ८३ | ६४ | १४७ | ७४ | ८ | ४ | १२ |
| ३८ | १०९ | ९४ | २०३ | ७५ | २२ | ३० | ५२ |
| ३९ | ७९ | ६५ | १४४ | ७६ वर्ष भन्दा माथी | ९० | ११२ | २०२ |
| ४० | ११३ | १४५ | २५८ | | | | |
| जम्मा | ५६८३ | ५३३७ | ११०२० | कूल जम्मा | ७४७१ | ७०७३ | १४५४४ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार ३ वर्षभन्दा माथिको जनसंख्याको विवरण हेर्ने हो भने ७६ वर्षभन्दा माथिका ९० जना पुरुष र ११२ जना महिलाहरु रहेका छन् । यसबाट यहाँ पनि अन्यत्र सरह पुरुषका तुलनामा दीर्घजीवि महिलाहरुको संख्या ज्यादा रहेको पाइन्छ । यहाँ सवैभन्दा ज्यादा संख्यामा मानिसहरु रहेको उमेर भने २५ वर्षको छ । यसमा यस उमेरका जम्मा ४०२ जना मानिसहरु रहेका देखिन्छन् । यस्तै सवैभन्दा कम भने ७४ वर्षका छन्, जसको संख्या १२ जना मात्र रहेको पाइन्छ ।

### १.१.६ लिङ्ग अनुसार घरमुली

यस गाविसको जनसंख्याको विवरण हेर्दा यहाँ अन्य गाविसहरुको जस्तै महिलाको तुलनामा पुरुषहरुको घरमुली संख्या ज्यादा रहेको देखिन्छ । यस गाविसमा जम्मा २८१० घरपरिवार मध्ये २४५६ जना घरमुली पुरुषहरु रहेका छन् भने महिला घरमुली संख्या चाहिं यो भन्दा निकै कम ३५४ जनामात्र रहेको छ । तलको तालीकामा लिंगअनुसारको घरमुलीको संख्या देखाइएको छ ।

**तालीका नं. ११: लिङ्ग अनुसार घरपरिवार मुलीको विवरण**

| वडा नं. | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| १ | ३०० | ३३ | ३३३ |
| २ | १५४ | १८ | १७२ |
| ३ | ३११ | ३० | ३४१ |
| ४ | २०३ | १२ | २१५ |
| ५ | १३० | ८ | १३८ |
| ६ | ३३३ | ३४ | ३६७ |
| ७ | १०१ | ६३ | १६४ |

| वडा नं. | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| ८ | २९३ | ८४ | ३७७ |
| ९ | ६३१ | ७२ | ७०३ |
| जम्मा | २४५६ | ३५४ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा लिंङ्ग अनुसारको घरमुलीको विवरणमा सवैभन्दा ज्यादा महिला घरमुली भएको वडा नं. ८ हो, जहाँ जम्मा ८४ जना महिलाहरु घरमुली रहेका देखिन्छन् । सामान्यतया आदिवासि जनजातिको वसोबास भएका वडाहरुमा महिला घरमुलीको संख्या ज्यादा रहने गरेको देखिन्छ । यसलाई तलको रेखाचित्रमा पनि देखाइएको छ, जसअनुसार यस गाविसमा १३ प्रतिशत घरहरुका मुलीका रुपमा महिलाहरु रहेका छन् भने बाँकी ८७ प्रतिशत घरका मुली भने पुरुषहरु नै छन् । जनगणना २०५८ अनुसार पुरुष घरमुलीको ८६.४३ प्रतिशत र महिला घरमुली १३.५७ प्रतिशत रहेको देखिन्छ[३] । यसको आधारमा हेर्दा महिलाको तुलनामा पुरुष घरमुलीको प्रतिशत बढी दरमा बृद्धि भएको देखिन्छ ।

रेखाचित्र ६




## १.२ व्यक्तिगत घटना दर्ता

### १.२.१ जन्म दर्ता

जन्मदर्ता स्थानीय निकायको लागी महत्पूर्ण अभिलेख हो । जन्मदर्ताको अध्यावधिक विवरणले गाविसको जनसंख्या दुरुस्त बनाउनुका साथै जनगणनाको पनि काम गर्दछ । तथापी यसको नियमित व्यवस्थापन र अध्यावधिक नहुने परिपाटीले मुलुकमा जनगणनाकै लागी अर्वौ रकम खर्च हुदै आइरहेको छ । जन्मदर्ताको लागी एकीकृत सूचना व्यवस्थापनमा एकपटक राम्ररी लगानी गर्ने हो भने हरेक दशवर्षमा यति ठुलो रकम यसमा खर्च गर्नु नपर्ने देखिन्छ । अर्कोतिर जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार भित्र पर्दछ ।

[३] जिविस मोरङ्ग, जिल्ला पार्श्व चित्र, २०६४

यस गाविसमा हाल आएर मानिसहरुमा जन्म दर्ताको महत्वका बारमो जनमानसमा सकारात्मक सोच रहेको भएता पनि यस अघि भने जन्मदर्तालाई खासै महत्व दिने चलन थिएन । यस गाविसको हालको जन्मदर्ताको विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. १२: सोह्र वर्ष भन्दा कम उमेर भएका बालबालिकाको जन्म दर्ता सम्वन्धी विवरण**

| | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | | महिला | | |
| | जन्म दर्ता | | | जन्म दर्ता | | |
| वडा नं. | गरेको | नगरेको | जम्मा | गरेको | नगरेको | जम्मा |
| १ | १५६ | ७५ | २३१ | १५४ | ७६ | २३० |
| २ | १०९ | २० | १२९ | ९० | २५ | ११५ |
| ३ | २१३ | ६७ | २८० | १९९ | ६५ | २६४ |
| ४ | १७३ | १८ | १९१ | १६६ | ११ | १७७ |
| ५ | ११६ | १० | १२६ | १०६ | ५ | १११ |
| ६ | २३४ | ७८ | ३१२ | २४३ | ६३ | ३०६ |
| ७ | १०५ | २१ | १२६ | ८७ | २२ | १०९ |
| ८ | २६२ | ४६ | ३०८ | २३४ | ६२ | २९६ |
| ९ | ४६० | १२४ | ५८४ | ३८२ | १२३ | ५०५ |
| जम्मा | १८२८ | ४५९ | २२८७ | १६६१ | ४५२ | २११३ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यस गाविसमा जन्म दर्ता नगर्नेमा पुरुष ४ सय ५९ र महिला ४ सय ५२ जना रहेका छन् । यस गाविसको सवैभन्दा ज्यादा जनसंख्या रहेको वडा वडा नं. ९ मानै यस्तो जन्मदर्ता गर्ने र नगर्ने दुवै मानिसहरुको संख्या ज्यादा रहेको देखिन्छ ।

रेखाचित्र ७



### १.२.२ मृत्यु दर्ता

अन्य व्यक्तिगत घटना जस्तै मृत्युदर्ता पनि नागरिकले गर्ने कर्तव्य मध्ये भित्र पर्दछ । सामान्यत यस गाविसमा पनि नियमित रुपमा सबैले यस वारेमा सचेत भई समयमा नै मृत्यु दर्ता नगरेको देखिन्छ । तलको तालीमा यसको विवरण दिएको छ ।

**तालीका नं. १३ लिङ्ग अनुसार मृत्यु दर्ताको विवरण**

| सि.नं. | मृत्यु दर्ता | लिङ्ग | | मृत्यु संख्या |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | मृत्यु दर्ता गरेको | १८ | १३ | ३१ |
| २ | मृत्यु दर्ता नगरेको | ११ | १० | २१ |
| जम्मा | | २९ | २३ | ५२ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथि तालीकामा देखाइए अनुसार यस गाविसमा गतवर्ष मृत्यु भएका व्यक्तिहरुको मृत्युदर्ता गरेको र नगरेको पनि पाइएको छ । यहाँ गतवर्ष जम्मा ५२ जनाको मृत्यु भएकोमा जम्मा ३१ जनाको मृत्यू दर्ता गरिएको देखिए पनि बाँकी २३ जनाको भने दर्ता गरिएको देखिंन्दैन । सामान्यतया मृतकका नाममा स्थायी सम्पत्ति तथा जग्गा जमिन भएको अवस्थामा उसको नामबाट नामसारी गर्नका लागि अनिवार्य रुपमा मृत्यु दर्ता आवश्यक हुने गर्दछ । तसर्थ यस्तो अवस्थामा भने मृत्यु दर्ता गर्ने तथा अन्य अवस्थामा यसलाई त्यति महत्व नदिने गरिएको देखिन्छ ।

### १.२.३ विवाह सम्बन्ध विच्छेद

सरदर विवाह हुदांको उमेर सम्बन्धमा प्राप्त तथ्यांक अनुसार कानुनले व्यवस्था गरे अनुरुप नै औषत उमेरका आधारमा हुने गरेको देखिन्छ । यसमा पुरुषको औषतमा २२.२४ वर्ष र स्त्रीको औषतमा १८.६८ वर्षको उमेरमा विवाह हुने गरेको देखिन्छ । तर यो उमेर औषतमात्र हो । यसको विस्तृत विवरण तल तालीकामा दिइएको छ ।

**तालीका नं. १४: औषत विवाह हुदाको उमेरको विवरण**

| सि. नं. | लिङ्ग | विवाह हुदाँको औषत उमेर |
|---|---|---|
| १ | पुरुष | २२.२४ |
| २ | महिला | १८.६८ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

जातजाति अनुसार विभिन्न जातजातिमा विभिन्न उमेरमा विवाहवारी हुने गर्दछ । विशेष गरी स्थानीय आदिवासी जनजातिका समुहमा कम उमेरमा तथा राई, लिम्बू, र क्षेत्री ब्राह्मणमा उमेर केही ज्यादा भए पछिमात्र विवाहवारी हुने गरेको पाइन्छ । यसमा पनि लेखाइपढाइमा लाग्ने मानिसहरुमा भने लेखपढ सकेपछि मात्र केही ज्यादा उमेरमा विवाहवारी हुने गर्दछ ।

यस गाविसमा विवाहको अवस्था विचार गर्दा अविवाहिताको तुलनामा विवाहिताको संख्या ज्यादाँ रहेको देखिन्छ । लिङ्ग अनुसार विवाह दर्ता र सम्बन्ध विच्छेदको अवस्था विश्लेषण गर्दा विवाह दर्ता नगर्नेहरुको संख्या अत्यधिक रुपमा रहेको पाइन्छ । समयमा विवाह दर्ता लगायत व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र गर्नु पर्ने सरकारी नियम भएतापनि यसको पालन सबै नागरिकले नगरेको कारण समस्या आइपरेको देखिन्छ । विस्तृत विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. १५: दश वर्ष वा सो भन्दा भन्दा माथीका जनसंख्याको वैवाहिक अवस्था**

| सि.नं. | वैवाहिक अवस्था | लिङ्ग | | जम्मा | विवाह दर्ता | | जम्मा | सम्वन्ध विच्छेद दर्ता | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | गरेको | नगरेको | | गरेको | नगरेको | |
| १ | अविवाहित | २४५३ | १८९२ | ४३४५ | | | | | | |
| २ | विवाहित | ३५२८ | ३७८७ | ७३१५ | ३७५३ | ३५६२ | ७३१५ | | | |
| ३ | वहुविवाह | १५ | ११ | २६ | ५ | २१ | २६ | | | |
| ४ | पुनविवाह | ३७ | १२ | ४९ | १२ | ३७ | ४९ | | | |
| ५ | विधुर विधुवा | ७२ | २०३ | २७५ | ९ | २६६ | २७५ | | | |
| ६ | सम्वन्ध विच्छेद | ५ | ४ | ९ | २ | ७ | ९ | ५ | ४ | ९ |
| ७ | छुट्टाछुट्टै वसेको | ४ | १० | १४ | ३ | ११ | १४ | | | |
| जम्मा | | ६११४ | ५९१९ | १२०३३ | ३७८४ | ३९०४ | ७६८८ | ५ | ४ | ९ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यस गाविसमा विवाहिताको संख्या अविवाहिताका तुलनामा निकै ज्यादा रहेको देखिन्छ । यसमा अविवाहिताको मतलव विवाह गर्ने उमेर नपुगेका १० वर्षभन्दा माथिका बालबालिका पनि पर्दछन् । यसैगरी यस गाविसमा बहुविवाह गर्नेको संख्या पनि जम्मा २६ जना रहेको देखिन्छ । यता पुर्नविवाह गर्ने ४९ जना छन् भने विधुर र विधवाको संख्या २७५ रहेको छ । यसैगरी सम्बन्ध विच्छेद गरी वस्नेको संख्या जम्मा ९ जना रहेको देखिन्छ । सारमा यस गाविसमा बहुविवाह, पुर्नविवाहका घटनाहरु निकै बढेको देखिन्छ भने परिवारमा अलग अलग भएर बस्ने प्रचलन समेत सम्वेदनशिल रुपमा रहन गएको छ ।

### १.२.४ बसाइँ सराईको अवस्था

यस गाविसमा स्थानीय आदिवासी तथा अन्यत्रबाट बसाइँ सरेर आउने मानिसहरुको समेत बसोवास रहेको छ । यसमा विशेष गरी बाहिरबाट बसाइँ सरेर आउने मानिसहरुको संख्या निकै कम र धेरै पहिलेदेखि यसै गाविसमा बसोवास गर्दै आएका तथा पुर्खौली घर यसै गाविसमा भएका मानिसहरुको संख्या भने ज्यादा रहेको देखिन्छ । तलको तालीकामा यहाँका मानिसहरुको वसाईंसराई सम्बन्धी विवरण दिइएको छ ।

**तालीका नं. १६ः घरपरिवारको बसाईसराई सम्वन्धी विवरण**

| वडा नं. | बसाईसराई | | | जम्मा |
|---|---|---|---|---|
| | १० वा १० वर्ष भन्दा कम | ११ देखी २० सम्म | पुर्ख्यौली घर | |
| १ | ११ | २४ | २९८ | ३३३ |
| २ | ७ | ३ | १६२ | १७२ |
| ३ | १३ | २ | ३२६ | ३४१ |
| ४ | १४ | ३ | १९८ | २१५ |
| ५ | ७ | ४ | १२७ | १३८ |
| ६ | ३२ | २२ | ३१३ | ३६७ |
| ७ | ३ | ० | १६१ | १६४ |

| वडा नं. | बसाईसराई | | | जम्मा |
|---|---|---|---|---|
| | १० वा १० वर्ष भन्दा कम | ११ देखी २० सम्म | पुर्ख्यौली घर | |
| ८ | ५० | २२ | ३०५ | ३७७ |
| ९ | ३२ | ३० | ६४१ | ७०३ |
| **जम्मा** | १६९ | ११० | २५३१ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथि उल्लेख गरिएको विवरण अनुसार यस गाविसमा १० वर्ष या यस भन्दा कम समय अगाडि बसाई सरेर आएका मानिसहरुको संख्या १ सय ६९ रहेको छ । यसैगरी ११ देखि २० वर्ष अगाडि यहाँ आएर बसोवास गर्ने मानिसहरुको संख्या भने १ सय १० जना छन् । यही गाविसमा २१ वर्ष भन्दा बढी समय देखि बसोवास गरिरहेका जसलाई पुर्ख्यौली भनिएको छ तीनीहरुको नै बसोवासमा बाहुल्यता रहेको रहेको छ ।

विभिन्न जिल्लाबाट बसाइँ सरेर यस गाविसमा मानिसहरु आएका निकै धेरै आएका देखिन्छन् । यसरी अन्य जिल्लाबाट बसाई सरेर आएतापनि गाविसमा दर्ता नगर्नेहरुको संख्या पनि निकै रहेको देखिन्छ । अन्यत्रबाट बसाइँ सरेर आउने मानिसहरुको विवरण तलको तालीकामा दिइएकोछ ।

**तालीका नं. १७: बसाईसराई गरी आएको जिल्ला तथा दर्ता सम्बन्धी विवरण**

| सि.नं. | बसाई सरि आएको जिल्ला | जम्मा परिवार संख्या | बसाई सराई दर्ता गरेका घरपरिवार | बसाई सराई दर्ता नगरेका घरपरिवार |
|---|---|---|---|---|
| १ | मोरंग | ९३ | | |
| २ | भोजपुर | ६१ | | |
| ३ | धनकुटा | ३४ | | |
| ४ | संखुवासभा | २५ | | |
| ५ | खोटांग | १७ | | |
| ६ | झापा | १३ | | |
| ७ | सुनसरी | ८ | | |
| ८ | तेह्रथुम | ८ | | |
| ९ | उदयपुर | ५ | | |
| १० | ताप्लेजुंग | ४ | | |
| ११ | पांचथर | ३ | | |
| १२ | सप्तरी | ३ | | |
| १३ | अन्य जिल्ला | ५ | | |
| जम्मा | | २७९ | २०५ | ७४ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यस गाविसमा पूर्वाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरुबाट बसाइँ सरेर आउने गरेको पाइन्छ । यहाँ पूर्वाञ्चलका सोलुखुम्बु, ओखलढुङ्गा, इलाम र सिराहा बाहेकका प्राय सबै जिल्लाहरु बाट मानिसहरु बसाई सरेर आएका पाइन्छन् । यहाँ बसाइँ सरेर

आउने जम्मा २ सय ७९ परिवारमध्ये २ सय ५ परिवारले बसाइँसराई दर्ता गरेका छन् भने अन्य ७४ घरपरिवारले भने दर्ता गराएको पाइँदैन ।

बसाइँ सरेर आउने मानिसहरु विभिन्न कारणले अन्य स्थानहरुबाट बसाइँ सर्नुपरेको पाइन्छ । यसरी एक ठाउबाट अर्को ठाउमा बसाइँ सर्नुपर्ने कारणहरु मध्ये आर्थिक बृद्धि नै मुख्य रुपमा रहेको देखिन्छ । बसाइँ सर्नु पर्ने कारणहरुको विस्तृत विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. १८: बसाई सर्ने मुख्य कारण सम्वन्धी विवरण**

| सि. नं. | बसाई सर्नुको कारण | घरपरिवार संख्या |
|---|---|---|
| १ | दन्द्धको कारण | १४ |
| २ | आर्थिक बृद्धी | २२८ |
| ३ | सामाजिक कारण | २३ |
| ४ | व्यापार | ४ |
| ५ | नोकरी | ३ |
| ६ | अध्ययन | २ |
| ७ | अन्य | ५ |
| जम्मा | | २७९ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार विभिन्न कारणले बसाई सरेर मानिसहरु यहां आएका देखिन्छन् । यस मध्ये सवैभन्दा ज्यादा भने आर्थिक कारण या बेरोजगारी तथा न्यून आयका कारण अढी अवसरहरुको खोजीमा मानिसहरु यस गाविसमा बसाइँ सरेर आएका देखिन्छन् । यस गाविसमा अन्यत्रबाट वसाई सरेर आउने मानिसहरु मध्ये सवैभन्दा ज्यादा कुल २७९ मध्ये २२८ जना मानिसहरु यसै कारणले गर्दा वसाई सरेर आएको देखिन्छ । यस बाहेक सामाजिक, व्यापार, नोकरी र अध्ययनका लागि र द्वन्द्धको असरबाट पनि केही मात्रमा बसाइँ सरेर मानिसहरु आउने गरेको पाइन्छ ।

रेखाचित्र ८




## १.३ अपाङ्गगता

यस गाविसमा शारीरिक तथा मानशिक रुपमा अशक्त मानिसहरुको संख्या पनि निकै रहेको देखिन्छ तापनि कुल जनसंख्याको तुलनामा खासै ठुलो संख्या भने चाही होइन । यस्तो जनसंख्या जति

बढी हुन्छ त्यति नै पारिवारीक तथा सामाजिक रुपमा आर्थिक व्ययभार बढेर जान्छ । तर्सथ यिनीहरुलाई क्षमता अनुसारको उपयूक्त सीप र क्षमता अभिबृद्धि गरी उत्पादनशिल बनाउन ध्यान दिनु आवश्यक छ । अन्य विस्तृत विवरण तल दिएको छ ।

**तालीका नं.१९: शारिरिक तथा मानसिक असक्त जनसंख्या विवरण**

| सि.नं. | शारिरिक तथा मानसिक अवस्था | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | शरिरिक | ५१ | ५० | १०१ |
| २ | मानसिक | २ | २ | ४ |
| ३ | दृष्टि सम्वन्धी | ३ | १ | ४ |
| ४ | सुस्त श्रवन | १ | १ | २ |
| ५ | अन्य | २ | ४ | ६ |
| जम्मा | | ५९ | ५८ | ११७ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा यस गाविसका अशक्त मानिसहरुको विवरण देखाइएको छ, जसमा जम्मा १ सय १७ जना मानिसहरु अशक्त रहेका देखिन्छन् । अपाङ्गता सर्वेक्षण, २०६२ अनुसार जम्मा ६८ जना मध्ये ४४ जना पुरुष र महिला २४ जना देखाईएको छ यिनीहरुको साक्षरता दर ४० प्रतिशत रहेको छ[४] । यस गाविसका अशक्त पुरुष र महिलाको संख्या करिब वराबर नै छ । महिला पुरुषको तुलनामा एकजना ज्यादा अशक्त रहेको देखिन्छ । अशक्ततामा पनि शारीरिक, मानसिक, दृष्टिसम्बन्धी, श्रवणसम्बन्धी र अन्य प्रकारका अशक्तता पर्दछन् । विशेष गरी यस गाविसमा शारीरिक अशक्तताको संख्या अन्य प्रकारका अशक्तताका तुलनामा ज्यादाँ रहेको देखिन्छ ।

रेखाचित्र ९




[४] सि.वि.आर,.अपाङ्गता सर्वेक्षण, २०६२

# २ सामाजिक विकास
## २.१ स्वास्थ्य
### २.१.१ उपचारका लागि पहिला सेवा

यहां सामान्यतया स्थानीयवासीहरु विरामी पर्दा पहिलो पटक कसरी कहांबाट सेवा प्राप्त गर्दछन् भन्ने विषयमा अधिकांशले स्वास्थ्य चौकीबाट धेरै सेवा लिएको देखिए तापनि सिधै औषधी पसलबाट उपचार गराउनेको संख्या पनि सोही हाराहारीमा देखिन्छ । मानिसहरु विरामी हुँदाका बखत स्थानीय स्वास्थ्यचौकी, टाढा ठूला अस्पताल र अन्य स्थानमा पनि उपचार गराउने गर्दछन् । यसको विस्तृत विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. २०: उपचार गराउन जाने सस्था सम्वन्धी विवरण**

| सि. नं. | स्थान | घरपरिवार संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | १३७० |
| २ | नर्सिङ्ग होम/क्लिनिक | ८१ |
| ३ | स्थानिय धामी झाक्री | ८५ |
| ४ | औषधी पसलवाट | १२७४ |
| जम्मा | | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकानुसार यस गाविसका जम्मा २ हजार ८ सय १० घरपरिवारमध्ये १ हजार ३ सय ७० परिवारले विरामी पर्दा स्थानीय स्वास्थ्य चौकीमा गएर उपचार गर्ने गरेको पाइन्छ । यसैगरी ८१ परिवारले नर्सिङ्गहोम तथा प्राइभेट क्लिनीक तथा १ हजार २ सय ७४ जनाले स्थानीय औषधी पशलमा सोधेर विरामी पर्दा उपचार गर्ने गरेको विवरण प्राप्त भएको छ । यसैगरी ८५ जनाले भने विरामी पर्दा स्थानीय धामीझाँक्री लगाएर उपचार गर्ने कुरा बताएका छन् । समग्रमा सरकारले स्वास्थ्य सेवालाई आधारभुत आवश्यकताको रुपमा राखेर न्युनतम सेवालाई निशुल्क गरेको परिणाम स्वरुप स्वास्थ्य चौकीबाट सेवा लिनेहरुको संख्यामा सुधार हुदै आईरहेको छ ।

### २.१.२ स्वास्थ्य सेवाको पहुंच

सरकारले एक गाविस एक स्वास्थ्य चौकीको व्यवस्था गरेपनि एकघण्टा भन्दा बढी समय लगाएर धाउनु पर्ने अवस्था अहिले विद्यमान रहेको तथ्यांकले देखाउछ । घरपरिवारलाई आफ्नो नजिकको पायक पर्ने हिसावमा लिएको सो विवरणबाट यस गाविसका करिव आधा जनसंख्यालाई घरदेखि एकघन्टा भन्दा कम समयमा स्थानीय स्वास्थ्य चौकीसम्म पुग्न सकिने सुविधा उपलब्ध छ । यस विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं.२१: नजिकको स्वास्थ्य चौकी जान लाग्ने समयको विवरण**

| वडा नं. | स्वास्थ्य चौकी जान लाग्ने समय | | | | जम्मा |
|---|---|---|---|---|---|
| | १५ मिनेटभन्दा कम | ३० मिनेट भन्दा कम | ६० मिनेट भन्दा कम | ६० मिनेट भन्दा बढी | |
| १ | ४ | ३६ | २७४ | १९ | ३३३ |
| २ | ० | ० | १ | १७१ | १७२ |
| ३ | ० | ० | २३ | ३१८ | ३४१ |
| ४ | ० | १ | ४२ | १७२ | २१५ |
| ५ | ० | ६ | ४९ | ८३ | १३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | १ | ३३ | ३२६ | ७ | ३६७ |
| ७ | ८० | ३० | ५४ | ० | १६४ |
| ८ | ६१ | २१४ | ८२ | २० | ३७७ |
| ९ | ५ | ४३ | १६७ | ४८८ | ७०३ |
| जम्मा | १५१ | ३६३ | १०१८ | १२७८ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा दिइए अनुसार यस गाविसका १ सय ५१ घरपरिवारले १५ मिनेटभन्दा कम समयमा नजिकको स्वास्थ्य चौकीमा पुग्ने गर्दछन् । यता एक घन्टाभन्दा ज्यादा स्वास्थ्यचौकी पुग्न हिंड्नुपर्ने परिवारको संख्या भने १ सय २ सय ७८ रहेको छ । विशेष गरी वडा नं २, ३, ४, ५ र ९ को अधिकांश घरपरिवारले अहिले पनि स्वास्थ्य सेवाको पहुंचबाट बन्चित हुनु परिरहेको छ ।

### २.१.३ एच्आईभी र एड्स सचेतना

वास्तवमा मोरङ जिल्ला एच्आईभी र एड्सको जोखिममा रहेको छ । जिल्ला एड्स समन्वय शाखाको तथ्यांक अनुसार यस जिल्लामा एच.आई.भी. पोजेटिम जम्मा ८०७ जना रहेकोमा हालसम्म १४१ जनाको मृत्यु भइसकेको छ (फाल्गुन, २०६७) । तसर्थ यस जिल्लाका मानिसहरुमा यसका बारेमा जानकारी हुन पनि आवश्यक छ । यस जिल्लाका विभिन्न गाविसहरुमा जिल्ला एड्स समन्वय समिति र विभिन्न संघसंस्थाहरुले विभिन्न प्रकारका चेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आएका छन् । यहाँका थुप्रै मानिसहरुलाई यसका बारेमा सामान्य रुपमा जानकारी पनि भएको पाइन्छ । यस गाविसका मानिसहरुमा एच्आईभी र एड्सका बारेमा भएको जानकारी तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. २२: घरपरिवारको आधारमा एच.आई.भि./एड्सवारे जानकारी**

| वडा नं. | एच.आई.भि./एड्स सम्वन्धी जानकारी | | जम्मा |
|---|---|---|---|
| | भए | नभएको | |
| १ | ११० | २२३ | ३३३ |
| २ | १०७ | ६५ | १७२ |
| ३ | ७४ | २६७ | ३४१ |
| ४ | १०० | ११५ | २१५ |
| ५ | ५१ | ८७ | १३८ |
| ६ | २४५ | १२२ | ३६७ |
| ७ | १३१ | ३३ | १६४ |
| ८ | ३५२ | २५ | ३७७ |
| ९ | ४४९ | २५४ | ७०३ |
| **जम्मा** | १६१९ | ११९१ | २८१० |
| **प्रतिशत** | ५७.५ | ४२.५ | १०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

मथिको तालीकामा देखाइए अनुसार मोरङको यस गाविसका विभिन्न घरपरिवारमध्ये १ हजार ६ सय १९ परिवारलाई एच्आईभी र एड्सबारे जानकारी भएको पाइएको छ भने बाँकी १ हजार १ सय ९१ परिवार यसबारे अनभिज्ञ छन् । तसर्थ यस गाविसमा एच्आईभी र एड्सबारे जनचेतनाको अभाव रहेको देखिन्छ ।

रेखाचित्र १०




### २.१.४ दीर्घ रोगीको अवस्था

दीर्घरोग भन्नाले क्यान्सर, मधुमेह, टि.वी., मुटुको रोग आदीलाई बुझाउछ । यस्ता रोगहरुको प्रकोपमा रहेको जनसंख्या पनि समाजको लागि थप व्ययभारको रुपमा हुने हुदां यस गाविसमा दीर्घ रोग भएका मानिसहरुको संख्या जम्मा १ सय ९० रहेको पाइन्छ ।। यस गाविसमा पुरुष १ सय ८ र महिला ८२ जना दीर्घरोगी भएका देखिन्छन् ।

## २.२ शिक्षा

### २.२.१ साक्षारता

जिल्लाको साक्षरता दर ५७ प्रतिशत रहेको छ[५] । यस गाविसको कुल साक्षरता दर ६६.३२ प्रतिशत रहेको छ जसमा पुरुषहरुको ७४.९८ र महिलाको ५७.२२ प्रतिशत रहेको छ । यसरी यस गाविसमा महिलाको तुलनामा पुरुषहरुको साक्षरता दर ज्यादा रहेको देखिन्छ । तर २०५८ को आधारमा विश्लेषण गर्ने हो भने समग्रमा साक्षरता निकै द्रुत गतिमा बढेर गएको छ जसवेला जम्मा साक्षरता दर ४० प्रतिशत रहेकोमा महिलाको ३०.४३ प्रतिशत र पुरुषको ४५.२४ प्रतिशत रहेको देखिन्छ ।[६] तलको तालीकामा यस गाविसको साक्षरता दर देखाइएको छ ।

**तालीका नं. २३ उमेर समुह तथा लिङ्ग अनुसार निराक्षर र साक्षरताको विवरण**

| सि.नं. | उमेर समुह | पुरुष | | | महिला | | |
|---|---|---|---|---|---|---|---|
| | | निराक्षर | साक्षर | साक्षर प्रतिशत | निराक्षर | साक्षर | साक्षर प्रतिशत |
| १ | ३-१५ | ३०८ | १६५४ | ८४.३० | २७५ | १५६० | ८५.०१ |
| २ | १६-४५ | ६८९ | ३१०० | ८१.८२ | १४२७ | २१८१ | ६०.४५ |
| ३ | ४६-६० | ४६० | ४४३ | ४९.०६ | ७७९ | ११४ | १२.७७ |
| ४ | ६१ भन्दा माथी | ३३१ | १६१ | ३२.७२ | ४२६ | ३३ | ७.१९ |
| **जम्मा** | | १७८८ | ५३५८ | **७४.९८** | २९०७ | ३८८८ | **५७.२२** |
| **कुल साक्षरता प्रतिशत ६६.३२** | | | | | | | |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०६६

[५] केन्द्रीय तथ्यांक विभाग, जनगणना २०५८

[६] जिविस मोरङ्ग,जिल्ला पारुर्श्व चित्र, २०६४

माथिको तालीकामा मोरङको यस गाविसमा महिलाको तुलनामा पुरुषहरुको साक्षरताको प्रतिशत ज्यादा रहेको देखिन्छ । सामान्यतया आजसम्म पनि छोराको तुलनामा छोरीहरुलाई विद्यालय पठाउने प्रचलन कम मात्रामा रहेको हुनाले यहाँ पुरुषका तुलनामा महिलाहरुको साक्षरता दर कम रहेको हो । यसमा पनि आदिवासी जनजातिमा निराक्षरताको दर ज्यादा रहेको देखिन्छ ।

यसैगरी उमेर र लिंगका आधारमा साक्षरता दर विश्लेषण गर्दा सवैभन्दा ज्यादा साक्षर ३ देखि १५ वर्ष समुहका मानिसहरु छन् । उनीहरुको उमेर विद्यालय जाने भएकाले पनि उनीहरुको साक्षरता दर ज्यादा देखिएको हो । तालीकामा उल्लेख गरे अनुसार सवैभन्दा कम साक्षरता भएको समुह ६१ वर्षभन्दा माथिको उमेर समुहका मानिसहरुको रहेका छन् । यसमा पनि पुरुष साक्षरता दर ३२.७२ प्रतिशत रहेको छ भने महिला साक्षरता दर भने यसभन्दा निकै कम मात्र ७.१९ प्रतिशत रहेको देखिन्छ । अघिल्लो पुस्ताका मानिसहरु भएको कारण यो समुहको साक्षरता दर कम रहेको हो । यसरी यस गाविसमा निराक्षरताको अवस्था महिलाहरुको नै संख्यामा बढी रहेको छ । तरपनि ३ देखि १५ वर्षको उमेर समुहलाई ख्याल गर्ने हो भने चाहिं पुरुषका तुलनामा महिलाहरुको साक्षरताको प्रतिशत ज्यादा रहेको छ ।

रेखाचित्र ११




## २.२.२ जातिगत आधारमा साक्षारता

जातियताका आधारमा साक्षरताको अवस्था हेर्दा सवै जातजातिमा साक्षरता दर एकै प्रकारको रहेको पाइँदैन । सामान्यतया क्षेत्रीब्राह्मणमा साक्षरता दर ज्यादा रहेको पाइन्छ भने आदिवासी तथा जनजाति समुदायमा यो दर पनि कम रहेको देखिन्छ । संख्यागत रुपमा हेर्दा विगत २०५८ को तुलनामा दलित जातीको संख्या १ हजार १ सय ४५ रहेको थियो । तर जातजातीको स्पष्ट वर्गीकरणको अभावमा अन्य जनजती भने ६ हजार ४ सय ५४ र अन्य जातीको संख्या ४ हजार ६ सय ७८ थियो[७] । तलको तालीकामा यस गाविसको जातिय आधारमा साक्षरता र निराक्षरता दर देखाइएको छ ।

**तालीका नं. २४: जातिय आधारमा साक्षरता विवरण**

| सि.नं. | जातजाती | निरक्षर | साक्षर | कुल जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आदिवासी जनजाती | २७८४ | ४७१८ | ७५०२ | ६२.८९ |
| २ | दलित | ६२२ | ४४० | १०६२ | ४१.४३ |

[७] केनद्रीय तथ्यांक विभाग, जनगणना २०५८

| सि.नं. | जातजाती | निरक्षर | साक्षर | कुल जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|
| ३ | मधेशी पिछडा वर्ग | १७३ | ३६८ | ५४१ | ६८.०२ |
| ४ | अन्य जातजाती | १११६ | ३७२० | ४८३६ | ७६.९२ |
| जम्मा | | ४६९५ | ९२४६ | १३९४१ | ६६.३२ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाईए अनुसार मोरङको यस गाविसमा कूल साक्षरता दर ६६.३२ रहेको छ । यसलाई जातियताका हिसावमा हेर्ने हो भने सवैभन्दा ज्यादा साक्षरता अन्य जातजातिमा रहेको छ । यहाँ अन्य जातजाति अन्तर्गत क्षेत्री ब्राह्मण र अन्य जातजाति पर्दछन् । तसर्थ यहाँ अन्यत्रको सरह नै क्षेत्री ब्राह्मण समुदायमा साक्षरता दर ज्यादा रहेको देखिन्छ । यता सवैभन्दा कम साक्षरता दर भने दलित समुदायमा रहेको छ, जसमा जम्मा ४१.४३ प्रतिशत मानिसहरुमात्र साक्षर रहेका छन् । समग्रमा कुल साक्षरता दरको हिसाबले विश्लेषण गर्दा प्रायः सबै जातजातीको साक्षरता दर दलित बाहेक हाराहारीमा नै देखिन्छ ।

रेखाचित्र १२




### २.२.३ तहगत शैक्षिक अवस्था

शिक्षाको स्तर लिङ्गको आधारमा कसले कति कक्षा उतिर्ण गरेको छ भन्ने सुचनाहरुको विश्लेषण गरिएको छ । यसबाट हेर्दा यहां ३ वर्षभन्दा माथिको जम्मा १३ हजार ९ सय ४१ जनसंख्या मध्ये ४ हजार ६ सय ९५ जना निराक्षर छन् जसमा पनि निराक्षर महिलाको संख्या पुरुषको तुलनामा निकै ज्यादा रहेको देखिन्छ भने बाँकी मानिसहरुले विभिन्न स्तरसम्मको शिक्षा लिएको देखिन्छ । यस गाविसका मानिसहरुको शैक्षिक स्तरलाई तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. २५ लिङ्ग अनुसार ३ वर्ष वा सो भन्दा माथीको जनसंख्याले उत्तिर्ण गरेको शिक्षा**

| सि.नं. | उत्तिर्ण गरेको शिक्षा | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | निराक्षर | १७८८ | २९०७ | ४६९५ |
| २ | साधारण लेखपढ | ५५० | ३६२ | ९१२ |

| सि.नं. | उत्तिर्ण गरेको शिक्षा | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| ३ | पूर्व प्रा.वि. | ११३१ | ९१० | २०४१ |
| ४ | प्रा. वि. | ६७८ | ५६३ | १२४१ |
| ५ | नि. मा. वि. | ८०१ | ६०४ | १४०५ |
| ६ | मा. वि. | ८७६ | ६८५ | १५६१ |
| ७ | एस. एल. सी. | ६९३ | ४१६ | ११०९ |
| ८ | प्रविणता प्रमाणपत्र | ४१२ | २६१ | ६७३ |
| ९ | स्नातक तह | १२७ | ६१ | १८८ |
| १० | स्नातकोत्तर तह वा माथी | ७२ | २० | ९२ |
| ११ | प्राविधिक शिक्षा | १८ | ६ | २४ |
| जम्मा | | ७१४६ | ६७९५ | १३९४१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार एस.एल.सी. जस्तो महत्वपूर्ण खुट्किलो पार गर्नेहरुको संख्या अन्य तहको भन्दा न्युन नै रहेको छ । जसको कारण उच्च शिक्षामा अध्ययन गर्नेहरुको संख्या समेत कम हुन गएको हो । यस गाविसका ९२ जना मानिसहरुले स्नातकोत्तर या त्यसभन्दा माथिल्लो तहसम्मको अध्ययन गरेका छन् । यसैगरी प्राविधिक शिक्षा लिने मानिसहरुको संख्या यस गाविसमा जम्मा २४ जना रहेको देखिन्छ । त्यस्तै उच्च शिक्षा लिनेमा पनि पुरुषहरुको तुलनामा महिलाहरुको संख्या निकै कम रहेको देखिन्छ ।

वडागत आधारमा शिक्षाको स्तर हेर्दा विभिन्न वडाहरुमा विभिन्न स्तरको अध्ययन भएका मानिसहरुको जनसंख्या रहेको देखिन्छ । निराक्षर देखि लिएर स्नानतकोत्तर तह तथा त्यसभन्दा पनि माथिसम्म अध्ययन गरेका मानिसहरु समेत यस गाविसमा पाइएका छन् । तलको तालीकामा यस गाविसका मानिसहरुको वडागत शैक्षिक स्तर देखाइएको छ ।

**तालीका नं. २६ वडागत ३ वर्ष वा सो भन्दा माथीको जनसंख्याले उत्तिर्ण गरेको शिक्षा**

| सि.नं. | उत्तिर्ण गरेको शिक्षा | वडा नं | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | निराक्षर | ५४८ | २८० | ७९९ | ४०५ | २१० | ६१७ | २३१ | ५४३ | १०६२ | ४६९५ |
| २ | साधारण लेखपढ | १४२ | ३३ | १६ | ८६ | ७७ | ९५ | ५२ | ५९ | ३५२ | ९१२ |
| ३ | पूर्व प्रा.वि. | १८२ | १४८ | २७० | १९१ | ८८ | २९२ | ११० | २८७ | ४७३ | २०४१ |
| ४ | प्रा. वि. | १२२ | ४८ | ८५ | ११३ | ७१ | २४७ | ८८ | १८१ | २८६ | १२४१ |
| ५ | नि. मा. वि. | १२९ | ९८ | १३७ | ८५ | ९८ | १७७ | ९३ | २०८ | ३८० | १४०५ |
| ६ | मा. वि. | २२३ | ४९ | ८८ | ८४ | ८४ | १३० | ९५ | ३११ | ४९७ | १५६१ |
| ७ | एस. एल. सी. | ८२ | ११८ | ११६ | ६४ | ३८ | १५९ | ७६ | १७४ | २८२ | ११०९ |
| ८ | प्रविणता प्रमाणपत्र | ५२ | ४४ | २९ | ४३ | ३२ | ३७ | ६३ | ५९ | ३१४ | ६७३ |
| ९ | स्नातक तह | १९ | १२ | १ | २२ | २० | १२ | १६ | १७ | ६९ | १८८ |

| सि.नं. | उत्तिर्ण गरेको शिक्षा | वडा नं | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १० | स्नातकोत्तर तह र माथी | १५ | ३ | | १० | १० | २ | ६ | ९ | ३७ | ९२ |
| ११ | प्राविधिक शिक्षा | १ | | | | | १२ | | ६ | ५ | २४ |
| | जम्मा | १५१५ | ८३३ | १५४१ | ११०३ | ७२८ | १७८० | ८३० | १८५४ | ३७५७ | १३९४१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यस गाविसको सवैभन्दा ज्यादा संख्यामा निराक्षर, साक्षर र उच्च शिक्षा हासिल गरेका मानिसहरु वडा नं. ९ मा बसेको देखिन्छ । अन्य वडाका तुलनामा यस वडाको जनसंख्या ज्यादा रहेकाले पनि यस्तो देखिएको हो । उच्च शिक्षाको सवालमा पनि यस गाविसमा जम्मा ९२ जनाले स्नातकोत्तर तह र त्यस माथिको शिक्षा लिएको देखिन्छ । यसमा पनि यस्तो शिक्षा लिनेहरुको सवैभन्दा वढी संख्या ३७ यस गाविसको वडा नं. ९ मानै रहेको छ । यसैगरी यस गाविसको वडा नं. ३ मा भने कसैले पनि यस तहको अध्ययन गर्न सकेको देखिंदैन । यसैगरी प्राविधिक शिक्षाको हकमा भने वडा नं. २, ३, ४, ५ र ७ का कुनै पनि व्यक्तिले प्राविधिक शिक्षा लिएको पाइँदैन । मुख्यतया जातीगत बसोवासको असमानताको कारण शिक्षाको स्तर पनि फरक फरक रहेन गएको हो ।

यस गाविसमा उमेर समुहका आधारमा शिक्षाको स्थिति ख्याल गरेको खण्डमा जम्मा ४ हजार ५ सय ५९ जना मानिसहरु कहिलै पनि विद्यालय नगएको देखिन्छ । यसैगरी हाल विद्यालय तथा उच्च शिक्षामा अध्ययन गरिरहेका मानिसहरुको संख्या ४ हजार ३ सय १८ रहेको छ । तलको तालीकामा विभिन्न उमेरका मानिसहरुको शिक्षाको अवस्था प्रस्तुत गरिएको छ ।

**तालीका नं. २७ उमेर समुह अनुसार हालको शैक्षिक विवरण**

| सि.नं. | उमेर समुह | हाल शिक्षाको स्थिती | | | जम्मा |
|---|---|---|---|---|---|
| | | हाल पढिरहेको | स्कुल जान छाडेको | कहिल्यै स्कुल नगएको | |
| १ | ३-१५ | ३१७५ | ९२ | ५३० | ३७९७ |
| २ | १६-४५ | ११४३ | ४१८८ | २०६६ | ७३९७ |
| ३ | ४६-६० | ० | ५८६ | १२१० | १७९६ |
| ४ | ६१ भन्दा माथी | ० | १९८ | ७५३ | ९५१ |
| जम्मा | | ४३१८ | ५०६४ | ४५५९ | १३९४१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार हाल अध्ययन गरिरहेका ३ देखि १५ वर्षका स्कुले उमेरका मानिसहरुको संख्या जम्मा ३ हजार ७ सय ९७ रहेको छ । यसैगरी १६ देखि ४५ वर्ष उमेर समुहका जम्मा ७ हजार ३ सय ९७ जनामध्ये १ हजार १ सय ४३ जना हालसम्म पनि अध्ययन गरिरहेका छन् भने ३ देखि १५ वर्ष उमेर समुहका स्कुल जान छाडेका बालवालिकाको संख्या ९२ रहेको छ । यता कहिल्यै विद्यालय नगएका यस उमेरका बालबालिका भने ५३० जना रहेको छ । यसबाट यस गाविसमा विद्यालय छाड्ने क्रम पनि निकै तिब्र रहेको बुझ्न सकिन्छ ।

हालको शिक्षाको स्थिति हेर्दा यस गाविसमा बसोवास गर्ने ३ वर्षभन्दा माथिका जम्मा १३ हजार ९ सय ४१ जना जनसंख्या मध्येमा हाल पढिरहेका मानिसहरुको संख्या ४ हजार ३ सय १८ छन् ।

यसैगरी स्कुल जान छाडेकाको संख्या ५ हजार ६४ छन् भने कहिल्यै पनि स्कुल नगएका भने १ हजार ५ सय १५ छन् । तलको तालीकामा वडा अनुसारको शिक्षाको अवस्था झल्काइएको छ ।

**तालीका नं. २८ वडानुसार तीनवर्ष वा सो भन्दा माथीको जनसंख्याको हालको शिक्षा**

| वडा नं. | हाल शिक्षाको स्थिती | | | जम्मा |
|---|---|---|---|---|
| | हाल पढिरहेको | स्कुल जान छाडेको | कहिल्यै स्कुल नगएको | |
| १ | ४६१ | ५०७ | ५४७ | १५१५ |
| २ | २७२ | २८५ | २७६ | ८३३ |
| ३ | ३८४ | ३६२ | ७९५ | १५४१ |
| ४ | ३६२ | ३५३ | ३८८ | ११०३ |
| ५ | २६६ | २५४ | २०८ | ७२८ |
| ६ | ५८५ | ६१४ | ५८१ | १७८० |
| ७ | २६७ | ३४५ | २१८ | ८३० |
| ८ | ५५१ | ७८८ | ५१५ | १८५४ |
| ९ | ११७० | १५५६ | १०३१ | ३७५७ |
| जम्मा | ४३१८ | ५०६४ | ४५५९ | १३९४१ |
| गाविस भित्र अध्ययनरत | २९९३ | | | |
| गाविस बाहिर अध्ययनरत | १३२५ | | | |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा यस गाविसको विभिन्न वडाका विद्यालय जाने र नजाने बालबालिकाको विवरण दिइएको छ । उक्त तालीकामा भए अनुसार हाल पढीरहेका सवैभन्दा ज्यादा बालबालिका यस गाविसको वडा नं. मा रहेका छन् । उक्त वडामा स्कुल जाने विद्यार्थीको संख्या जम्मा ११७० रहेको छ । यता सवैभन्दा कम संख्यामा विद्यार्थी विद्यालय जाने गरेको वडा भने वडा नं. ५ हो, जुन वडामा जम्मा २६६ जनामात्र विद्यार्थीहरु रहेका छन् ।

यस गाविसका विभिन्न वडाका बालबालिकाहरु गाविस भित्र र गाविस बाहिरका विद्यालयहरुमा समेत अध्ययन गर्ने गर्दछन् । माथिको तालीकामा देखाइए अनुसार यहांका जम्मा २९९३ जना केटाकेटीहरु आफ्नै गाविस भित्रका विभिन्न विद्यालयहरुमा अध्ययन गरिरहेको देखिन्छ भने बाँकी १३२५ जना भने गाविस बाहिर अर्कै विद्यालयहरुमा गएर अध्ययन गर्ने गरेको पाइएको छ ।

### २.२.४ जातिगत आधारमा शैक्षिक स्तर

यस गाविसमा रहेका विभिन्न जातजातिमा साक्षरताको प्रतिशत समान रहेको देखिन्दैन । सामान्यतया यहाँका विभिन्न जातजाति मध्ये सवैभन्दा ज्यादा साक्षरताको प्रतिशत रहेको जाति धानुक र कायस्थ जस्तो देखिन्छ जसको संख्या पनि कम रहेको छ । यहाँका मुख्य जातजातिमा भने सवैभन्दा ज्यादा साक्षरता दर भएको जाति ब्राह्मण हो, जसको साक्षरता प्रतिशत ७८.४२ रहेको छ । यसको अलावा यस गाविसका जातजातिको साक्षरता प्रतिशत तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. २९ जातजाति अनुसार निराक्षर र साक्षरता विवरण**

| सि.नं. | जातजाती | निराक्षर | साक्षर | कुल जनसंख्या | जातिय जनसंख्याको आधारमा साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | ७४३ | २३४३ | ३०८६ | ७५.९२ |
| २ | थारु | ११४१ | १८३० | २९७१ | ६१.६० |

| सि.नं. | जातजाती | निराक्षर | साक्षर | कुल जनसंख्या | जातिय जनसंख्याको आधारमा साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|
| ३ | ब्राह्मण (पहाड) | ३५३ | १२८३ | १६३६ | ७८.४२ |
| ४ | खवास | ६१५ | ७७१ | १३८६ | ५५.६३ |
| ५ | नेवार | १४० | ४८१ | ६२१ | ७७.४६ |
| ६ | मुसहर | ३६३ | ९० | ४५३ | १९.८७ |
| ७ | राई | १३८ | ३०६ | ४४४ | ६८.९२ |
| ८ | राजवंशी | १६२ | २२९ | ३९१ | ५८.५७ |
| ९ | तामाङ्ग | ७५ | २२६ | ३०१ | ७५.०८ |
| १० | लिम्बु | ७९ | २१४ | २९३ | ७३.०४ |
| ११ | मगर | ६९ | १४५ | २१४ | ६७.७६ |
| १२ | कामी | ७२ | १२४ | १९६ | ६३.२७ |
| १३ | धिमाल | ७० | १२० | १९० | ६३.१६ |
| १४ | दमाई | ५२ | १२७ | १७९ | ७०.९५ |
| १५ | झागर/डागर | ८७ | ७२ | १५९ | ४५.२८ |
| १६ | गुरुङ्ग | ४३ | ११० | १५३ | ७१.९० |
| १७ | बातर | ७९ | ५८ | १३७ | ४२.३४ |
| १८ | सन्थाल/सतार | ६७ | ५३ | १२० | ४४.१७ |
| १९ | तेली | २८ | ८९ | ११७ | ७६.०७ |
| २० | घर्ती/भुजेल | ४० | ७४ | ११४ | ६४.९१ |
| २१ | कौरी | २७ | ६६ | ९३ | ७०.९७ |
| २२ | सन्यसी | १५ | ७२ | ८७ | ८२.७६ |
| २३ | मुस्लिम | २२ | ४९ | ७१ | ६९.०१ |
| २४ | माझी | २१ | ३४ | ५५ | ६१.८२ |
| २५ | सार्की | २३ | २९ | ५२ | ५५.७७ |
| २६ | कल्वार | १४ | ३५ | ४९ | ७१.४३ |
| २७ | अमात | १८ | २७ | ४५ | ६०.०० |
| २८ | दनुवार | १५ | २७ | ४२ | ६४.२९ |
| २९ | ठाकुर / हजाम | १७ | २१ | ३८ | ५५.२६ |
| ३० | यादव | १६ | २० | ३६ | ५५.५६ |
| ३१ | हलुवाई | ६ | २८ | ३४ | ८२.३५ |

| सि.नं. | जातजाती | निराक्षर | साक्षर | कुल जनसंख्या | जातिय जनसंख्याको आधारमा साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|
| ३२ | कुमाल | १८ | १५ | ३३ | ४५.४५ |
| ३३ | चमार | २२ | ७ | २९ | २४.१४ |
| ३४ | ठकुरी | ३ | १४ | १७ | ८२.३५ |
| ३५ | डोम | ११ | ५ | १६ | ३१.२५ |
| ३६ | बनिया | ४ | १० | १४ | ७१.४३ |
| ३७ | कमार | ६ | ८ | १४ | ५७.१४ |
| ३८ | सुनुवार | ३ | १० | १३ | ७६.९२ |
| ३९ | सुडि | ४ | ४ | ८ | ५०.०० |
| ४० | मल्लाह | ३ | ४ | ७ | ५७.१४ |
| ४१ | बरैई | ४ | ३ | ७ | ४२.८६ |
| ४२ | ब्राह्मण तराई | २ | ४ | ६ | ६६.६७ |
| ४३ | सोनार | २ | ३ | ५ | ६०.०० |
| ४४ | कायष्थ | ० | ४ | ४ | १००.०० |
| ४५ | कुर्मी | २ | १ | ३ | ३३.३३ |
| ४६ | धानुक | ० | १ | १ | १००.०० |
| ४७ | शेर्पा | १ | ० | १ | ०.०० |
| ***जम्मा*** | | ४६९५ | ९२४६ | १३९४१ | ६६.३२ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाई अनुसार कायस्थ र धानुक जातिमा साक्षरता दर सतप्रतिशत रहेको देखिन्छ, जसको मतलव यहाँ सिमित संख्यामा मात्र यी जातजातिका मानिसहरु बसोवास गरेका छन् र उनीहरु सवै साक्षर छन् । यहाँको ठूलो जनसंख्या रहेको जाति विशेषको साक्षरता दर केलाएको खण्डमा मात्र यसको यथार्थता स्पष्ट हुने गर्दछ । यस आधारमा यस गाविसमा ब्राह्मण पछि क्षेत्री, नेवार, तामाङ्ग, लिम्बू, दमाई र गुरुङ्गको साक्षरता दर ज्यादा रहेको छ । जम्मा १०० जनाभन्दा कम जनसंख्या रहेका स्थानीय आदिवासी जनजातिको तथ्याङ्कले पनि उनीहरुमा साक्षरता दर निकै बढी रहेको देखाएको छ ।

### २.२.५ शैक्षिक संस्था

यस गाविस भित्र सार्वजनिक विद्यालयहरु वडा नं. ७ बाहेक अन्य विभिन्न वडाहरुमा ७ वटा रहेका छन् । यसमा वडा नं १ उच्च मा.वि. र वडा नं. ९ मा एक मा.वि. रहेका छन् भने नि.मा.वि. ३ वटा र प्रा.वि. स्तरका २ वटा छन् । यसैगरी निजी क्षेत्रमा संचालित मा.वि. १ र नि.मा.वि .स्तरको २ वटा र प्रा.वि.स्तरको १ विद्यालय रहेका छन् । यसको विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ३० गाविस भित्रका विद्यालयहरुको विवरण**

| सि.नं. | विद्यालयको नाम | वडा नं. | किसिम | बालविकास केन्द्र अध्ययनरत बालबालिका |
|---|---|---|---|---|
| १ | श्री जनता उच्च मा.वि. | १ | सरकारी | ३० |
| २ | श्री जनता मा.वि. | ९ | ,, | ४० |
| ३ | श्री महेन्द्र नि.मा.वि. | २, ३ | ,, | ४० |
| ४ | श्री रामजानकी नि.मा.वि. | ५, ६ | ,, | ५० |
| ५ | श्री सुकुना नि.मा.वि. | ९ | ,, | ३० |
| ६ | श्री देवकोटा प्रा.वि. | ४ | ,, | ३० |
| ७ | श्री किसान प्रा.वि. | ८ | ,, | ३० |
| ८ | प्रगति इग्लिस बोर्डिङ्ग स्कुल | ३ | निजी | सिंहदेवी बाल वि.के.४० |
| ९ | द हिमालय बोर्डिङ्ग स्कुल | ६ | ,, | जम्मा २९० |
| १० | ज्ञानोद्धय बोर्डिङ्ग स्कुल | ६ | ,, | |
| ११ | NA | ९ | ,, | |

स्रोतः गाविसको कार्यलय, २०६७

### २.२.६ बाल विकास केन्द्र

यस गाविसमा प्राथमिक विद्यालय जाने उमेर नपुगेका तीनवर्ष माथि पाचवर्षका मुनीका बालबालिकाको संख्या ५ सय ५८ जना रहेका छन् । यिनीहरु मध्ये कुल २ सय ९० जना बालबालिका गाविसका विभिन्न विद्यालयमा संचालित बालविकास केन्द्रहरुमा अध्ययन गर्दछन् । यसरी हेर्दा बालविकास केन्द्रमा जाने बालबालिका झण्डै ५२ प्रतिशत मात्र रहेको देखिन्छ ।

### २.२.७ विद्यालय जान लाग्ने समय

विद्यालयको सहजताको कारण शिक्षा हासिल गर्ने वा नगर्ने विषय जोडिएको हुन्छ । समुदायको पहुंचबाट विद्यालय कति दरीमा रहेको छ भन्ने कुरालाई विश्लेषण गर्दा सामान्यतया यस गाविसका अधिकांश बालबालिकाले आधाघण्टा भन्दा बढी पैदल हिडेर शिक्षा आर्जन गरिरहेका छन् । अहिले समयमा पनि एकघण्टा भन्दा बढी हिड्नु पर्ने बाध्यतामा पनि केही विद्यार्थी रहेका छन् । वडागत आधारमा बसोवास गरेको क्षेत्रबाट नजिकको स्कुल पुग्न लाग्ने समय तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. ३१ वडा अनुसार नजिकको स्कुल जान लाग्ने समयको विवरण**

| वडा नं. | स्कुल जान लाग्ने समय | | | | जम्मा |
|---|---|---|---|---|---|
| | १५ मिनेटभन्दा कम | ३० मिनेट भन्दा कम | ६० मिनेट भन्दा कम | ६० मिनेट भन्दा वढी | |
| १ | १३ | ११६ | १९६ | ८ | ३३३ |
| २ | १५४ | १३ | ४ | १ | १७२ |
| ३ | २४० | ७८ | २२ | १ | ३४१ |
| ४ | १०४ | ७० | ३५ | ६ | २१५ |
| ५ | ७० | २१ | ३६ | ११ | १३८ |
| ६ | ३४२ | २३ | ० | २ | ३६७ |
| ७ | ९९ | ५५ | १० | ० | १६४ |
| ८ | १५२ | १३७ | ८५ | ३ | ३७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ४४५ | १९२ | ५३ | १३ | ७०३ |
| जम्मा | १६१९ | ७०५ | ४४१ | ४५ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा दिइएअनुसार यस गाविसका ४५ वटा घरपरिवारका बालबालिकाले नजिकको विद्यालय पुग्नका लागि एक घन्टाभन्दा ज्यादा समय पैदल यात्रा गर्नुपर्दछ । यसैगरी एक घन्टाभन्दा कम समयमा विद्यालय पुग्न सकिने परिवारको संख्या ४ सय ४१ रहेको छ । यता १ हजार ६ सय १९ घरपरिवारका बालबालिकाले भने १५ मिनेटभन्दा कम समयमा विद्यालय पुग्न सक्ने सुविधा पाएका छन् ।

# ३ भौतिक पूर्वाधार

## ३.१ आवासको अवस्था

### ३.१.१ घरको प्रकार सम्बन्धी विवरण

यस गाविसमा विद्यमान् घरको किसिम तथा बनोटको आधारमा विशेषगरी तिन प्रकारका घरहरु बनेका पाइन्छन् । यहाँ पक्की, कच्ची र काठका घरहरु बनेका छन् । वडागत आधारमा कहां कति कस्ता घरहरु छन भन्ने विवरण तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. ३२ वडा अनुसार घरको किसिम**

| वडा नं. | घरको किसिम | | | | जम्मा |
|---|---|---|---|---|---|
| | कच्ची | अर्धपक्की / काठको | पक्की | अन्य | |
| १ | २७० | ५२ | ११ | ० | ३३३ |
| २ | १४४ | २८ | ० | ० | १७२ |
| ३ | २७५ | ५२ | १४ | ० | ३४१ |
| ४ | १५६ | ५१ | ८ | ० | २१५ |
| ५ | ८१ | ५२ | ५ | ० | १३८ |
| ६ | १८९ | १५७ | १६ | ५ | ३६७ |
| ७ | ८४ | ७९ | १ | ० | १६४ |
| ८ | १९९ | १६२ | १५ | १ | ३७७ |
| ९ | २२५ | ३७० | ८१ | २७ | ७०३ |
| जम्मा | १६२३ | १००३ | १५१ | ३३ | २८१० |
| **घरको स्वामित्व** | निजी घर | भाडामा | सस्थागत | अन्य | |
| | २७१३ | ८३ | ६ | ८ | |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यहां कच्ची घरहरुको नै संख्या बढी मात्रमा रहेको छ भने पक्की घर न्यून मात्रमा छन जसको संख्या १ सय ५१ वटा छन् । यसैगरी अर्धपक्की या काठका घरहरुको संख्या जम्मा १ हजार ३ वटा रहेको देखिन्छ भने प्रकार नखुलेको घरहरु पनि ३३ वटा रहेका छन् । घरको स्वामित्वका आधारमा सवैभन्दा ज्यादा घरहरु नीजि स्वामित्व नै भएको पाइन्छन् जसको संख्या २ हजार ७ सय १३ भने भाडामा रहेका घरहरु ८३ वटा छन् । सार्वजानिक संघसंस्थाको स्वामित्वमा रहेको घर ज्यादै कम मात्रमा छन् भने कसैको पनि स्वामित्व नखुलेको घर ८ वटा रहेका देखिन्छन् ।




रेखाचित्र १३

### ३.१.२ जोखिममा रहेका घरपरिवार

यस जिल्लामा नदि कटान समस्या धेरै रहेको छ । यहांका धेरै नदीनालाहरुले बर्षैनी थुप्रै घरपरिवार वेसहारा बनाइ रहेको छ। यो गाविस पनि यस समस्याबाट ग्रसित रहेको देखिन्छ। यथोचित नदी नियन्त्रण योजनाको अभावमा सयौं धनजनको क्षति भइरहेको छ। जिल्लास्तरमा वा गाउ स्तरमा

यसको लागि दिर्घकालीन योजना बनाएर कार्य गर्न नसकेमा भविष्यमा यहांको कृषियोग्य जमिन बलुवामा परिणत हुने त छदैछ अर्कोतिर वेघरवार र सुकुम्बासीहरुको समस्या झन विकराल हुदै जानेछ । नदी कटानको खतरामा रहेका घरपरिवारको विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ३३ वडागत जोखिममा रहेको घरपरिवारको विवरण**

| वडा नं. | नदी कटान जोखिममा रहेको घरपरिवार | | जम्मा |
|---|---|---|---|
| | रहेको | नरहेको | |
| १ | १५ | ३१८ | ३३३ |
| २ | ६ | १६६ | १७२ |
| ३ | ० | ३४१ | ३४१ |
| ४ | ३६ | १७९ | २१५ |
| ५ | ७५ | ६३ | १३८ |
| ६ | १० | ३५७ | ३६७ |
| ७ | ० | १६४ | १६४ |
| ८ | २७३ | १०४ | ३७७ |
| ९ | २२२ | ४८१ | ७०३ |
| जम्मा | ६३७ | २१७३ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार वडागत रुपमा नदी कटान मुलत चिसाङ्ग खोलाको खतरामा रहेका घरपरिवारहरुको विवरण देखाइएको छ । यस गाविसका कुल घरपरिवार मध्ये ६ सय ३७ घरपरिवारलाई नदी कटानको खतारा रहेको देखिन्छ भने वडागत रुपमा हेर्दा सबैभन्दा बढी वडा नं. ८ र ९ मा क्रमशः २ सय ७३ र २ सय २२ घरपरिवार जोखिमयुक्त अवस्था रहेका छन् जसको लागि बेलैमा सोच्नु पर्ने देखिन्छ ।

रेखाचित्र १४




## ३.२ खानेपानी तथा सरसफाई

### ३.२.१ खानेपानी स्रोतको विवरण

स्वच्छ खोनपानी पिउन पाउनु पर्ने अधिकार सबै नागरिकको हो । तराईको अधिकांश भागमा ट्युवेलको पानी प्रयोगमा ल्याईएको पाइन्छ । यो पानी पनि कति मात्रमा स्वास्थ्यकर छ छैन त्यसको मापन हुन सकेको पाइन्दैन तापनि मानिसहरु अन्य विकल्प नभएर पिउन बाध्य छन् । यस गाविसका

मानिसहरुले खानेपानीका रुपमा विभिन्न स्थानको पानीलाई प्रयोगमा ल्याउने गरेका छन् । यस गाविसको पिउने पानीको श्रोतका बारेमा तलको तालीकामा विवरण दिइएको छ ।

**तालीका नं. ३४ पिउने पानीको मुख्य श्रोत अनुसार घरपरिवारको विवरण**

| वडा नं. | पिउने पानीको मुख्य श्रोत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | धारा | इनार/कुवा | टुवेल,कल | अन्य | |
| १ | ५ | १० | ३१७ | १ | ३३३ |
| २ | ४ | ४ | १६४ | ० | १७२ |
| ३ | २ | १ | ३३८ | ० | ३४१ |
| ४ | १ | १ | २१३ | ० | २१५ |
| ५ | ० | २ | १३६ | ० | १३८ |
| ६ | ४ | ४ | ३५९ | ० | ३६७ |
| ७ | १ | ० | १६२ | १ | १६४ |
| ८ | ४ | ४ | ३६९ | ० | ३७७ |
| ९ | १४ | ७ | ६५१ | ३१ | ७०३ |
| जम्मा | ३५ | ३३ | २७०९ | ३३ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यस गाविसका मानिसहरुले धारा, कुवा, इनार ट्युवेल र मुहानको पानीलाई खाने पानीका रुपमा प्रयोग गर्ने गरेको देखिन्छ । यसमा पनि ज्यादाजसो परिवारले भने ट्युवेलको पानीलाई नै खानेपानीको मुख्य श्रोतका रुपमा लिएका छन् । यसलाई मुख्य श्रोतका रुपमा प्रयोग गर्ने परिवारको संख्या २ हजार ७ सय ९ रहेको छ । यसैगरी ३३ घरपरिवारले इनार र कुवाँको तथा ३५ परिवारले धाराको पानी पिउने काममा प्रयोग गर्ने गरेको पाइएको छ ।

### ३.२.२ शौचालयको अवस्था

सरसफाईलाई स्वस्थ्य जिवनको आधारभुत अंगको रुपमा लिइएको छ । वातावरण असन्तुलनको मुख्य कारक तत्व नै जथाभावी दिशापिसाव र फोहरमैला नै हो । यसका लागि शौचालयको प्रयोग अनिवार्य हुन्छ । स्रहशाब्दी विकास लक्ष्य सन् २०१७ र जिल्ला विकास समिति मोरङ्गले आगामी सन् २०१५ सम्ममा यो जिल्लालाई खुल्ला दिशापिसाब मुक्त जिल्ला बनाउने अभियानमा जुटेको छ । यस अभियानलाई साकार बनाउन कतिपय गाविसहरुले कतिपय क्षेत्रलाई खुल्ला दिशापिसाब मुक्त घोषणाको थानली गर्न शुरु गरिसकेको छन् । यस गाविसमा सौचालयको अवस्था हेर्दा अहिले पनि ६२ प्रतिशत भन्दा धेरैको घरमा सौचालय नभएको देखिन आउछ । जसको विस्तृत विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ३५ शौचालयको भए नभएको घरपरिवार**

| वडा नं. | शौचालयको सुविधा | | | जम्मा |
|---|---|---|---|---|
| | विकसित चर्पी | साधारण | शौचालय नभएको | |
| १ | ३० | ४३ | २६० | ३३३ |
| २ | ४१ | १६ | ११५ | १७२ |
| ३ | ८ | ३१ | ३०२ | ३४१ |
| ४ | २५ | १४ | १७६ | २१५ |
| ५ | २९ | १८ | ९१ | १३८ |

| वडा नं. | शौचालयको सुविधा | | | जम्मा |
|---|---|---|---|---|
| | विकसित चर्पी | साधारण | शौचालय नभएको | |
| ६ | ५ | ९२ | २७० | ३६७ |
| ७ | ६९ | १५ | ८० | १६४ |
| ८ | ६७ | १०५ | २०५ | ३७७ |
| ९ | २६९ | १७६ | २५८ | ७०३ |
| जम्मा | ५४३ | ५१० | १७५७ | २८१० |
| **प्रतिशत** | **१९** | **१८** | **६३** | **१००** |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार कुल घरपरिवार मध्ये ५ सय ४३ वटा परिवारमा मात्र विकसित प्रकारको शौचालय निर्माण गरिएको देखिन्छ । यस बाहेक ५ सय १० परिवारमा साधारण शौचालय छ भने १ हजार ७ सय ५७ घरपरिवारमा शौचालय नै छैन । यसबाट के देखिन्छ भने सौचालय निर्माणको अभियानलाई विशेष प्राथमिकतामा राखेर गाविसले कार्यक्रम ल्याउनु पर्ने देखिन्छ ।

रेखाचित्र १५




## ३.३ उर्जा प्रयोग

### ३.३.१ वत्तीको स्रोत

हाम्रो देश जलश्रोतको धनी भएतापनि यहांका मानिसहरुले विजुली मुख हेर्न पुस्तौ पर्खनु पर्ने देखिन्छ । सामान्यत यस गाविसका ६९ प्रतिशत घरपरिवारमा विजुलीवत्ती पुगेको देखिन्छ भने झण्डै ३१ प्रतिशत घरपरिवार यसबाट बन्चित रहेका देखिन्छन् । विगत एकदशक देखि ग्रामीण विद्युतीकरणको क्षेत्रमा जनताहरुको सक्रियतामा निकै फड्को मारेको देखिन्छ । जनगणना २०५८ अनुसार यस गाविसमा केवल ७ सय २७ घरपरिवारले विजुली सुविधा पाएका थिए[८] भने यसवेला कुल घरपरिवार मध्ये १ हजार ९ सय ३८ ले सुविधा पाइरहेका छन् । यस्तो सुविधा नहुनेले उज्यालोको लागि अन्य विकल्पहरु जस्तै मट्टीतेल लगायत गोवरग्यांस, सोलर मार्फत गुजारा गर्दै आएको पाइन्छ । यस्ता श्रोतको विवरण तलको तालीकामा दिइएको छ ।

[८] केन्द्रीय तथ्यांक विभाग, जनगणना २०५८

**तालीका नं. ३६ बत्तिको मुख्य श्रोत अनुसार घरपरिवार संख्या**

| वडा नं. | बत्ति श्रोत | | | जम्मा |
|---|---|---|---|---|
| | बिजुली | मट्टीतेल | अन्य | |
| १ | २३० | ८२ | २१ | ३३३ |
| २ | १४१ | २० | ११ | १७२ |
| ३ | १९५ | १४४ | २ | ३४१ |
| ४ | ५५ | १५४ | ६ | २१५ |
| ५ | ६७ | ७० | १ | १३८ |
| ६ | २९१ | ६१ | १५ | ३६७ |
| ७ | १३४ | २७ | ३ | १६४ |
| ८ | २६२ | १०३ | १२ | ३७७ |
| ९ | ५६३ | १०८ | ३२ | ७०३ |
| जम्मा | १९३८ | ७६९ | १०३ | २८१० |
| **प्रतिशत** | **६९** | **२७** | **४** | **१००** |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यस गाविसका जम्मा १ हजार ९ सय ३८ घरपरिवारले इन्धनको श्रोतका रुपमा उज्यालोका लागि विजुली वत्तीलाई प्रयोग गर्ने गरेको पाइन्छ । यसैगरी मट्टितेल बाल्ने परिवार संख्या ७ सय ६९ रहेको छ । यता १ सय ३ घरपरिवारले भने इन्धनका लागि अन्य प्रकारका श्रोतलाई प्रयोग गर्ने गरेको पाइन्छ । वडागत आधारमा हेर्दा सबैभन्दा बढी विजुली प्रयोग गर्ने वडा नं. ९ रहेको देखिन्छ भने वडा नं. ४ मा केवल ५५ घरपरिवारले मात्र सुविधा पाएको देखिन्छ ।

रेखाचित्र १६




### ३.३.२ खाना पकाउने इन्धनको किसिम

यस गाविसका मानिसहरुले खाना पकाउने इन्धनका रुपमा पनि विभिन्न प्रकारका श्रोतहरुको प्रयोग गर्ने गरेका छन् । खाना पकाउन प्रयोग हुने इन्धनहरुमा मुख्य रुपमा दाउरा, ग्याँस, मट्टीतेल, गुइँठा र गोबरग्यास पर्दछन् । यसको लागि आधारभुत सर्वेक्षणको नतिजा अनुसार अहिले पनि अधिकांश घरपरिवारले खाना पकाउनको लागि दाउरा नै प्रयोगमा ल्याएको पाइन्छ । जसको विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ३७ खाना पकाउने इन्धनको मुख्य श्रोत अनुसार घरपरिवार संख्या**

| वडा नं. | खाना पकाउने इन्धनको मुख्य श्रोत | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ग्यास | मट्टीतेल | दाउरा | गोबरग्यास | गुईठा | अन्य | |
| १ | ११ | ५ | ३०१ | १४ | २ | ० | ३३३ |
| २ | १० | २ | १३३ | १४ | १३ | ० | १७२ |
| ३ | १२ | ० | ३१७ | ११ | १ | ०० | ३४१ |
| ४ | ४ | १ | ७३ | १६ | १०९ | १२ | २१५ |
| ५ | ३ | २ | ६२ | ८ | ६२ | १ | १३८ |
| ६ | १० | १० | ३०० | ११ | ३६ | ० | ३६७ |
| ७ | १८ | १ | १२० | १३ | १२ | ० | १६४ |
| ८ | २२ | ५ | २६० | ४५ | ४५ | ० | ३७७ |
| ९ | ६४ | १४ | ५३२ | ९२ | १ | ० | ७०३ |
| जम्मा | १५४ | ४० | २०९८ | २२४ | २८१ | १३ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यहाँका कुल घरपरिवार मध्ये २ हजार ९८ घरपरिवारले दाउरामा नै खाना पकाउने गरेको देखिन्छ । यसैगरी २ सय ८१ परिवारले गाईवस्तुको गोबरबाट गुइँठा बनाएर इन्धनका रुपमा प्रयोग गरेका छन् भने गोबरग्याँस निर्माण गरिएका परिवारको संख्या २ सय २४ छ । यस्तै १ सय ५४ परिवारले एलपी ग्याँस र ४० परिवारले मट्टितेललाई इन्धनका रुपमा खाना पकाउन प्रयोग गर्ने गरिएको पाइन्छ ।

रेखाचित्र १७




## ३.४ संचार सुविधा

### ३.४.१ आधुनिक साधन सुविधा

आधुनिक संचारको साधन र श्रोतको सदुपयोगको दृष्टिले हेर्दा मानिसहरुको संख्या निकै ज्यादा रहेको छ । सरकारले घोषणा गरेको हातहातमा मोवाइल घरघरमा इन्टरनेट भन्ने नारा यर्थाथमा नभएपनि लगभग ५० प्रतिशत भन्दा बढी घरपरिवाले मोवाइल वा टेलीफोनको प्रयोग गरेका छन् भने अन्य संचार र आधुनिक साधनहरुको प्रयोग गर्ने जनसंख्याको विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ३८ विभिन्न साधान सुविधा उपयोग गर्ने घर परिवारको विवरण**

| सि.नं. | सुविधाको साधान | भएको घरपरिवार संख्या | नभएको घरपरिवार संख्या | जम्मा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | रेडियो | १२६२ | १५४८ | २८१० |
| २ | टेलिभिजन | १५३४ | १२७६ | २८१० |
| ३ | टेलिफोन/मोबाइल | १४२६ | १३८४ | २८१० |
| ४ | केवल टि.भि. | २३८ | २५७२ | २८१० |
| ५ | साइकल | २०४० | ७७० | २८१० |
| ६ | मोटरसाइकल | १६५ | २६४५ | २८१० |
| ७ | मोटर | ३० | २७८० | २८१० |
| ८ | फ्रिज | २४ | २७८६ | २८१० |
| ९ | कम्प्यूटर | १५ | २७९५ | २८१० |
| १० | अन्य | १ | २८०९ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार मोरङको यस गाविसका कुल घरपरिवार मध्ये सवैभन्दा ज्यादा परिवारमा भएको मनोरञ्जनको साधन टेलिभिजन हो । यस गाविसका जम्मा १५३४ घरपरिवारमा टिभी रहेको देखिन्छ । यसैगरी त्यसपछि मोबायल र टेलीफोनको सुविधा लिनेको संख्या ज्यादा रहाको देखिन्छ । यस गाविसमा फोनको सेवा लिने तथा फोन भएका परिवारको संख्या १४२६ रहेको छ । यटा कम्प्युटर र फ्रिज भने १५ र २४ घरपरिवारमा रहेको पाइन्छ ।

### ३.४.२ सार्वजनिक संचारको पहुँच

सरकारले हुलाकलाई पनि महत्वपूर्ण संचारको साधनका रुपमा लिने गरिएको पाइन्छ । हुनत टेलिफोन सेवा, इमेल र इन्टरनेट तथा नीजि कुरियर सेवाको विस्तारका कारण नेपालको सवैभन्दा ढिलो संचारको साधनका रुपमा हुलाक रहेको देखिन्छ । तर पनि हुलाक सेवाले देशका प्राय सवै कुनालाई जोडेको हुनाले यसको महत्व पनि कम भने रहेको पाइँदैन । यस गाविसमा बसोवास गर्ने घरपरिवारले नजिकको हुलाक सम्म पुग्न यहाँका विभिन्न वडाहरुमा हरेका जनतालाई लाग्ने समयको दुरी तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. ३९ नजिकको हुलाक सेवा पहुँचको विवरण**

| वडा नं. | नजिकको हुलाक कार्यालय सम्म जान लाग्ने समय | | | | जम्मा |
|---|---|---|---|---|---|
| | १५ मिनेटभन्दा कम | ३० मिनेट भन्दा कम | ६० मिनेट भन्दा कम | ६० मिनेट भन्दा बढी | |
| १ | ४ | ५१ | २७१ | ७ | ३३३ |
| २ | ० | ३ | ३५ | १३४ | १७२ |
| ३ | ० | ० | २०८ | १३३ | ३४१ |
| ४ | १ | १ | ४१ | १७२ | २१५ |
| ५ | १ | ११ | ४६ | ८० | १३८ |
| ६ | १ | ३३६ | ३० | ० | ३६७ |
| ७ | १५५ | ९ | ० | ० | १६४ |
| ८ | ११ | ४९ | ३९ | २७८ | ३७७ |
| ९ | १ | १८ | १६६ | ५१८ | ७०३ |
| जम्मा | १७४ | ४७८ | ८३६ | १३२२ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा दिइएअनुसार यस गाविसको वडा नं. ७ का घरपरिवारले आफ्नो घरको नजिकबाट हुलाकको सुविधा पाएका छन् । वडा नं. २, ३, ४, ८ र ९ बाट भने हुलाकसम्म पुग्नका लागि केही ज्यादा समय लाग्ने गर्दछ । परिवारको संख्याका आधारमा यहाँका १३२२ घरपरिवारले हुलाकसम्म पुग्नका लागि एक घन्टा भन्दा ज्यादा समय यात्रा गर्नुपर्ने हुन्छ भने १७४ घरपरिवारले भने १५ मिनेटभन्दा कम समयमा हुलाकमा पुग्ने गरेका छन् ।

## ३.५ सडक तथा यातायात

### ३.५.१ सडक सुविधा

यस गाविसमा पक्की सडक छैन । ग्राभेल र कच्ची सडकको कुल लम्बाई करीब ९० कि.मी. रहेको छ । जसमा ग्राभेल सडक करीब ६० कि.मी. र कच्ची सडक करीब ३० कि.मी. रहेको छ । यसबाट यहांको सडक जनघनत्व करीब १ सय ६१ जना प्रति किलोमिटर पर्दछन् ।सामान्यतया सार्वजानिक स्थानबाट घरसम्म पुग्नको लागि यहांका मानिसहरुले कच्ची र ग्राभेल सडकबाट काम चलाई रहेका छन् भने कतिपय गाउँटोलसम्म पुग्नका लागि त कच्ची बाटोको पनि अभाव छ । तलको तालीकामा घरसम्म पुग्नको लागि के कस्तो सडकको अवस्था छ भन्ने विवरण दिइएको छ ।

**तालीका नं.४०: सार्वजानिक स्थानवाट घरसम्म जाने सडकको विवरण**

| वडा नं. | सडकको प्रकार | | | जम्मा |
|---|---|---|---|---|
| | ग्राभेल | कच्ची | सडक नभएको | |
| १ | ३३१ | २ | ० | ३३३ |
| २ | १७१ | १ | ० | १७२ |
| ३ | ३३७ | ४ | ० | ३४१ |
| ४ | १७६ | ३५ | ४ | २१५ |
| ५ | ९४ | ३९ | ५ | १३८ |
| ६ | ३६७ | ० | ० | ३६७ |
| ७ | १६४ | ० | ० | १६४ |
| ८ | ३१३ | ४५ | १९ | ३७७ |
| ९ | ६७२ | २६ | ५ | ७०३ |
| जम्मा | २६२५ | १५२ | ३३ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यहांको कुल घरपरिवार मध्ये २ हजार ६ सय २५ घरपरिवारले ग्राभेल बाटोको सुविधा उपभोग गरेको देखिन्छ भने ३३ घरपरिवारसम्म पुग्नका लागि कच्ची सडकको पनि अभाव रहेको छ । उनीहरु अरुको जमिनको आली लगायतका स्थानबाट हिंडेर आफ्नो घरसम्म पुग्ने गर्दछन् । यसबाहेक १ सय ५२ घरपरिवारले कच्ची सडकको सुविधा लिइरहेका छन् । समग्रमा यस गाविसको पुर्वाधार विकास अर्न्तगत सडक यातायातको अवस्था निकै राम्रो रहेको देखिन्छ । यातायातको बाह्रै महिना सुविधा भएको यो गाविसबाट विराटनगर, धरान, काकडभिट्टा लगायत काठमण्डौ सम्म बसको सुविधा रहेको छ ।

### ३.५.२ पुलकल्भर्टको अवस्था

यातायातको हिसाबले आवश्यक पुलकल्भर्टको अवस्था हेर्दा पक्की संरचनामा वडा नं १ मा दुधा पुल, वडा नं ३ मा केसलीया र बनौल पुल, वडा नं ६ र ७ मा कयर खोलामा दुईवटा, वडा नं ८ मा कोचेनी र चिसाङ्ग खोलामा दुईवटा, र ९ नं वडामा गयलमा पक्की पुल रहेको छ । यसैगरी कच्ची

संरचनाका पुलहरुमा मुलत वडा नं १ तिनखुटिया, २ मा बनौल, ४ मा भाटी र ५ मा कयर खोलामा रहेका छन् ।

## ३.६ सिचांई

### ३.६.१ सिचांईको अवस्था

सिचांई सुविधा अन्य गाविसको तुलनामा निकै राम्रो रहेको यस गाविसमा चतरा नहरको समेत सुविधा रहेको छ । कृषियोग्य जमीनको करीब ७ सय हेक्टर नहरबाट सिचांई सुविधा पुगेको छ भने कुलोपैनीबाट करीब ८ सय हेक्टरमा सिचांई सुविधा विस्तार भएको छ । यसरी हेर्दा कुल कृषियोग्य जमीन मध्ये करीब १ हजार हेक्टर जमीनमा सिचांई सुविधाको अभाव रहेको गाविसबाट प्राप्त विवरणमा उल्लेख गरिएको छ ।

## ४ आर्थिक विकास

## ४.१ पेशा तथा रोजगारीको अवस्था

### ४.१.१ पेशा व्यवसयमा संलग्नता

कुनैपनि स्थानको आर्थिक विकासको मुख्य आधार भनेको नै त्यहा बसोवास गर्ने मानिसहरु के कस्तो पेशा व्यवसायमा संलग्न छन भन्ने कुराले निर्धारण गर्दछ । यस गाविसका मानिसहरुको पेशा मुख्यतया अन्यत्रको सरह नै कृषि र पशुपालन रहेको छ । यस बाहेक यस गाविसका मानिसहरु अन्य विभिन्न पेशा व्यवसायमा पनि संलग्न देखिन्छन् जसको विवरण तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. ४१ पन्ध्र वर्ष वा सो भन्दा माथीका जनसंख्याको पेशा/व्यवसाय**

| सि.नं. | पेशा/व्यवसाय | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | कृषी तथा पशुपालन | २१११ | २३२२ | ४४३३ | ४२.४४ |
| २ | व्यापार | ३६९ | ३५८ | ७२७ | ६.९६ |
| ३ | नोकरी | ९३१ | १७५ | ११०६ | १०.५९ |
| ४ | आफ्नै घरेलु उद्योग | ६१ | ४८ | १०९ | १.०४ |
| ५ | जनमज्दुर | ८६१ | ८९४ | १७५५ | १६.८० |
| ६ | घरेलु कामदार | ७५ | ४९१ | ५६६ | ५.४२ |
| ७ | पेशा व्यवसाय नभएको | १२६ | ११६ | २४२ | २.३२ |
| ८ | अध्ययन | ७५४ | ६९० | १४४४ | १३.८२ |
| ९ | अन्य | ३३ | ३० | ६३ | ०.६० |
| | जम्मा | ५३२१ | ५१२४ | १०४४५ | १००.०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यहांका मानिसहरु कृषिका साथमा अन्य विभिन्न पेशा तथा व्यवसायमा लागेका देखिन्छन् । यस गाविसका ४२.४४ प्रतिशत मानिसहरु कृषि तथा पशुपालन व्यवसायमा लागेका छन् भने बाँकी अन्य विभिन्न पेशा तथा व्यवसायमा लागेको देखिन्छ । कृषि पछि जनमज्दुरी गर्नेको संख्या ज्यादा छ । उनीहरुको संख्या प्रतिशतमा १६.८० प्रतिशत रहेको देखिन्छ । यसैगरी यस गाविसका १३.८२ प्रतिशत बालबालिका अध्ययनमा लागेका छन् भने नोकरीमा लाग्ने १०.५९ प्रतिशत जनसंख्या छ । यो संख्या विदेशमा रोजगारीका लागि जाने मानिसहरुको समेत हो ।

रेखाचित्र १८




जातियताका आधारमा पेशाको विवरण हेर्दा यहाँ आदिवासी जनजाति र अन्य प्राय सवै जातिका मानिसहरुको मुख्य पेशा कृषि नै देखिन्छ। यस बाहेक पनि यहाँका मानिसहरु विभिन्न पेशा व्यवसायमा पनि लागेका छन्। तलको तालीकामा जातिगत रुपमा पेशाको विवरण दिइएको छ।

**तालीका नं. ४२: जातिगत आधारमा विभिन्न पेशामा संलग्न जनसंख्याको विवरण**

| जातियता | पेशा/व्यवसाय | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषी तथा पशुपालन | व्यापार | नोकरी | आफ्नै घरेलु उद्योग | जन मज्दुर | घरेलु कामदार | पेशा व्यवसाय नभएको | अध्ययन | अन्य | |
| आदिवासी जनजाती | २२०८ | ३९३ | ५६३ | ५७ | १२१० | २८२ | ११९ | ७४१ | २८ | ५६०१ |
| दलित | १२५ | २४ | ५७ | ३१ | ३६१ | ४० | १३ | ५५ | ६ | ७१२ |
| मधेशी पिछडा वर्ग | ९२ | १२४ | १८ | ८ | ५८ | ५ | ८ | ५५ | ३ | ३७१ |
| अन्य जातजाती | २००८ | १८६ | ४६८ | १३ | १२६ | २३९ | १०२ | ५९३ | २६ | ३७६१ |
| जम्मा | ४४३३ | ७२७ | ११०६ | १०९ | १७५५ | ५६६ | २४२ | १४४४ | ६३ | १०४४५ |
| **प्रतिशत** | **४२.४४** | **६.९६** | **१०.५९** | **१.०४** | **१६.८०** | **५.४२** | **२.३२** | **१३.८२** | **०.६०** | **१००** |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०६६

यस गाविसका जातिगत रुपमा हेर्दा दलित, मधेशी पिछडा वर्ग जनसंख्याको तुलनामा मुलत पेशा कृषि भन्दा ज्यादा व्यवसाय लगायत अरु पेशामा संलग्न रहेको देखिन्छ तर नोकरीमा भने अरु जाती भन्दा तुलनात्मक रुपमा कम रहेका छ। मधेशी पिछडा वर्गको जातीहरु भने ९२ जना कृषिमा लागेका छन् भने व्यापार व्यवसायमा त्यसभन्दा निकै वढी १२४ जना संलग्न देखिन्छन्। आदीवासी जनजातीहरु प्राय: गरी कृषि पशुपालन लगायत व्पार, नोकरी, जनमज्दुरी, घरेलु कामदारको रुपमा समेत अरु जातीको तुलनामा बढी मात्रमा संलग्न भएका छन्। विशेष गरी आफ्नो नीजि जग्गाजमिन नहुने तथा भए पनि कममात्र हुने मानिसहरु कि त ज्याला मज्दुरीमा वा व्यापार व्यवसाय र नोकरीमा

लागेका देखिन्छन् । आफ्नो नीजि जग्गा जमिन हुनेहरु भने प्रायः धेरै मात्रामा कृषिमा लाग्ने गरेका देखिन्छन् ।

### ४.१.२ वैदेशिक रोजगारी

रोजगारको अभावमा विदेश जानेहरुको लहर यस गाविसमा मात्र हैन सबैतिर व्याप्त छ । यस गाविसमा पनि रोजगारीको खोजीमा विदेश जानेहरु निकै रहेका छन् । हुनत विदेश जादा लाग्ने खर्चको हिसाब गर्ने हो भने सो को अनुपातमा आय आर्जन गर्नेहरुको संख्या न्युन नै छ । तलको तालीकामा महिला र पुरुषको विदेश गएको विवरण दिइएको छ ।

**तालीका नं.४३ः लिङ्ग अनुसार विदेश गएको देश र जनसंख्याको विवरण**

| सि.नं. | देशको नाम | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | भारत | २१३ | ५३ | २६६ |
| २ | चिन | १ | ० | १ |
| ३ | मलेसिया | ६३ | ३ | ६६ |
| ४ | जापान | ८ | ० | ८ |
| ५ | साउदी अरब | १२४ | ११ | १३५ |
| ६ | कतार | १४७ | ६ | १५३ |
| ७ | यु.ए.ई. | ६० | ३ | ६३ |
| ८ | बेलायत | ५ | ५ | १० |
| ९ | अमेरिका | ३ | १ | ४ |
| १० | दक्षिण कोरिया | १ | १ | २ |
| ११ | अष्टेलिया | २ | ० | २ |
| १२ | क्यानेडा | १ | ० | १ |
| १३ | इजरायल | ४ | ४ | ८ |
| १४ | जर्मन | २ | ० | २ |
| १५ | अन्य देश | ५१ | २१ | ७२ |
| | जम्मा | ६८५ | १०८ | ७९३ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तलिकामा देखाइए अनुसार यस गाविसका जम्मा ७ सय ९३ जना मानिसहरु विश्वका विभिन्न मुलुकहरुमा रोजगारकि लागि गएको देखिन्छ । यसमा महिलाको संख्या १ सय ८ र पुरुषको संख्या ६ सय ८५ रहेको छ । विशेष गरी भारतमा रोजगारीको लागि जाने मानिसहरुको संख्या सवैभन्दा ज्यादा २ सय ६६ जना रहेको छ भने त्यस पछि क्रमशः कतार र साउदी अरबीया जानेहरुको संख्या रहेको छ । प्रायः सवै मुलुकहरुमा स्त्री र पुरुष दुवै रोजगारीका लागि जाने गरेको देखिए पनि यस गाविसमा अष्ट्रेलिया, चिन, क्यानाडा र जर्मनी चाहिं पुरुषहरु मात्र त्यसमा पनि सिमित संख्यामा मात्र गएका देखिन्छन् । यसैगरी उच्च आम्दानी हुने युरोपीय मुलुकहरुमा रोजगारीका लागि जाने मानिसहरुको संख्या ज्यादै न्यून रहेको छ ।

# ४.२ कृषि

## ४.२.१ कृषक सम्बन्धी अवस्था

कृषि ग्रामीण क्षेत्रको मुख्य पेश हो । कृषक भन्नाले आफैले खेतीपाती गर्ने वा पशुपंक्षी पालन गर्नेलाई लिइएको छ । वडागत आधारमा के कति कृषक परिवार छन् भनि विश्लेषण गर्दा अधिकांश परिवार कृषक भएतापनि केही मात्रमा कृषक नभएका परिवारको पनि बाहुल्यता रहेको पाइन्छ जसको विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ४४: वडा अनुसार कृषिमा आश्रित परिवार संख्या**

| वडा नं. | कृषक परिवार | | जम्मा |
|---|---|---|---|
| | हो | होईन | |
| १ | २२४ | १०९ | ३३३ |
| २ | १२४ | ४८ | १७२ |
| ३ | १२८ | २१३ | ३४१ |
| ४ | १४२ | ७३ | २१५ |
| ५ | १०२ | ३६ | १३८ |
| ६ | १९० | १७७ | ३६७ |
| ७ | १२८ | ३६ | १६४ |
| ८ | २६९ | १०८ | ३७७ |
| ९ | ५५१ | १५२ | ७०३ |
| जम्मा | १८५८ | ९५२ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यहांको कुल घरपरिवार मध्ये १ हजार ८ सय ५८ परिवारको मुख्य पेशा कृषि रहेको पाइन्छ । अन्य पेशा र व्यवसाय गर्ने केही मानिसहरुले पनि कृषिलाई सहायक पेशाका रुपमा अपनाएको पाइन्छ । यसैगरी कृषिलाई मात्र व्यवसाय मानेका मानिसहरुले पनि केही मात्रामा अन्य व्यवसाय पनि गर्न सक्तछन् । कृषिलाई मुख्य पेशाको रुपमा नअंगालेका परिवारको संख्या पनि १ सय ८ रहेको छ जसले कृषिलाई चाहि सहायक पेशाको रुपमा लिएका छन् ।

## ४.२.२ जातीगत आधारमा कृषक परिवार

यस गाविसका विभिन्न जातजातिका मानिसहरुले कृषिलाई आफ्नो मुख्य पेशाका रुपमा लिएको पाइन्छ । यहां विभिन्न ४७ जातजातिका मानिसहरु बसोबास गर्दछन् । जातीगत संख्याको आधारमा मुलत थारु, क्षेत्री, खवास, ब्राम्हण, नेवारको परिवार कृषि पेशामा बढीमा मात्रमा संलग्न भएको पाइन्छ । यसको विस्तृत विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ४५: जातजाती अनुसार कृषक घरपरिवारको विवरण**

| सि.नं. | जातजाती | कृषक परिवार | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होईन | |
| १ | थारु | ३६८ | २४६ | ६१४ |
| २ | क्षेत्री | ५१३ | ७९ | ५९२ |
| ३ | खवास | १७० | १५४ | ३२४ |

| सि.नं. | जातजाती | कृषक परिवार | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होईन | |
| ४ | ब्राह्मण (पहाड) | २८० | ३९ | ३१९ |
| ५ | नेवार | १०४ | १९ | १२३ |
| ६ | मुसहर | ४ | ९१ | ९५ |
| ७ | राई | ६१ | २५ | ८६ |
| ८ | राजवंशी | ५५ | २९ | ८४ |
| ९ | तामाङ्ग | ३८ | १८ | ५६ |
| १० | लिम्बु | ४५ | १० | ५५ |
| ११ | धिमाल | २५ | १६ | ४१ |
| १२ | कामी | १३ | २६ | ३९ |
| १३ | दमाई | १३ | २६ | ३९ |
| १४ | मगर | २६ | ९ | ३५ |
| १५ | झाँगड/डागर | १५ | १८ | ३३ |
| १६ | गुरुङ्ग | २३ | ७ | ३० |
| १७ | बातर | ५ | २४ | २९ |
| १८ | घर्ती/भुजेल | १६ | ९ | २५ |
| १९ | सन्थाल/सतार | ९ | १५ | २४ |
| २० | तेली | ४ | १४ | १८ |
| २१ | कौरी | १६ | २ | १८ |
| २२ | सन्यसी | १० | ४ | १४ |
| २३ | माझी | ६ | ७ | १३ |
| २४ | मुस्लिम | ३ | ९ | १२ |
| २५ | सार्की | ६ | ३ | ९ |
| २६ | कुमाल | ३ | ६ | ९ |
| २७ | दनुवार | २ | ७ | ९ |
| २८ | कल्वार | ३ | ५ | ८ |
| २९ | यादव | ७ | ० | ७ |
| ३० | ठाकुर / हजाम | ३ | ४ | ७ |
| ३१ | हलुवाई | ३ | ३ | ६ |
| ३२ | अमात | १ | ५ | ६ |

| सि.नं. | जातजाती | कृषक परिवार | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होईन | |
| ३३ | चमार | १ | ४ | ५ |
| ३४ | ठकुरी | १ | ३ | ४ |
| ३५ | बनिया | १ | २ | ३ |
| ३६ | डोम | ० | ३ | ३ |
| ३७ | मल्लाह | ० | २ | २ |
| ३८ | सुनुवार | १ | १ | २ |
| ३९ | सुडी | २ | ० | २ |
| ४० | बरैई | ० | २ | २ |
| ४१ | कमार | ० | २ | २ |
| ४२ | कुर्मी | ० | १ | १ |
| ४३ | धानुक | १ | ० | १ |
| ४४ | शेर्पा | १ | ० | १ |
| ४५ | सोनार | ० | १ | १ |
| ४६ | ब्राह्मण तराई | ० | १ | १ |
| ४७ | कायष्थ | ० | १ | १ |
| जम्मा | | १८५८ | ९५२ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा जातीगत रुपमा खेतिमा लागेका परिवारहरुको विवरण दिइएको छ । परिवार संख्याको हिसावले क्षेत्रीको जम्मा ५ सय ९२ मध्ये ५ सय १३ परिवार कृषिमा रहेको छ भने त्यस पछि थारु ६ सय १४ मध्ये ३ सय ६८, पहाडे ब्राह्मण ३ सय १९ मध्ये २ सय ८०, खवास ३ सय २४ मध्ये १ सय ७० र नेवार १ सय २३ मध्ये १ सय ४ परिवारको ठूलो संख्या कृषिमा लागेको पाइन्छ । यस गाविसमा ज्यादै न्यून संख्यामा बसोवास गर्ने केही जातजातिहरु यादव, सुडी, धानुक र शेर्पाको संख्या ज्यादै कम छ तर उनीहरुको सबै परिवार कृषिमा लागेको देखिन्छ । संभवत उनीहरु यस स्थानमा व्यापार व्यवसायका लागि आएको हुनाले उनीहरले यस स्थानमा कृषिका बदलामा अन्य पेशा व्यवसाय अंगालेर बसेका हुन सक्तछन् ।

### ४.२.३ कृषि उब्जानीबाट धान्ने समय

यस गाविसमा कुल ६६ प्रतिशत परिवार कृषिमा आश्रित रहेको छ भने बाकी अन्य व्यपार व्यवसायमा संलग्न रहेको पाइन्छ । यसरी धेरै मानिसहरुको मुख्य पेशा कृषि रहेको भए पनि यस गाविसका सवै मानिसहरुलाई भने यस पेशाबाट जीविकोपार्जनका लागि अपुग हुने गरेको देखिन्छ । कृषि उत्पादनबाट परिवारले कति समय गुजारा गर्न सक्छन् भन्ने विषयलाई नियाल्दा वर्षभरी परिवार धान्न नसक्ने झण्डै ४५ प्रतिशत भन्दा बढी परिवार रहेको छ । जसले गाविसको कहाली लाग्दो अवस्थाको चित्रण गर्दछ । विस्तृत विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ४६: कृषी उत्पादनबाट कृषक परिवारलाई खान पुग्ने घरपरिवारको विवरण**

| वडा नं. | खान पुग्ने समय | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | उब्जनी नभएको | तिन महिना सम्म | छ महिना सम्म | नौ महिना सम्म | वर्ष भरी | बढी भई बिक्री | |
| १ | | २१ | ४६ | १९ | १३६ | २ | २२४ |
| २ | | ६ | २६ | ८ | ५६ | २८ | १२४ |
| ३ | ३ | ५ | ४३ | १२ | ४६ | १९ | १२८ |
| ४ | ९ | १३ | ५८ | ८ | ४४ | १० | १४२ |
| ५ | २ | ९ | ३० | ४ | ४९ | ८ | १०२ |
| ६ | १३ | १७ | ३८ | २६ | ८७ | ९ | १९० |
| ७ | १३ | ७ | २६ | १७ | ५९ | ६ | १२८ |
| ८ | ४ | २३ | ५३ | २६ | ७८ | ८५ | २६९ |
| ९ | २१ | ३३ | १०१ | १०० | २४५ | ५१ | ५५१ |
| जम्मा | ६५ | १३४ | ४२१ | २२० | ८०० | २१८ | १८५८ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा दिइए अनुसार यस गाविसका १८५८ कृषक परिवार मध्ये अन्न ज्यादा भई बिक्री गर्न पुग्ने परिवारको संख्या २१८ रहेको छ। यसैगरी यहाँका ८०० परिवारलाई भने आफूले उब्जाएको बालिनालीले वर्षभरी खानलाउन मात्र पुग्ने गर्दछ। यसैगरी तिन महिनासम्म मात्र खान पुग्ने परिवारको संख्या भने १३४ रहेको छ। अर्कोतिर ४२१ परिवारलाई ६ महिना र २२० परिवारलाई नौ महिनासम्म मात्र खान लगाउन पुग्ने गरेको पाइन्छ।




रेखाचित्र १९

### ४.२.४ कृषि वालीमा लाग्ने रोग

कृषि उत्पादनमा धान, गहुँ, मकै, तरकारी, फलफुल आदी नै मुख्य रुपमा रहेको छ। सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन्। यसैगरी मकैमा डाठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदीमा लेटब्लाइट, मोजाइक, अैलाउने, खोस्टे, अल्टरनेरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन्। फलफुलमा विशेषगरी एनथ्राक्नोज, सेतो ढुसी, डाइव्याक, जरा कुहिन, अैलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्या परेका छन्। मुख्यवालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालीका राखिएको छ।

**तालीका नं.४७ कृषिवालीमा लाग्ने मुख्य रोगहरुको विवरण**

| सि.नं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धानः | गवारो, पात वेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे | मरुवा, डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुं | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्गा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग |
| ५ | तरकारी | भण्टाको गवारो, लाही,<br>वन्दाको पुतली<br>टमाटरको फलको गवारो, फल कुहाउने अैसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स | ओल्लाउने रोग, अल्टरनेरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ व्याक, जरा कुहिने |
| ६ | फलफुल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली | एनथ्राक्नोज, ससेतो ढुसी, डाईव्याक |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवाराहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग |

श्रोतः जिल्ला पार्श्वचित्र (अध्यावधिक) २०६४

## ४.३ भू स्वामित्व

### ४.३.१ जमिनको स्वामित्व

कुनैपनि स्थानको आर्थिक अवस्थाको विश्लेषण गर्दा त्यहांको जग्गा जमिनको स्वामित्वको अधिकार कृषक आफैमा छ वा छैन भन्ने कुरा महत्वपूर्ण हुन आउछ । यदि कृषक स्वयंमा जमिनको स्वामित्व भएमा उत्पादकत्व निश्चित रुपमा बढि हुने गर्दछ । सामान्यतया यस गाविसमा परिवारको स्वामित्व जग्गा जमिन भए र नभएको अवस्था हेर्दा कुल घरपरिवार मध्ये ७६.५ प्रतिशत संग जग्गा जमिन रहेको छ भने २३.५ प्रतिशत परिवारको स्वामित्वमा जग्गा जमिन नभएको पाइन्छ । यसको विस्तृत विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ४८: घरपरिवारको स्वामित्वमा जग्गा भए नभएको विवरण**

| वडा नं. | घरपरिवारको स्वामित्वमा जग्गा | | जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | २७३ | ६० | ३३३ |
| २ | १४१ | ३१ | १७२ |
| ३ | ३०८ | ३३ | ३४१ |
| ४ | १३१ | ८४ | २१५ |
| ५ | १०५ | ३३ | १३८ |
| ६ | २१३ | १५४ | ३६७ |
| ७ | १३२ | ३२ | १६४ |
| ८ | २४९ | १२८ | ३७७ |
| ९ | ६०० | १०३ | ७०३ |
| जम्मा | २१५२ | ६५८ | २८१० |
| प्रतिशत | ७६.५ | २३.५ | १०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार परिवारको स्वामित्वमा भएको जमिनको विवरण हेर्दा जम्मा २१५२ परिवारको आफ्नै स्वामित्वमा जमिन रहेको देखिन्छ भने ६ सय ५८ परिवारको जमिन भने आफ्नो स्वामित्वमा नभएर अन्यत्र कतै कसैको स्वामित्वमा रहेको पाइएको छ । वडागत आधारमा सबैभन्दा बढी जग्गा जमिन हुने वडा नं. ९ मा ६ सय र त्यसपछि वडा नं. ३ मा ३ सय ८ परिवार रहेका छन् भने आफ्नो स्वामित्वमा जग्गा जमिन नभएको सबैभन्दा धेरै वडा नं. ६ मा १ सय ५४ परिवार बसोवास गर्दछन् ।

घरपरिवारको स्वामित्वमा भएको जग्गा जमिनको आकार तथा अवस्था भिन्न रुपमा रहेको देखिन्छ । कुल २ हजार १ सय ५२ घरपरिवारको स्वामित्मा रहेको जग्गाको क्षेत्रफल औसतमा प्रति घरपरिवार एक विघा भन्दा कम करीब १८ कठ्ठा जति रहेको छ । जमिन माथिको स्वामित्वका बारेमा तलको तालीकामा स्पष्ट पार्ने प्रयास गरिएको छ ।

**तालीका नं.४९: जग्गाको किसिम तथा घरपरिवार संख्या अनुसार जग्गाको क्षेत्रफल**

| सि.नं. | जग्गाको किसिम | आफ्नो स्वमित्वमा जग्गा भएको घरपरिवारको संख्या | जग्गाको क्षेत्रफल (विघा) | औषत जग्गाको क्षेत्रफल विघा |
|---|---|---|---|---|
| १ | घडेरी | ८६५ | ४७४.९४ | ०.२८ |
| २ | सिंचित खेत | १००४ | ११३४.६ | १.१३ |
| ३ | असिंचित खेत | १८५ | ९५.०८ | ०.६८ |
| ४ | अन्य | ९८ | ५१.४२ | ०.१७ |
| | जम्मा | २१५२ | १७५६.०४ | ०.८२ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीका अनुसार जग्गाको वर्गीकरण मुलत घडेरी, सिंचित खेत, असिंचित खेत र अन्य जमीन गरी चार किसिममा गरिएको छ । यसमा ज्यादा सिंचित खेत छ भने असिंचित खेतको क्षेत्रफल केही कम रहेको देखिन्छ । यसैगरी घडेरी जमिन र अन्य पाखो बगर जमीन केही मात्रमा रहेको छ ।

यस गाविसका अधिकांश कृषकहरु आफ्नै जग्गा जमिनमा कमाई गर्दछन् भने झण्डै ३० प्रतिशत भन्दा बढी घरपरिवारका कृषकहरुले प्राय: अरुको जमिन कमाएर पनि जीविकोपार्जन गर्ने गरेका छन् । वडागत आधारमा यस्तो तथ्यांक विश्लेषण गर्दा अरुको जग्गा कमाइ गर्ने घरपरिवार सबैभन्दा बढी वडा न..९ मा १ सय ५६ परिवार छन् जसले २ सय १५ विघा भन्दा बढी जमिन कमाई गरेको देखिन आउछ । यसको विस्तृत  विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ५०: अरुको जग्गा कमाई गर्ने घरपरिवार संख्या**

| वडा नं. | अरुको जग्गा कमाई गर्ने घरपरिवार संख्या | जग्गाको क्षेत्रफल (विघा) | औषत जग्गाको क्षेत्रफल |
|---|---|---|---|
| १ | ११३ | १४८.०४ | १.३१० |
| २ | ६० | ८१.२० | १.३५३ |
| ३ | ६२ | ९४.६० | १.५२६ |
| ४ | १०४ | २३४.५४ | २.२५५ |
| ५ | ८१ | १८१.३९ | २.२३९ |
| ६ | ९१ | १२३.७६ | १.३६० |
| ७ | ४७ | ६९.२६ | १.४७४ |
| ८ | १४६ | २३९.३३ | १.६३९ |
| ९ | १५६ | २१५.६६ | १.३८२ |
| जम्मा | ८६० | १३८७.७७ | १.६१४ |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार अरुको जमिन कमाएर जिविकोपार्जन गर्ने परिवारको संख्या ८ सय ६० रहेको देखिन्छ । यसैगरी उनीहरुले अरुको जमिने करिब १ हजार ३ सय ८७ बिगाहा कमाई गरेका छन् । आफ्नो जमिन नहुने तथा भए पनि ज्यादै कम हुने समुदायले अरुको जमिनमा खेति गर्ने गर्ने गर्दछन् । यसरी यस गाविसमा भूमिहिन किसानहरु पनि रहेका देखिन्छन् । औसतमा प्रति परिवारले १ विघा १० कट्ठा भन्दा बढी अरुको जमिन कमाइ गरेर गुजारा चलाएको देखिन्छ ।

यस गाविसमा आफ्नो जमिन अरुलाई कमाउन दिनेको भन्दा अरुको जमिन कमाउनेहरुको संख्या बढी मात्रमा रहेको छ । करीब ८.५ प्रतिशत घरपरिवारले मात्र आफ्नो जमिन अरुलाई कमाइ गर्न दिएको देखिन्छ । यससम्बन्धी विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ५१: आफ्नो जग्गा अरुलाई कमाई गर्न दिने घरपरिवार**

| वडा नं. | आफ्नो जग्गा अरुलाई कमाई गर्न दिने घरपरिवार संख्या | जग्गाको क्षेत्रफल ( विघा ) | औषत जग्गाको क्षेत्रफल |
|---|---|---|---|
| १ | २७ | २८.५६ | १.०६ |
| २ | १५ | २१.६२ | १.४४ |
| ३ | २४ | ४०.३८ | १.६८ |
| ४ | ९ | २१.६५ | २.४१ |
| ५ | ८ | ९.७५ | १.२२ |
| ६ | ३० | ४१.९२ | १.४० |
| ७ | २४ | ३३.९० | १.४१ |
| ८ | ४४ | ८४.५९ | १.९२ |
| ९ | ६२ | ५६.८८ | ०.९२ |
| जम्मा | २४३ | ३३९.२३ | १.४० |

श्रोत: आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यस गाविसमा आफ्नो जमिन अरुलाई कमाउन दिने परिवारको संख्या २ सय ४३ रहेको देखिन्छ । त्यस्तो जमिन जम्मा ३३९.२३ बिगाहा रहेको छ । यसबाट यस गाविसमा ठूला जमिनदारको बाहुल्य कम रहेको बुझ्न सकिन्छ । वडागत रुपमा हेर्दा सबैभन्दा बढी जमिन कमाउन दिने परिवार वडा न. ८ ९, र ६ मा रहेका छन् जसले क्रमशः ८४.५९, ५६.८ र ४०.३८ रहेको छ ।

## ४.४ पशुपालन अवस्था

### ४.४.१ पशुपंक्षी पालन

हाम्रो अधिकांश ग्रामीण क्षेत्र कृषिमा आधारित रहेको छ । कृषक भनेको खेतीपाती गर्ने वा पशुपंक्षी पालन गर्ने दुवैलाई बुझाउछ । यसकारण यहांका मानिसहरुको मुख्य पेशा कृषि र पशुपालन नै हो । तसर्थ यहाँका प्रायः अधिकांश मानिसहरुले केही न केही पशुहरु पाल्ने गरेको पाइन्छ । समग्रमा ८२ प्रतिशत परिवारले पशुपंक्षी पाल्ने गरेका छन् भने १८ प्रतिशतले मात्र अन्य व्यपार व्यवसायमा संलग्न रहेका छन् जसको विवरण तलको तालीकामा देखाइएको छ ।

**तालीका नं. ५२: पशुपंक्षी भए नभएको घरपरिवारको विवरण**

| वडा नं. | पशुपंक्षी | | जम्मा |
|---|---|---|---|
| | भए | नभएको | |
| १ | २६९ | ६४ | ३३३ |
| २ | १५८ | १४ | १७२ |
| ३ | २३१ | ११० | ३४१ |
| ४ | १९१ | २४ | २१५ |
| ५ | ११३ | २५ | १३८ |
| ६ | २४७ | १२० | ३६७ |
| ७ | १३३ | ३१ | १६४ |
| ८ | ३१८ | ५९ | ३७७ |
| ९ | ६५५ | ४८ | ७०३ |
| जम्मा | २३१५ | ४९५ | २८१० |
| प्रतिशत | ८२ | १८ | १०० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यहांको कुल घरपरिवार मध्ये २ हजार ३ सय १५ घरपरिवारले विभिन्न प्रकारका पशुहरु पाल्ने गरेको पाइन्छ । यसमा प्राय सवै वडाहरुमा विभिन्न प्रकारका पशुहरु पालिएका छन् । यस गाविसमा पशु पाल्ने सवैभन्दा धेरै घरपरिवार वडा नं. ९ मा ६ यस ५५ छन् भने वडा नं. ६ मा पशु नभएका सवैभन्दा ज्यादा १ सय २० घरपरिवार रहेका देखिन्छन् । यसरी यस गाविसका मानिसहरुले पशुपालनबाट पनि राम्रो आम्दानी लिने गरेको देखिन्छ ।

### ४.४.२ पशुपंक्षी सम्बन्धी अवस्था

अघि विश्लेषण भएनुसार यस गाविसमा पशुपंक्षी पालन गर्ने घरपरिवार अधिक मात्रमा रहेको कारण यहां पाइएको पशुपंक्षीहरुको संख्या पनि धेरै नै रहेको देखिन्छ । समग्रमा यहां कुल २७ हजार १ सय १० वटा विभिन्न प्रकारका गाई, गोरु, भैंसी, राँगा, खसि, बाखा, सुँगुर, हाँस, कुखुरा, परेवा २ हजार ३ सय १५ घरपरिवारले पालेका छन् । यसको विस्तृत विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ५३: वडा अनुसार पशुपंक्षीहरुको विवरण**

| सि. नं. | पशुपंक्षीको विवरण | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | गाई/गोरु | ३९३ | ३२२ | ३६९ | ४६८ | २७४ | ४२५ | २९२ | ७१३ | १४९८ | ४७५४ |
| २ | भौसी/रागा | ६० | ४३ | २० | १४१ | ७१ | १४५ | ५२ | २९० | ३६९ | ११९१ |
| ३ | खसि/बाखा | ४९३ | ३१६ | ४०४ | ४२६ | २७३ | ५०१ | ३०९ | ७१७ | १६३० | ५०६९ |
| ४ | सुंगुर / वंगुर | ५३ | ११२ | १४० | ७५ | २५ | ३९ | ३१ | १५३ | ३२९ | ९५७ |
| ५ | हास / कुखुरा | १५३२ | १०७८ | १११६ | ९८४ | ६०३ | १११४ | ८२९ | १७७० | ३३०८ | १२३३४ |
| ६ | परेवा | २२९ | ३५४ | ५६० | १३२ | १०६ | २६९ | २४० | १९६ | ६६४ | २७५० |
| ७ | अन्य | १० | ३ | २ | ६ | १ | १० | ४ | ६ | १३ | ५५ |
| | जम्मा | २७७१ | २२३० | २६१४ | २२३६ | १३५८ | २५०९ | १७६४ | ३८५३ | ७८२० | २७११० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यस गाविसमा सवैभन्दा ज्यादा संख्यामा हाँस कुखुरा पालिएका देखिन्छन् भने त्यस पछि खसीबाखा पालिएका छन् । यसैगरी गाईगोरु पाल्ने मानिसहरुको संख्या पनि निकै ज्यादा रहेको छ । सामान्यतया गाइगोरु कृषि कार्यका लागि पनि ज्यादा उपयोगी हुने भएकाले कृषकहरुले गाइगोरु भने ज्यादा मात्रामा पाल्ने गर्दछन् । यसैगरी भैंसी र राँगा पनि कृषिका लागि निकै सहयोगी मानिन्छन् । तसर्थ यस्ता जनावरहरु पनि यस गाविसमा पाल्ने गरिएको पाइन्छ । वडागत आधारमा हेर्दा सबैभन्दा बढी पशुपंक्षी भएको वडा नं. ९ हो जहां ७ हजार ८ सय २० वटा पशुपंक्षीहरु रहेका छन् भने सबैभन्दा कम चाहि वडा नं. ५ मा पनि १ हजार ३ सय ५८ वटा पशुपंक्षीहरु पालन पोषणमा रहेका छन् ।

### ४.४.३ पशुपंक्षीमा लाग्ने रोग

कृषिकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाविसमा निकै बढी मात्रमा रहेको देखिन्छ । सामान्यतया पशुपंक्षीमा ठुलो महामारी फैलिएको पाइन्दैन तथापी यहांका पुशहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र वर्डफ्लु मुख्य रुपमा लाग्ने गरेको छ ।

### ४.४.४ ऋण लेनदेनको अवस्था

यस गाविसका मानिसहरुले आवश्यकता पर्दा व्यक्तिगत र संस्थागत रुपमा विभिन्न स्थानहरुबाट ऋणपान लिने गरेको पाइन्छ । प्रायः ऋण लिदां वर्षभरीमा विभिन्न स्थानहरुबाट लिएको हुन्छ तापनि यहां अक्सर परिवार चलाउन कुन ठाउंबाट बढी ऋण लिने गरेको छ भन्ने विषयलाई विश्लेषण गरिएको छ । यसको विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं.५४ वडा अनुसार ऋण लेनदेनको विवरण**

| वडा नं. | बैंक | सहकारी | साहुमाजन | नातादार /साथी | टोल विकास | अन्य | आवश्यक नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५३ | १७ | ७१ | ७८ | ३१ | १ | ८२ | ३३३ |
| २ | ३८ | १७ | ३५ | २२ | २२ | २ | ३६ | १७२ |
| ३ | ४१ | ५३ | १८० | ८ | ४१ | | १८ | ३४१ |
| ४ | ३४ | १० | ९३ | ८ | ५५ | ४ | ११ | २१५ |
| ५ | २० | ३ | २३ | ४३ | १७ | १ | ३१ | १३८ |

| वडा नं. | बैंक | सहकारी | साहुमाजन | नातादार /साथी | टोल विकास | अन्य | आवश्यक नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ३९ | ७५ | ६९ | १८४ | | | | ३६७ |
| ७ | २९ | ५ | १६ | १०४ | ५ | १ | ४ | १६४ |
| ८ | १७० | २० | १३४ | २३ | २ | | २८ | ३७७ |
| ९ | ७९ | १९० | ११० | २८३ | ३ | १ | ३७ | ७०३ |
| **जम्मा** | ५०३ | ३९० | ७३१ | ७५३ | १७६ | १० | २४७ | २८१० |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा देखाइए अनुसार यहांका कुल घरपरिवार मध्ये जम्मा २ सय ४७ घरपरिवारलाई मात्र ऋणको आवश्यकता नपर्ने गरेको देखिन्छ । यस बाहेक अन्य परिवारका मानिसहरुले उनीहरुलाई आवश्यक पर्ने ऋण बैंक, सहकारी संस्था, साहुमहाजन, टोलविकास, साथीभाई र नातागोताबाट लिएर आफ्नो समस्या टार्ने गरेको पाइन्छ । यस गाविसका सवैभन्दा ज्यादा मानिसहरुले आफ्ना साथीभाई तथा नातागोताका मानिसहरुबाट ज्यादा मात्रामा ऋणपान लिने गरेको देखिन्छ । यस्तो ऋण लिनेको संख्या जम्मा ७ सय ५३ घरपरिवार रहेको छ । यसपछि साहुमहाजनसँग ऋणसापट लिने मानिसहरुको परिवार भने ७ सय ३१ रहेको देखिन्छ । यता बैंकहरुबाट ५ सय ३, सहकारीबाट ३ सय ९० र टोलविकास बाट १ सय ७६ जनाले ऋण सापट लिएर व्यवहार टार्ने गरेको पाइएको छ । यसरी लिएको ऋण विशेषगरी विवाह, चाडपर्व लगायत विदेश जानको लागि समेत उपयोग गर्ने गरेको पाइन्छ । विभिन्न प्रकारका ऋणि मध्ये यस गाविसको कृषि ऋणी संख्या ३५७ परिवार रहेको देखाइएको छ ।[९]

## ४.५ बजार तथा निकासी

### ४.५.१ हाट बजार

हाटबजार सम्बन्धि विवरण हेर्दा प्रायः वडा नं. ५ र ७ बाहेक सबै वडाहरुमा साप्ताहिक रुपमा लाग्ने स्थानीय बजारहरु विभिन्न ७ स्थानमा रहेको छ । साप्ताहिक हाटबजार मुलत वडा नं. १ को भक्काचौक, वडा नं ३ को सामवार, वडा नं. ४ को सोमवार, शनिवार र बुधवार वडा नं. ६ मा लाग्ने गरेको छ । यसैगरी वडा नं ८ को महाराजथानमा मंगलवार र वडा नं ९ को बुधवारे र त्रिबेणी चौकमा समेत बजार लाग्ने गरेको छ ।

### ४.५.२ निकासीजन्य स्रोतहरु

यस गाविसबाट निकासी जन्य स्रोतहरुमा खासगरी कृषिजन्य र प्राकृतिक स्रोत नै मुख्य रुपमा रहेको छ । कृषिजन्य स्रोतहरुबाट उत्पादित धान, चामल, मकै, गहु लगायत तरकारी तथा फलफुलहरु मुख्य निकासीका वस्तुहरु हुन् । यसका अलावा प्राकृतिक स्रोत तर्फ चिसाङ्ग खोला लगायत अन्य नदीहरुको ढुंगागिट्टी बलुवा अन्य जिल्ला तथा भारतमा समेत निकासी हुदै आईरहेको छ ।

## ५ प्राकृतिक सम्पदा

## ५.१ वन सम्पदा

यस गाविका उत्तरी क्षेत्रमा बसोवास गर्ने कतिपय घरपरिवारले वनजंगलको सुविधा उपभोग गरेको देखिन्छ भने अन्य घरपरिवार यसबाट लाभान्वित भएको पाइन्दैन । यस गाविसमा २०५८ को तथ्यांक हर्दा खेरी ५ सय २८ घरपरिवार सामुदायिक वनमा आवद्ध रहेको थिए । हालको कुल घरपरिवारको आधारमा हेर्दा खेरी करीब २० प्रतिशत आबद्ध भएको देखिन्छ । इन्धनको प्रयाप्त स्रोतको

[९] जनगणना, २०५८

अभाव हुदै गइरहेकोवेला हरियालीको विस्तार गर्न जरुरी छ । यसले एकतिर मानिसहरुको दैनिक समस्यालाई टार्न सहयोग गरिरहेको हुन्छ भने अर्कोतिर वातावरणीय सुधारमा समेत मद्धत गर्दछ ।

## ५.२ नदिनाला

यस गाविसको पूर्व सिमानाबाट बग्ने ठुलो चिसाङ्ग नदि लगायत दुधा खोला, कयर खोला, केशलिया खोला, गयल र कोचेनी खोलाहरु बग्ने गर्दछन् । यिनै खोलाहरुबाट सिचांईका प्रबन्ध गरिनुका साथै चिसाङ्ग नदिबाट वर्षेनी करोडौ रकम बराबरको ढुंगागिट्टी बलुवा बिक्री वापत राजस्व उठ्ने गरेको छ ।

# ६ गैसस, संघ संस्था

## ६.१ स्थानीय समुह समिति

### ६.१.१ समुह वा संस्थामा आवद्ध परिवार

यस गाविसमा विभिन्न खालका समुह, समिति तथा सहकारी संस्थाहरु क्रियाशिल रहेको पाइन्छ । जसको कारण यहांका मानिसहरुको संलग्नता विभिन्न सामाजिक संघसंस्थाहरुमा पनि रहेको देखिन्छ । त्यस्तो संलग्नताको विवरण तलको तालीकामा दिइएको छ ।

**तालीका नं. ५५ स्थानिय समुह वा संस्थामा सम्लग्न जनसंख्याको विवरण**

| सि.नं. | स्थानिय समुह | संलग्न जनसंख्या |
|---|---|---|
| १ | उपभोक्ता समुह | २६० |
| २ | बचत तथा ऋण समुह | ७५ |
| ३ | स्कुल व्यवस्थापन समिति | ७३ |
| ४ | कृषी तथा साना किसान | ३९ |
| ५ | अन्य | ३६ |
| ६ | सहकारी समुह | २९ |
| ७ | युवा समुह | २० |
| ८ | स्वस्थ्य समिति | १८ |
| ९ | बचत तथा ऋण समुह | १७ |
| १० | टोलविकास समिति | ९ |
| ११ | आमा समुह | ३ |
| १२ | बाल क्लब | २ |
| जम्मा | | ५८१ |

श्रोतः आधारभूत घरधुरी सर्वेक्षण, २०६६

माथिको तालीकामा दिइएअनुसार यस गाविसका मानिसहरु सहकारी, टोलविकास समिति, आमा समुह, बाल क्लब तथा विद्यालय र स्वास्थ्यचौकी व्यवस्थापन समिति लगायतका संघसंस्थाहरुको पदाधिकारीका रुपमा रहेका पाइन्छन् । यस गाविसका २६० जना विभिन्न प्रकारका उपभोक्ता समितिमा, ७५ जना ऋण समुहमा, ७३ जना स्कुल व्यवस्थापन समितिमा, ३९ जना कृषि तथा साना किसान समुहमा तथा अन्य विभिन्न समुहमा थुप्रै मानिसहरु लागेका देखिन्छन् ।

#### ६.१.२ गैर सरकारी संस्था

यस गाविसका विभिन्न क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुमा नेपाल रेडक्रस सोसाइटी, जिवन विकास समाज, फरवार्डले स-साना बचत तथा ऋण परिचालनको कार्य गर्दै आएका छन् भने सि.एम.एन.आयोजनाले मुलत खुल्ला दिशामुक्त क्षेत्रमा कार्य गर्दै आइरहेको छ । बालबालिकाको सर्वाङ्गिण विकासको उद्देश्य लिएर वडा नं १, ९ र २, ३ मा गरी ३ वटा बालकल्बहरु गठन भई संचालन आएका छन् ।

## ७ धर्म, संस्कृति तथा खेलकुद

### ७.१ चाडपर्व, जात्रा, मेला

#### ७.१.१ मुख्य चाडपर्व

यस गाविसमा मिश्रित धर्मलम्बीहरुको बसोवास रहेको छ । यसमा मुख्यगरी हिन्दु, बौद्ध, किराँत, क्रिश्चियन, इस्लाम आदी धर्म मान्नेहरु छन् । यसो हुदां खासगरी दशै, तिहार, छैट, चण्डीपुजा, क्रिस्मस डे, राम नवमी, जस्ता चाडपर्वहरु नै मनाउने गरेका छन् । यसका अलावा चैतेदशै, माघे संघ्रान्ती, साउने सघ्रान्ती, होली, बुद्धजयन्ती, महाशिवरात्री, सोनाम ल्होत्सार, तमो ल्होत्सार, ऋषी पंचमी, कृष्ण जन्माष्टमी आदी चाडपर्वहरु समेत मनाउने गरिन्छ । विशेष जात्रा वा मेला भने यस गाविसमा मनाउने गरेको पाइन्दैन ।

#### ७.१.२ धार्मिक, मठमंदिर

धार्मिक मठ मंदिरहरु प्रायः सबै वडाहरुमा निकै मात्रमा रहेको छ । यहांका बासिन्दा मुख्य रुपमा हिन्दु धर्मालम्बीहरु भएको हुनाले सो संग सम्बन्धि मठमंदिरहरु गाविस भरीमा १३ वटा बनाई आस्थाको रुपमा नियमित पूजाँपाठ गर्दै आएको देखिन्छ । विस्तृत विवरण तलको तालीकामा दिएको छ ।

**तालीका नं ५६ धार्मिक मठमंदिरको विवरण**

| सि.नं | मठमंदिरको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | शर्वेश्वर शिव मंदिर | १, ९ | पूजाँपाठ |
| २ | हिमाली जलेश्वर शिव मंदिर | २ | पूजाँपाठ |
| ३ | रामजानकी मंदिर | ३, ६ | पूजाँपाठ र मेला समेत लाग्ने |
| ४ | दुर्गा मंदिर | ३, ६, ७ | पूजाँपाठ र मेला समेत लाग्ने |
| ५ | अटल बाबा ग्रामथान | १, २ | पूजाँपाठ र मेला समेत लाग्ने |
| ६ | ग्रामथान | ३, ४ | पूजाँपाठ र मेला समेत लाग्ने |
| ७ | काली मंदिर | ८ | नववर्षमा भव्य मेला लाग्ने गरेको |

श्रोतः गाविसको कार्यालय बाहुनी, २०६६

#### ७.१.३ खेलकुद तथा पार्क

खेलकुद क्षेत्रको विकास तथा मनोरञ्जनका लागि राम्रो व्यवस्था नभएतापनि उच्च जनता माध्यमिक विद्यालयमा करीब २ विघा क्षेत्रफलको खेल मैदान रहेको छ । सामान्य खेलकुदका गतिविधि यसै क्षेत्रमा हुदै आइरहेको छ । यसैगरी अर्को सिंहदेवी खेल मैदानले पनि सामान्य रुपमा खेलकुदका कार्यक्रम संचालन गर्न सहयोग पुऱ्याउदै आएको छ ।

## ८ शान्ति सुरक्षा

### ८.१ सुरक्षा निकाय

सुरक्षा मानिसको आम सरोकारको विषय हुनुको साथै दिगो विकासको लागि समेत आधारस्तभको रुपमा रहेको हुन्छ । कुटपिट, झैझगडा, साँध सिमाना मिच्ने जस्ता सामान्य अपराधका

घटनाहरु बाहेक अन्य जटिल प्रकृतिका अपराधका घटनाहरु घटेको छैन । समाजको शान्ति सुरक्षाको प्रबन्धका लागि यस गाविस कार्यालय परिसरमा प्रहरी चौकी बसेको हुदां शान्ति सुरक्षामा सहयोग पुगेको देखिन्छ । यसैगरी शसस्त्र प्रहरी बेसक्याप पनि वडा नं ६ मा स्थापित भई यस क्षेत्रको समग्र सुरक्षा व्यवस्थामा झन सुदृढ गराउदै आइएको छ ।

# ९ वित्तीय विवरण

## ९.१ गा.वि.स.को आय व्यय

गाविसको आयव्यय विश्लेषण मुलत दुई आर्थिक वर्षको नेपाल सरकार र जिल्ला विकास समितिबाट प्राप्त हुने अनुदान तथा अन्य सहयोगको विश्लेषण गरिएको छ । समग्रमा आर्थिक वर्ष ०६४/६५ को अनुपातमा आर्थिक वर्ष ०६६/६७ मा गाविसको कुल आयमा ९९.७ प्रतिशतले बढोत्तरी भएको देखिन्छ । गाविसको आन्तरिक श्रोतमा खासै धेरै प्रगति हुन सकेको देखिन्दैन । विस्तृत विवरण तलको तालीकामा दिईएको छ ।

**तालीका नं ५७ विगत दुई आ.व.को आयव्यय विवरण**

| ४. गांउ विकास कोष (VDF)को अवस्था: | | रकम रु. हजारमा | | बढी वा घटी | बृद्धिदर |
|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६६/६७ | | |
| **४.१** | **गा.वि.स.अनुदान जम्मा (४.१.१+४.१.२+४.१.३)** | १३१४.०० | २७८१.०३ | **१४६७.०** | **१११.६** |
| ४.१.१ | नेपाल सरकारबाट प्राप्त अनुदान | ९८४.०० | २३३१.०३ | **१३४७** | **१३६.९** |
| ४.१.१.२ | पुंजिगत अनुदान | ७८४.०० | १९११.०३ | | |
| ४.१.१.३ | संचालन अनुदान | २००.०० | ४२०.०० | | |
| **४.१.२** | **जि.वि.स.बाट प्राप्त अनुदान (ढुंगागिट्टी, बलुवा बिक्री)** | ३३०.०० | ४५०.०० | | |
| **४.१.३** | **अन्य निकायबाट प्राप्त अनुदान** | | | | |
| **४.२** | **कुल आन्तरिक आय ( ४.२.१+४.२.२+४.२.३+४.२.४+४.२.५)** | ३२६.६२ | ४९४.६८ | **१६८.१** | **५१.५** |
| ४.२.१ | कर राजस्व (४.२.१.१+४.२.१.२+४.२.१.३) | २१०.६९ | २९०.१२ | | |
| ४.२.१.१ | घरजग्गाबाट प्राप्त आय | | | | |
| ४.२.१.२ | मालपोतबाट प्राप्त आय | १५३.३४ | १५५.०३ | | |
| ४.२.१.३ | अन्य | ५७.३५ | १३५.०९ | | |
| ४.२.२ | सेवा शुल्क | | | | |
| ४.२.३ | सेवा दस्तूर (४.२.३.१+४.२.३.२) | ११५.९४ | २०४.५६ | | |
| ४.२.३.१ | सिफारिस | ६७.९७ | ८०.७२ | | |
| ४.२.३.२ | अन्य | ४७.९७ | १२३.८४ | | |
| ४.२.४ | बिक्री | | | | |
| ४.२.५ | आयमूलक कार्यक्रमबाट | | | | |
| **४.३** | **गाविसको कुल आय (४.१+४.२)** | १६४०.६२ | ३२७५.७१ | **१६३५.१** | **९९.७** |
| **५.** | **गाविसको खर्च विवरण** | | | | |
| **५.१** | **अनूदान तर्फको जम्मा खर्च (५.१.१+५.१.२)** | ९८४.०० | २७८१.०३ | **१७९७.०** | **१८२.६** |
| ५.१.१ | प्रशासनिक खर्च | २००.०० | ५१५.९६ | | |
| ५.१.२ | विकास कार्यक्रम | ७८४.०० | २२६५.०८ | | |
| **५.२** | **आन्तरिककोषको कूल खर्च(५.२.१+५.२.२)** | ९६५.४४ | ३४२.१० | **-६२३.३** | **-६४.६** |
| ५.२.१ | प्रशासनिक खर्च | ५८२.४० | ३४२.१० | | |

| **४. गांउ विकास कोष (VDF)को अवस्था:** | | रकम रु. हजारमा | | बढी वा घटी | बृद्धिदर |
|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६६/६७ | | |
| ५.२.२ | विकास कार्यक्रम | ३८३.०४ | | | |
| ५.३ | **अनुदान र आन्तरिक कोषको कुल खर्च (** ५.१+५.२) | १९४९.४४ | ३१२३.१३ | **११७३.७** | ६०.२ |

स्रोत: वार्षिक समिक्षा प्रतिवेदन, जिविस २०६७

माथिको तालीका अनुसार गाविसको आम्दानी खर्चको अवस्था विश्लेषण गर्दा गाविसले संकलन गर्ने आन्तरिक स्रोतमा र नेपाल सरकारको अनुदानमा विगतको तुलनामा बृद्धि भएको छ भने जिविसले उपलब्ध गराउने ढुंगागिट्टी बलुवा बिक्री वाडँफाँडको अनुदान रकम भने सामान्य रुपमा बढेको छ । यसमा नेपाल सरकारको अनुदान १३६.९ प्रतिशतले बढेको छ भने आफ्नो आन्तरिक स्रोत ५१.५ प्रतिशतले मात्र बढेको छ । आम्दानीको अनुपातमा खर्च अनुपात आन्तरिक तथा नेपाल सरकारको अनुदान तर्फ सन्तुलन मिलाएको पाइन्छ । प्रशासनिक खर्च विगतको अनुपातमा बढेको देखिन्छ जसलाई मितव्ययी बनाउदै लैजान आवश्यक छ ।

**रेखाचित्र नं २०**



*प्रश्नावली नं. १* घरधुरी सर्भेक्षण फाराम

# घरपरिवार सर्वेक्षण फाराम २०६६

फारम नं. १

................ गा.वि.स.

घर क्रमसंख्या: [ ][ ][ ][ ] परिवार क्रमसंख्या: [ ][ ][ ][ ]

जिल्ला : .................. वडा नं.: ........ वस्ती/टोलको नाम .................. ...... वस्ती/टोलको कोड [ ]

## १. व्यक्तिगत विवरण

१.१ घरमुलीको नाम थर: ......................................................... जाति [ ] मातृभाषा [ ]

| क्र.सं. | नाम थर | लिंग १. पुरुष २. महिला | उमेर (पुरा भएको बर्ष ) | घर मूली संगको नाता | जाति | मातृभाषा | धर्म | राष्ट्रियता नेपाली १ विदेशी २ | नागरिकता लिएको भए (नेपालीलाई मात्र) | | शिक्षाको हालको स्थिती | गा.वि.स. भित्र वा बाहिर | शिक्षा (उत्तिर्ण गरेको तह) | जन्म मिति | जन्म दर्ता छ/छैन (१६ वर्षमूनी मात्र) | जन्म दर्ता नं. / मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | नम्बर | जिल्ला | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १४ | १३ | १५ | १६ | १७ |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | |

| क्र.सं. | वैवाहिक अवस्था | विवाह हुदाको उमेर | विवाह दर्ता छ/ छैन | विवाह दर्ता नं. / मिति | सम्वन्ध बिच्छेद भए दर्ता छ/ छैन | सम्वन्ध विच्छेद दर्ता नं. / मिति | बैदेशिक अवस्था | | | १६ वर्षमुनिका बालबालिका रोजगारको लागी अन्य स्थानमा छ/छैन | रोजगार अवधि वर्षमा | बालश्रम को प्रकार | पेशा/ व्यवसाय | परिवारमा कोही दिर्घ रोग भएको व्यक्ति छ/छैन | छ भने कोड लेख्ने | तपाईको परिवार माअपांग भए |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | हाल विदेश गएको छ/छैन् | जान को कारण | कून देश | | | | | | | |
| १ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ | ३३ |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | | | | | |

## २. पारिवारिक विवरण

**२.१ हालको स्थानमा कति वर्षदेखी बसोवास गरिरहनु भएको छ?** [ ] (२० वर्ष भन्दा माथि पुर्खौली हुन्छ) → २.४

**२.२ बसाई सरी आउनु भएको भए** : ***क.*** जिल्ला ........... गा.वि.स./न.पा.को ........ ***ख.*** दर्ता नं./मिति .............

**२.३ बसाई सर्नुको कारण:** १.द्वन्द २.आर्थिक उन्नती ३.सामाजिक ४. व्यापार ५.नोकरी ६.अध्ययन ७.अन्य

**२.४ सुकुम्वासी** हो [१] होइन [२]

**२.५ घरको किसिम**

| | | | | |
|---|---|---|---|---|
| १. कच्ची (फुसको) | १. भुई घर | २. एक तला | ३. दुई तला | ४. दुई तलाभन्दा माथी |
| २. अर्धपक्की वा काठको | १. भुई घर | २. एक तला | ३. दुई तला | ४. दुई तलाभन्दा माथी |
| ३. पक्की | १. भुई घर | २. एक तला | ३. दुई तला | ४. दुई तलाभन्दा माथी |
| ४. अन्य | १. भुई घर | २. एक तला | ३. दुई तला | ४. दुई तलाभन्दा माथी |

**२.६ घरको स्वामित्व** १. निजी २. भाडामा ३. संस्थागत ४. अन्य

**२.७ परिवारको स्वामित्व भएको जग्गा** छ [१] छैन [२]

२.८ यदि छ भने

| जग्गाको किसिम | क्षेत्रफल | | | स्वामित्व | | | जग्गा रहेको ठेगाना | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **विघा** | **कठ्ठा** | **धूर** | **निजी** | **ऐलानी** | **गूठी** | **जिल्ला** | **न.पा.** | **गा.वि.स.** |
| घडेरी | | | | | | | | | |
| सिंचित खेती योग्य | | | | | | | | | |
| असिंचित खेती | | | | | | | | | |
| अन्य जमिन | | | | | | | | | |

२.९ अरुको जग्गा आफैले कमाएको भए जमिनको क्षेत्रफल [ ] [ ] [ ]

२.१० आफ्नो जग्गा अरुलाई लिईएको जमिनको क्षेत्रफल [ ] [ ] [ ]

२.११ तपाईको परिवारमा पाल्तू चौपाया तथा पंक्षी छ [१] छैन [२] → २.१३

२.१२ यदि छ भने

| गाई/गोरु | | भैंसी/रांगा | | खसी/बाखा | | सुगुर/बंगुर | |
|---|---|---|---|---|---|---|---|
| हांस/कुखुरा | | परेवा | | अन्य | | | |

२.१३ तपाईको परिवार कृषक  हो [१]  होईन [२] → २.१५

२.१४ कृषक भए कति महिना सम्म खान पुग्छ ?

१. उब्जनी नभएको  २. तिन महिना भन्दासम्म पुग्ने  ३. छ महिनासम्म पुग्ने

४. ९ महिनासम्म पुग्ने  ५. बर्ष भरि पुग्ने  ६. बढी भई बिक्री गर्ने

२.१५ तपाईको परिवारको पिउने पानीको मुख्य श्रोत कुन हो ?

१. धारा [ ]  २. इनार/कुवा [ ]  ३. ट्युबेल [ ]  ४. ढुङ्गे/मुल धारा  ५. अन्य

पानी ल्याउन लाग्ने समय
१. घरैमा
२. १५ मिनेट सम्म
३. १५ देखी ३० मिनेटसम्म
४. ३० भन्दा माथी

२.१६ तपाईको परिवारमा बत्ति बाल्न अक्सर के प्रयोग गर्नुहुन्छ ?

१. विजुली  २. मट्टीतेल  ३. गोबरग्यास  ४. सौर्य उर्जा  ५. अन्य

२.१७ तपाईको परिवारमा खाना पकाउन अक्सर कुन इन्धनको प्रयोग गर्नुहुन्छ ?

१. ग्यास एल. पि.  २. मट्टीतेल  ३. दाउरा/काठ  ४. विजुली  ५. गोबरग्यास

६. गुईठा  ७. अन्य

२.१८ तपाईको परिवारमा सौचालयको कस्तो व्यवस्था छ ?

१. विकसित चर्पी  २. साधारण चर्पी  ३. शौचालय नभएको  ४. सार्वजनिक शौचालय

२.१९ तपाईको परिवारमा उपयोग गरेको अन्य सुविधाहरु के के छ ?

१. रेडियो  २. टेलिभिजन  ३. टेलिफोन/मोवाईल  ४. केवल नेटवर्क  ५. साईकल  ६. मोटरसाईकाल

७. मोटर  ८. रिफ्रिजरेटर  ९. कम्प्यूटर  १०. कुनै पनि नभएको  ११. अन्य

२.२० तपाईको परिवारले मनाई आएका मूख्य चाडपर्व हरु के के छन् ?

१. ......................  २. ......................  ३. ..............................

२.२१ ऋणको आवश्यक परेमा कहांवाट लिन् हुन्छ ?

१. बैंक २. सहकारी संस्था ३. साहु महाजन  ४. साथी/नातेदार  ५. टोल विकास समुह ६. अन्य ७. आवश्यक नभएको

## ३. स्वास्थ्य सम्वन्धी पारिवारिक विवरण

३.१ परिवारको कूनै सदस्य विरामी हूंदा सामान्यतया कहां, कसरी उपचार गरीन्छ ।

१. अस्पताल वा स्वास्थ्य चौकी  २. नर्सिङ्ग होम वा प्राइभेट स्वास्थ्य संस्था

३. स्थानीय जडीबुटी/धामी/झाकी/लामा  ४. सोझै औषधी पसलबाट  ५. अन्य

३.२ तपाईको परिवारमा एच.आइ.भि./एड्स को वारेमा जानकारी  छ [१]  छैन [२]

३.३ तपाईको परिवारमा बिगत १ बर्षमा कूनै सदस्यको मृत्यु भएको छ [१] छैन [२] → ४

३.४ यदि छ भने

| क्र. सं. | लिङ्ग | उमेर | मृत्यूको कारण | दर्ता गरेको छ/छैन् | दर्ता नं. | दर्ता मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**मृत्युको कारण**

१. झाडावान्ता २. आउं ३. निमोनिया ४. क्षयरोग
५. मलेरिया ६. एड्स ७. जण्डिस ८. क्यान्सर
९. मुटु रोग १०.सर्पकोटोकाई ११ द्वन्द १२. कालगती
१३.प्रसूती अवश्था१४. कूपोषण १५. आत्माहत्या
१६. अन्य

## ४. विविध विवरण

४.१ सार्वजानिक स्कूल पूग्न कति समय लाग्छ ? (पैदल यात्रामा) १) प्रा.वि. २) नि.मा.वि. ३) मा.वि. ४) उच्च मा.वि.
१. १५ मिनेट भन्दाकम २. ३० मिनेट भन्दाकम ३. ६० मिनेट भन्दाकम ४. ६० मिनेट भन्दाबढी

४.२ स्वास्थ्य चौकी जान कति समय लाग्छ (पैदल यात्रामा)
१. १५ मिनेट भन्दाकम २. ३० मिनेट भन्दाकम ३. ६० मिनेट भन्दाकम ४. ६० मिनेट भन्दाबढी

४.३ स्थानिय हूलाक कार्यालय सम्म पूग्न कति समय लाग्छ (पैदल यात्रामा)
१. १५ मिनेट भन्दाकम २. ३० मिनेट भन्दाकम ३. ६० मिनेट भन्दाकम ४. ६० मिनेट भन्दाबढी

४.४ नजिकको स्कूल, स्वास्थ्य चौकी वा सार्वजानिक स्थानवाट घर सम्म आईपूग्न कस्तो प्रकारको सडक छ ?
१. कालो पत्रे २. ग्राभेल ३. माटे ४. कच्ची ५. सडक नभएको ६. अन्य

४.५ बाढी तथा नदी कटान प्रकोपको खतरा छ [१] छैन [२]

४.१० परिवारका सदस्यहरु कुनै स्थानीय संघसंस्थाको कृयाकलापमा सलग्न भएका छन ? छ [१] छैन [२]
४.१० छन् भने कति जना .....................
४.११ छन् भने के के मा (संस्थाको नाम उल्लेख गर्नुहोस्) ? १. ................. २. .....................

**समाप्त**

तथ्यांक संकलन कर्ताको नाम ..................................... सहि ......................... मिति ..................

# अनुसूचि २ द्बितीय श्रोतका तथ्यांकहरु

## ------------------------ गा.वि.स.

**१. तपाइको गाविसको नामको ऐतिहासिक पृष्टभुमी (कम्तिमा एक प्याराग्राफमा लेख्नुहोस) के छ ।**

...............................

## २. गा.वि.स.को आय व्यय विवरण

| ४. गांउ विकास कोष (VDF)को अवस्था: | | रकम रु. हजारमा | | बढी वा घटी | बृद्धिदर |
|---|---|---|---|---|---|
| | | ०६५/६६ | ०६६/६७ | | |
| ४.१ | गा.वि.स.अनुदान जम्मा (४.१.१+४.१.२+४.१.३) | | | | |
| **४.१.१** | **नेपाल सरकारबाट प्राप्त अनुदान** | | | | |
| ४.१.१.२ | पुंजिगत अनुदान | | | | |
| ४.१.१.३ | संचालन अनुदान | | | | |
| **४.१.२** | **जि.वि.स.बाट प्राप्त अनुदान (ढुंगागिट्टी, बलुवा बिक्री)** | | | | |
| ४.१.३ | अन्य निकायबाट प्राप्त अनुदान | | | | |
| **४.२** | **कुल आन्तरिक आय ( ४.२.१+४.२.२+४.२.३+४.२.४+४.२.५)** | | | | |
| ४.२.१ | कर राजस्व (४.२.१.१+४.२.१.२+४.२.१.३) | | | | |
| ४.२.१.१ | घरजग्गाबाट प्राप्त आय | | | | |
| ४.२.१.२ | मालपोतबाट प्राप्त आय | | | | |
| ४.२.१.३ | अन्य | | | | |
| ४.२.२ | सेवा शुल्क | | | | |
| ४.२.३ | सेवा दस्तूर (४.२.३.१+४.२.३.२) | | | | |
| ४.२.३.१ | सिफारिस | | | | |
| ४.२.३.२ | अन्य | | | | |
| ४.२.४ | बिक्री | | | | |
| ४.२.५ | आयमूलक कार्यक्रमबाट | | | | |
| **४.३** | **गाविसको कुल आय (४.१+४.२)** | | | | |
| **५.** | **गाविसको खर्च विवरण** | | | | |
| **५.१** | **अनूदान तर्फको जम्मा खर्च (५.१.१+५.१.२)** | | | | |
| ५.१.१ | प्रशासनिक खर्च | | | | |
| ५.१.२ | विकास कार्यक्रम | | | | |
| **५.२** | **आन्तरिक कोषको जम्मा खर्च (५.२.१+५.२.२)** | | | | |
| ५.२.१ | प्रशासनिक खर्च | | | | |
| ५.२.२ | विकास कार्यक्रम | | | | |
| **५.३** | **अनुदान र आन्तरिक कोषको कुल खर्च ( ५.१+५.२)** | | | | |

**२. धार्मिक, ऐतिहासिक  मठ मंदिर सम्बन्धी विवरण**

| सि.नं | स्थलको नाम | वडा नं. | क्षेत्रफल (हेक्टर, विघा, रोपनी) | महत्व | वर्षमा आगन्तुक संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**३. नदी, ताल र सिमसार क्षेत्रहरुको विवरण**

| नाम | समेटेका वडाहरु | गा.वि.स.भित्र लम्वाई कि.मि. |
|---|---|---|
| नदीनालाहरु | | |
| | | |
| | | |
| | | |
| | | |
| ताल वा पोखरी | समेटेका वडाहरु | क्षेत्रफल (हे.) |
| | | |
| | | |
| | | |
| सिमसार क्षेत्र | समेटेका वडाहरु | क्षेत्रफल (हे.) |
| | | |
| | | |
| | | |
| सिंचाईका स्रोतहरु | समेटेका वडाहरु | क्षेत्रफल (हे.) |
| | | |
| | | |
| | | |
| | | |
| भू उपयोग अवस्था | | क्षेत्रफल (हे.) |
| कुल कृषियोग्य जमीन हे. | | |
| सिचाई पुगेको जमीन हे. | | |
| बाझो पर्ती बगर क्षेत्र हे. | | |
| जम्मा | | |

**४. निकासीजन्य स्रोतहरु**

| **१) प्राकृतिक स्रोत साधन** | उत्पादन मे.ट. | निकासी मे.ट. | मुख्य निकासी हुने स्थानहरु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| क) खानी, ढुंगा, गिटी, वालुवा | | | |
| ख) वन पैदावार | | | |
| **२) कृषिजन्य वस्तु** | | | |
| क) **नगदेवाली (तरकारी, फलफुल समेत)** | | | |
| ख) **खाद्यान्न वाली** | | | |
| **४)उद्योगजन्य सामग्रीहरु** | | | |
| क) घरेलु उद्योग | | | |
| ख) ठूला उद्योग | | | |

**५. खेलकुद, मनोरञ्जन स्थानको विवरण**

| सि.नं. | स्थानको नाम | वडा नं. | क्षेत्रफल (हेक्टर, विघा, रोपनी) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**६. गा.वि.स.को वजार सम्बन्धी विवरण**

| वडा नं. | बजार लाग्ने स्थानको नाम | बजार लाग्ने दिन | मुख्य खरीद बिक्री हुने वस्तु | अनुमानित बार्षिक करोवार रु. हजारमा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**७) सार्वजानिक पिउने पानी/धारा**

| सि.नं. | सार्वजानिक पिउने पानी/धाराको नाम | वडा नं. | कसले निर्माण गरेको | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**८) वन सम्पदा (सामुदायिक सरकारी, नीजि, कबुलियती, धार्मिक )सम्बन्धि विवरणः**

| सि.नं. | सामुदायिक संस्थाको नाम | वडा नं. | क्षेत्रफल हे. | आबद्ध घरधुरी | वनको प्रकार | वनका मुख्य प्रजातीहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

### ९. सार्वजनिक संचारका साधनको विवरण

| सि.नं. | विवरण | संख्या | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | पि.सि.ओ. | | | |
| २ | साइवर क्याफे | | | |
| ३ | टेलिसेन्टर | | | |
| ४ | हुलाक सेवा | | | |

### १०. गाविस भित्रको सडक सुविधा सम्बन्धी विवरण

| सि. नं. | वस्तीको नाम | (कि.मी.) | सुविधा पुगेको वडाहरु |
|---|---|---|---|
| १ | पक्की सडक | | |
| २ | ग्राभेल सडक | | |
| ३ | कच्ची सडक | | |

### ११. पुल कर्ल्भट सम्बन्धी विवरण

| नाम | जम्मा संख्या | वडा नं. | कुल लम्वाई (मीटर) |
|---|---|---|---|
| क) काठ वा वाँसको(कच्ची) पुल संख्या | | | |
| ख) पक्की पुल सख्या | | | |
| ग) पक्की कर्ल्भट सख्या | | | |
| घ) झोलुङ्गे पुल सख्या | | | |
| जम्मा | | | |

### १२) गाविसमा कार्यरत गैससहरुको विवरण

| सि.नं. | गैसस संस्थाको नाम | ठेगाना | समेटिएको घरधुरी | कार्य क्षेत्रहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### १३. सहकारी तथा वित्तिय संस्था सम्बन्धी विवरण

| सि.नं. | संस्थाको नाम | कार्यालय रहेको वडा | संस्थाको लगानीका क्षेत्रहरु | आवद्ध घरधुरी | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## १४. सरकारी तथा निजी शैक्षिक संस्थाको विवरण (गत वर्षका)

| सि.न. | विद्यालय/क्याम्पसको नाम | तह | स्थापना वि.सं. | जम्मा विद्यार्थी | | जम्मा | वडा नं. | विद्यालयको प्रकार ( सरकारी वा निजी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| जम्मा | | | | | | | | |

# -------गा.वि.स.स्वास्थ्य चौकी

## १५. गत आ.व.को मुख्य स्वास्थ्य समस्याहरु

| क्र.सं. | रोगको नाम | विरामी संख्या | उपचार भएको संख्या | फलोअप गरिएको संख्या | रेफर गरिएको संख्या | मृत्यु भएको संख्या |
|---|---|---|---|---|---|---|
| १ | निमोनिया | | | | | |
| २ | झाडा पखाला | | | | | |
| ३ | मलेरिया | | | | | |
| ४ | काला जार | | | | | |
| ५ | क्षय रोग | | | | | |
| ६ | कुष्ठ रोग | | | | | |
| जम्मा | | | | | | |

**१६. राजनीीतिक दलको अवस्था सम्बन्धी विवरण**

*पछिल्लो २०५४ सालमा भएको स्थानीय निर्वाचनमा गा.वि.स.मा निर्वाचित संख्या*

| राजनीतिक दलको नाम | दलित | | | आदिवासी जनजाती | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | जम्मा |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |